

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर
ekantipur.com



वर्ष ३४ अंक १७३ काठमाडौं | २५ साउन २०८३ सोमबार श्रावण कृष्णपक्ष द्वादशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, August 10, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# सर्वोच्चमा कानुन व्यवसायीलाई 'बार'

- सर्वोच्चको न्यायाधीशमा कानुन व्यवसायीलाई सिफारिस गर्ने अभ्यास तोड्ने न्याय परिषद्को तयारी
- प्रधानन्यायाधीशसहित बहालवाला सबै न्यायाधीश कानुन व्यवसायीबाट सोझै नियुक्ति पाएका

**दुर्गा दुलाल** (काठमाडौं)

न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीशमा कानुन व्यवसायीलाई सिफारिस नगर्ने तयारी गरेको छ । नेपाल बार एसोसिएसनको सिफारिसमा वा कानुन व्यवसायीलाई सिधै न्यायाधीश बनाउने परम्परा तोड्ने तयारी परिषद्ले गरेको हो ।

परिषद्का एक सदस्यले कम्तीमा यस पटक 'करिअर जज' बाट मात्र सर्वोच्चको न्यायाधीश बनाउने अभ्यास सुरु गर्ने तयारी भइरहेको जानकारी दिए । न्यायाधीश नियुक्तिमा सधैं प्रश्न उठ्ने गरेकाले राजनीतिक गन्धको आरोप नआओस् भन्नका लागि पनि यस पटक फरक शैलीमा सिफारिस गरिने उनले बताए ।

वालेन्द्र शाह प्रधानमन्त्रीका रूपमा आएपछि संवैधानिक परिषद्ले सर्वोच्चका वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने अभ्यास तोड्दै चौथो वरीयताका मनोजकुमार शर्मालाई रोजेको थियो । संवैधानिक व्यवस्थाअनुसार प्रधानन्यायाधीश शर्मा नै न्याय परिषद् अध्यक्ष छन् । यसअघि कानुन व्यवसायीलाई सिधै वा उच्च अदालत हुँदै आएकालाई सर्वोच्चको न्यायाधीश नियुक्ति गर्ने अभ्यास थियो ।

विगतमा कानुन व्यवसायीबाट नियुक्त केही न्यायाधीशको न्यायसम्पादनमा विवाद हुनुका साथै हाल सर्वोच्च अदालतमा 'करिअर जज' (जिल्ला, उच्च अदालत हुँदै आएका न्यायाधीश) कोही पनि नभएकाले पनि यसपालि कानुन व्यवसायीलाई सिधै न्यायाधीशमा सिफारिस नगर्ने तयारी भइरहेको परिषद्का अर्का सदस्यले बताए । सर्वोच्च अदालत अभिलेख अदालत र न्यायसम्पादनको अन्तिम निकाय भएकाले परिपक्व र अनुभवले खारिएको व्यक्तिलाई ल्याउने अभ्यास यस पटक थालिने उनको भनाइ छ ।



> न्यायाधीश सिफारिसको तयारी छ, तर कसलाई ल्याउने-नल्याउने भन्ने छलफल भएको छैन, संवैधानिक व्यवस्था, अनुभव र कार्यकुशलतालाई हेरेर सिफारिस गरिनेछ
>
> **मनोजकुमार शर्मा**
> प्रधानन्यायाधीश एवं न्याय परिषद् अध्यक्ष



> हामीले करिअर जज र नेपाल बारबाट निष्ठावान् व्यक्तिलाई न्यायाधीशमा लैजानुपर्छ भनेका छौं, यसो नगरी एकतर्फी र जबर्जस्ती गरिए बारले पोजिसन लिन्छ
>
> **विजयकुमार मिश्र**
> अध्यक्ष, नेपाल बार एसोसिएसन

सर्वोच्चको न्यायाधीश सिफारिस गर्ने निकाय परिषद्मा वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, कानुनमन्त्री सोविता गौतमका साथै महेशकुमार नेपाल (प्रधानमन्त्रीको सिफारिसमा नियुक्त) र दामोदर खड्का (नेपाल बार एसोसिएसनको सिफारिसमा नियुक्त) सदस्य छन् । न्याय परिषद्को बैठक अध्यक्षको हैसियतमा प्रधानन्यायाधीशले बोलाउने अभ्यास छ ।

प्रधानन्यायाधीश शर्माले न्यायाधीश सिफारिसको तयारी भइरहेको तर कसलाई ल्याउने वा नल्याउने भन्नेबारे केही छलफल नभएको दाबी गरे । परिषद्ले संवैधानिक व्यवस्था तथा अनुभव र कार्यकुशलतासमेतलाई हेरेर न्यायाधीश सिफारिस गरिने उनले बताए ।

नेपाल बार एसोसिएसनका अध्यक्ष विजयकुमार मिश्रले न्यायाधीश सिफारिसमा कानुन व्यवसायीसमेत मिलाएर लैजानुपर्ने बताए । 'हामीले न्याय परिषद् अध्यक्ष र सदस्यसँग करिअर जज र बारबाट निष्ठावान् व्यक्तिलाई न्यायाधीशमा लैजान भनेका छौं,' उनले भने, 'बार आशावादी छ, त्यस्तै हुन्छ । तर यसो नगरी एकतर्फी र जबर्जस्ती गरिए बारले पोजिसन लिन्छ ।'

सर्वोच्च अदालतको विगतको फैसला तथा पूर्वप्रधानन्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको 'न्यायालयको विकृति, विसंगतिविरुद्धको प्रतिवेदन, २०७८' मा न्याय परिषद्ले कानुनले तोकेको मापदण्डका आधारमा भन्दा पनि मनोगत आधारमा न्यायाधीश सिफारिस गर्ने गरेकाले नियुक्ति प्रायः विवादित बन्ने गरेको उल्लेख थियो । बाँकी पृष्ठ ९

# एक महिनामै जापानिज इन्सेफ्लाइटिसबाट ९ को मृत्यु

कोशी प्रदेशमा ६, मधेशमा २ र लुम्बिनीमा १ को जेई संक्रमणबाट मृत्यु, अन्य ३७ संक्रमित अस्पताल भर्ना, संक्रमितमध्ये अधिकांश खोप नलगाउनेहरू

**अर्जुन पौडेल** (काठमाडौं)

जापानिज इन्सेफ्लाइटिस (जेई) भाइरसको संक्रमणबाट एक महिनामा ९ जनाको मृत्यु भएको छ । अन्य ३७ जना संक्रमित अस्पतालमा भर्ना भएका छन् । नेपालमा कीटजन्य रोगहरूमध्ये जेई सबैभन्दा धेरै मृत्यु गराउने रोगमा पर्छ । केही वर्षयता जेईले प्रकोपकै रूप लिन थालेको छ ।

जेई एसिया तथा पश्चिमी प्रशान्त क्षेत्रका केही भागमा स्थानीय रूपमा पाइने भाइरल मस्तिष्क संक्रमण हो । जेई भाइरस संक्रमित क्युलेक्स जातका लामखुट्टेको टोकाइबाट मानिसमा सर्छ । यो लामखुट्टेको टोकाइबाट सर्ने फ्लाभिभाइरस हो । डेंगी, जिका, पहेँलो ज्वरो र वेस्ट नाइल भाइरस पनि यही समूहमा पर्छन् । सुँगुर र हाँस यो भाइरसको मुख्य स्रोत मानिन्छ । सुँगुर पाल्ने व्यक्ति तथा धानखेत आसपास बसोबास गर्नेहरू संक्रमणको जोखिममा हुन्छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार संक्रमणका कारण गम्भीर बिरामीमध्ये एकतिहाइको मृत्यु हुन्छ भने बाँच्नेहरूमध्ये करिब आधामा गम्भीर अपांगता हुन सक्छ । पछिल्ला केही सातामै जेई भाइरसको संक्रमणबाट कोशी प्रदेशमा ६, मधेश प्रदेशमा दुई र लुम्बिनी प्रदेशमा एक जनाको गरी ९ को मृत्यु भएको छ । बाँकी पृष्ठ ९



> जेई संक्रमणबाट हुने मृत्यु, दीर्घकालीन अपांगता र संक्रमण रोक्न खोप नै सुरक्षित र प्रमाणित उपाय हो, तर स्रोत अभावका कारण एकै पटक सम्पूर्ण जनसंख्यालाई खोप लगाउन सक्ने अवस्था छैन
>
> **डा. अभियान गौतम**
> प्रमुख, परिवार कल्याण महाशाखा
> स्वास्थ्य सेवा विभाग

NAIMA NEPAL mobility Expo' 2026
Nepal's Largest Auto Expo
55+ BRANDS
40+ LAUNCHES
AUGUST 11TH - 16TH, 2026
SHRAWAN 26TH - 31ST, 2083
BHRIKUTIMANDAP, KATHMANDU
FREE PARKING
FREE LEARNING SESSIONS
TICKETS ARE LIVE ON
khalti by IME
SCAN QR TO BUY TICKETS

# छोराहरू अमेरिकाको जेलमा

# करोडौं ऋणले थिचिए परिवार

करोडौं रकम अन्धाधुन्ध लगानी गरी अमेरिका हिँडेकामध्ये कत्ति बाटैमा हराएका छन्, कत्ति मरेका छन्, कत्ति अमेरिका पुगेर पनि वर्षौंदेखि जेलमै छन्, कत्तिचाहिँ वर्षौंको जेल बसाइपछि रित्तो हात घर फिरेका छन् । जेलमा परेकाहरूका आमाबुबा आफ्नो र छोराको वास्तविक नाम बताउन चाहन्नन् । परिवार भन्छ, 'यता सबै बताए उता छोरोलाई झन् समस्या पर्छ रे ।'



अमेरिकासँग जोडिएका अनेकन् सुखदु:खका कथा बोकेको रुकुम पूर्वको सिस्ने–३, पोखरा गाउँ । तस्बिर : महेश केसी/कान्तिपुर

महेश केसी (रुकुम पूर्व)

बाहिर झमझम परेको बर्खे झरीले वातावरण शीतल छ, केही उदास पनि । कच्ची घरको छानाबाट तप्किएको छ पानीका थोपा । भान्साकोठाबाट धूवाँको सानो मुस्लो आकाशतर्फ उडिरहेको छ । भित्र न्यानो अँगेनाछेउ बसिरहेका छन्- एक अधबैंसे दम्पती ।

'नमस्कार, अनि सन्चो-बिसन्चो के छ ?' हाम्रो सामान्य कुशलमंगलबाट सुरु भएको कुराकानी बिस्तारै उनीहरूको जीवनका उकाली-ओरालीतिर मोडिन्छ ।

अँगेनामा दाउराको अगुल्टो ठोस्दै, आगोको झिल्कासँगै सुस्तरी कुरा खोल्न थाल्छन् श्रीमान् । कुरा गर्दागर्दै घरीघरी उनी अँगेनाको आगोतिर हेर्छन्, घरी छेउमै बसेकी श्रीमतीतिर । केहीबेर मौनता छाउँछ । उनको त्यो मौनतामा जीवनका अनेकौं संघर्ष र कथा लिपिबद्ध छन् ।

बाहिर झरीको निरन्तर आवाज र भित्र अँगेनाको मधुरो प्रकाशबीच उनी हाम्रा जिज्ञासा र प्रश्न सुस्तरी मेट्दै छन् । धूवाँले अलि-अलि आँखा रसाए पनि उनीहरूको अनुहारमा आत्मीयता र व्यवहारमा आतिथ्य छ ।

- तपाईंको छोरा खोइ ?
- अमेरिका ।
- अमेरिका ?
- हजुर, अमेरिकाको जेलमा ।
- लौ जेलमा चाहिँ किन नि ?
- दशा लागेर हजुर । करोड रुपैयाँ खर्च भयो, तर छोरा त उता जेलमा पो पर्‍यो !

रुकुम पूर्वको सिस्ने गाउँपालिका-३, पोखराका सविन (परिवर्तित नाम), विगत १९ महिनायता अमेरिकाको एउटा जेलमा फसेका छन् । उनैका बा-आमासँगको सुरुवाती संवादको अंश हो यो ।

छोरा र आफ्नो वास्तविक नाम उनीहरू बताउन चाहन्नन् । कारण उनी भन्छन्, 'यता सबै बताए उता छोरोलाई झन् समस्या पर्छ रे ।' त्यसैले हामी सिधै समस्यामा प्रवेश गर्‍यौं । र, अघिको कुराकानीलाई निरन्तरता दियौं । उनीहरूले हामीसँग आफ्ना दु:खका कथा खोल्दै गए । हामीले जिज्ञासा राखिरह्यौं ।

●●●

'कमाउन' भनी घरबाट अमेरिकातर्फ जाँदा सविन भर्खरै १८ वर्ष लागेका थिए । दलालले 'नाबालकलाई एक्लै पठाउन मिल्दैन, दुबईसम्म सँगै जानुपर्छ' भनेपछि काठमाडौंबाट 'भिजिट भिसा' मा छोरासँगै दुबई पुगेर, दलाललाई छोरा जिम्मा लगाएर आफू नेपाल फिरेको सविनका बुबा बताउँछन् । 'उसलाई मैले दुबई छोडेर आएपछि १४ महिनासम्म त्यहीं राख्यो अनि हामीले यताबाट दलाललाई चाप पारेपछि मात्रै प्रक्रिया अघि बढायो । त्यसपछि ब्राजिलदेखि विभिन्न देश हुँदै थप चार महिना यात्रापछि २०८१ पुस २२ गते ऊ अमेरिका पुगेको खबर आयो,' उनले सुनाए । बुबाका अनुसार, उता पुगेपछि छोराले भनेको थियो, 'बाबा म अमेरिका पुगें, यहाँको प्रहरीले पक्रिएको छु । जेलमा राख्छ होला । पिर नगर्नु म आफैं चाँडै सम्पर्कमा आउनेछु ।' त्यसको झन्डै ३ महिनापछि छोरा सम्पर्कमा आए र भने, 'जेलमा छु ।'

मानव तस्करको प्रलोभनमा, राम्रो कमाइको सपना देखेर, ज्यानै जोखिममा राखेर अमेरिका पुग्ने युवाको संख्या बढ्दो छ । यही जोखिमपूर्ण र अवैध यात्राको शृंखलाका एक पात्र हुन्- सविन ।

दलालको चंगुलबाट फुत्किएर अमेरिका पुगेका सविन त्यहाँ पुग्नेबित्तिकै पक्राउ परी स्थानीय जेल परेका छन् । सुरुमा छोरो सुरक्षित अमेरिका पुगेर प्रहरी नियन्त्रणमा मात्रै रहेको खबर पाउँदा उनका आमा-बुबामा आशाको सञ्चार भएको थियो । अमेरिका टेकेको खुसीले भरिएको त्यो परिवारको आनन्द भने धेरै समय टिक्न सकेन ।

छोरो जेल परेपछि भोग्नुपरेको कानुनी जटिलताले अहिले परिवारलाई ठूलो चिन्ता र शोकमा धकेलिदिएको छ । दलालले देखाएको आकर्षक सपना र त्यसपछाडि लुकेको भयावह यथार्थले कसरी एउटा सिंगो परिवारलाई पीडामा पुर्‍याउँछ ? सविनको प्रतिनिधि घटनाले त्यो कथा-वाचन गर्छ ।

●●●

अमेरिका जानुअघि भर्खरै कक्षा १२ उत्तीर्ण गरेका सविनको सर्टिफिकेट नआउँदै दुबईको भिसा आयो । आकर्षक रोजगारको सपना र पारिवारिक अभाव पूर्ति गर्ने आशामा घर छाडेका छोरा यतिबेला अमेरिकाको जेलमा छ, उता जान लागेको ऋणको बोझले परिवार थलिएको छ । अँगेनाछेउ खाना पकाइरहेकी सविनकी आमा एकसरो बोल्छिन्, 'हामीले त छोरालाई पैसा तिरेर जेल पठाएजस्तो भो । त्यो पनि नभेट्ने, नदेख्ने ठाउँमा । पढाइ गरिराथ्यो, अभाव भए पनि दबाब थेन । बेकारमा अमेरिकाको चक्करमा लागेर...एकातिर छोराको पिर, अर्कोतिर साहुको किचकिच ।' अमेरिका पुर्‍याउने भनी जम्माजम्मी ८५ लाख त दलालले मात्रै लिएको सविनका बुबा बताउँछन् । अनि सुरुमा छोरा लिएर दुबईसम्म जान ५ लाख र अरू खर्चपर्च जोड्दा ऋण करिब १ करोड ३५ लाख पुगेको छ ।

अमेरिका पुगेको ३ महिनापछि जेल परेको खबर पठाएको छोरासँग सुरुमा महिना-महिना बिराएर फोनमा सम्पर्क हुन्थ्यो । बितेको ६ महिनायता भने भिडियोकलमार्फतै कुरा हुने गरेको परिवारले बताएको छ । 'सधैंको सोमबार फोन गर्छ । यता ठिकै छ, म चाँडै निस्किन्छु भन्छ । तर, त्यो चाँडै भन्या कहिले हो पत्तो छैन ।' आमा भन्छिन्, 'अब अन्तिमपल्ट छोरालाई अदालतले बोलाउँछ र अमेरिकामै राख्ने कि फिर्ता गर्ने भनेर थाहा हुन्छ भनेको पनि ६ मैना भैगो, कैल निस्किने हो, क्यारी निस्किने हो थाहा छैन ।'

●●●

'माओवादी युद्धको असरले यहाँ (स्वदेश) बस्न सकिएन' भन्ने केस (घटना) बनाएर छोराले अमेरिकामा जेलबाट निस्केर त्यहीं काम गर्न पाउनुपर्ने माग गरिरहेको सविनका बुबाको भनाइ छ । 'यो दलाल नहुने र पैसाबिना कामै नहुने त कहीं पनि रैनछ । उता पनि एक जना हाम्रैतिरका दलाल भेटिएका छन् । उनीमार्फतै छोराको वकिल राख्नेदेखि जेलमा पैसा-पानी जे आवश्यक पर्छ, यताबाट डलरमा हिसाब गरेर पठाउने काम भइरहेको छ,' उनले भने, 'वकिलको तत्कालको खर्च भनेर ऊ अमेरिका पुगेको ४ महिनापछि १० लाख यताबाट पठाइदिएका हौं । त्यसबाहेक महिना-महिनामा ४०-४५ डलर छोराका लागि खर्च यतैबाट पठाउनुपर्छ ।'

> पैसा सापटी दिएकाहरू आउँछन्, पैसा माग्छन् तर, हामीसँग उनीहरूलाई दिने पैसा त छैन नै, अब त जवाफ पनि छैन, यो कस्तो संकट आइलाग्यो, यता हामीलाई साहुले घेरेका छन्, उता छोरालाई अमेरिकाको पुलिसले
>
> ● अमेरिकामा जेलमा परेका सविन (नाम परिवर्तन) का बुबा

> अवैध बाटो अर्थात् 'डंकी रुट' हुँदै नेपालदेखि अमेरिका पुर्‍याइदिने भनी एक दशकअघिदेखि नै रुकुमका गाउँ-टोल छिरेका मानव तस्कर (दलाल) ले यहाँका युवालाई अनेकन लोभ देखाए, सुरुमा प्रतिव्यक्ति ८-१० लाख रुपैयाँमा लैजाने गरेका उनीहरूले अमेरिकासम्म प्रतिव्यक्ति झन्डै एक करोड असुल्ने गरेका छन्

छोरालाई जेलबाट निकाल्न यताबाट विभिन्न कागजातसमेत बनाएर पठाइरहेको सविनका बुबा बताउँछन् । त्यही कागजात बनाउन यसबीचमा पनि दुई पटक काठमाडौंसम्म पुगे । 'जन्मदर्ता, नागरिकता अनि मुद्दामा उल्लेख भएअनुसारका अरू कागजातका साथै हस्पिटलमा उपचार ग राएको पुर्जीसमेत बनाउनुपर्ने रहेछ । जन्मदर्ता, नागरिकता त समस्या भएन, बाँकी अरू कागज बनाउने पनि यतै दलाल हुने रहेछन् । उनीहरूलाई पैसा दिएपछि बनाइदिने थाहा पाएर म काठमाडौं पुगेर तिनैमार्फत उता (अमेरिका) पठाएको छु । हेरौं अब के फैसला आउँछ ?'

●●●

यही साउन १९ गते सोमबार जेलमा रहेको छोरासँग पछिल्लोपल्ट कुरा भएको बताउने सविनका बा-आमालाई हामीले 'अमेरिका जेलको अवस्थाबारे छोराले के भन्छन् ?' भनी सोध्दा जवाफमा आमा भन्छिन्, 'अरूले सुनाउँदा त्यहाँसम्म पुग्दा अनि जेलको बास निकै मुस्किलको हुन्छ भन्ने सुनेको हो । तर, उसले भने हामीलाई 'ठिकै छ' भन्छ । यता हामीले पीर मानौंला भनेर त होला, त्यसो भनेको । हामीले सक्ने गरिरहेका छौं, अनि उसले सक्ने पनि गरिरहेको त होला । बाँकी सबै भगवान्को हातमा छ ।'

'उसले फोन गर्ने नम्बरमा यताबाट गर्न त मिल्दैन । उसले नै गरेपछि रिसिभ गरेर कुरा गर्ने हो । जेलबाट लामो कुरै गर्न दिँदैन रे । 'जेलभरिमा एउटा फोन हुन्छ, पालैपालो कुरा गर्ने हो' भन्छ । सातामा एक दिन टाढैबाट भए पनि देख्न-बोल्न पाएका छौं । यसले पनि थोरै सन्तोष मिलेको छ,' यस पटक सविनका बुबा बोले ।

●●●

रुकुम पूर्वको यो गाउँ (सिस्ने-३, पोखरा) का लगभग प्राय: घरमा अमेरिकासँग जोडिएका तीतामिठा अनेकानेक कथा-व्यथा छन् । अमेरिकास्थित क्यालिफोर्नियाको जेलमा सविन सँगै यहींका अर्का एक युवा पनि १४ महिनादेखि छन् । यो परिवारले पनि छोरा र आफ्नो पूरा परिचय दिएनन् । तर, दु:खको कथाचाहिँ हामीसँग बेलिबिस्तार लगाए ।

पोखराकै आशिष (परिवर्तित नाम) अहिले ३० वर्षका भए । अमेरिका जानुअघि उनले दाङमा किराना पसल चलाइरहेका थिए । नियमित खर्च र पारिवारिक आवश्यकता पूर्ति गर्न उनलाई पसलबाट जसोतसो चलिरहेकै थियो । तर, जब उनी पनि अमेरिकाको जञ्जालमा परे, त्यसपछि उनको जिन्दगी मोडियो । अहिले १९ महिना भयो, बिनाकसुर आशिष पनि सविनसँगै अमेरिकाको जेलमा छन् ।

२०७८ कात्तिकमा तिहारलगत्तै सविनलाई दलालले 'अमेरिका लैजाने' भनी काठमाडौं बोलाएको थियो । त्यसपछि छोरालाई दुबईबाट विभिन्न देश लैजाँदै, फिर्ता ल्याउँदै गरेको उनकी आमाले सुनाइन् । 'अठहत्तर सालको तिहार मानेर हिँडेको छोरो चारदिशा डुलेर एकासी सालको मंसिरमा फरक्कै घर फर्केर आयो । त्यो बेलाको दलालले १५ लाख रुपैयाँ यसैमा खाइदियो । अनि फेरि अर्को दलालले अमेरिका पुर्‍यायो ।'

पछिल्लो दलालले पनि सुरुमा ५५ लाखमा पुर्‍याइदिन्छु भन्यो । तर, पछि १५ लाख थप माग्यो । र, दलालले मात्रै जम्मा ८५ लाख लिएको उनकी आमाले बताइन् । त्यसपछि अरू बाटोखर्च, अमेरिकामा वकिल लगाउने, त्यहाँको फुटकर खर्च र कागजपत्र बनाउने आदि काममा अहिलेसम्म एक करोड बढी रुपैयाँ लगानी गरिसकेको आशिषकी आमाको भनाइ छ । तर, प्रतिफल भने अहिलेसम्म लगभग शून्य । उनी भन्छिन्, 'यता हामी ऋणमा, उता छोरो जेलमा ।'

एकै समय अर्थात् २०८१ साल पुसमै अमेरिका पुर्‍याइएका सविन र आशिष क्यालिफोर्नियाकै जेलमा भेटिएका हुन् । आशिषलाई सुरुमा चार महिना अन्तै राखेर यो जेलमा पुर्‍याएपछि अहिले दुई जना सँगै हुने संयोग जुरेको हो । जेलमा रहेका यी युवाको उताको कथा र यता रहेका दुई परिवारको व्यथामा समानता छ ।

आशिषसँग पनि परिवारको सातामा एकचोटि कुरा भइरहेकै छ । तर, उपलब्धि केही छैन । सुस्केरा हाल्दै आमा भन्छिन्, 'के सोचेका थियौं, के भयो । अब त छोरा निस्के पनि यत्रो ऋण झट्टै तिर्न कसरी सकौंला ? फर्केर आए त झन् हामी जोगी नै हुन्छौं ।'

यी दुई परिवारले आफ्ना जायजेथा सबै बैंकमा राखेर केही लाख ऋण लिएका छन् । तर, यतिले मात्रै नपुगेर बाहिरबाट पनि चर्को ब्याजमा पैसा जोहो गरेका छन् । नियमित आम्दानीको स्रोत नहुँदा बैंकको किस्ता तिर्नै हम्मेहम्मे भएको उनीहरूको दु:खेसो छ । अरू नाता, आफन्त र छरछिमेकबाट लिएको ऋणको ब्याज पनि दिनानुदिन बढिरहेको छ ।

'पैसा सापटी दिएकाहरू आउँछन्, पैसा माग्छन् । तर, हामीसँग उनीहरूलाई दिने पैसा त छैन नै, अब त जवाफ पनि छैन,' दबिएको सुस्त आवाजमा सविनका बुबा भन्छन्, 'यो कस्तो संकट आइलाग्यो । यता हामीलाई साहुले घेरेका छन्, उता छोरालाई अमेरिकाको पुलिसले ।'

●●●

अवैध बाटो अर्थात् 'डंकी रुट' हुँदै नेपालदेखि अमेरिका पुर्‍याइदिने भनी एक दशकअघिदेखि नै रुकुमका गाउँ-टोल छिरेका मानव तस्कर (दलाल) ले यहाँका युवालाई अनेकन लोभ देखाए । सुरुमा प्रतिव्यक्ति ८-१० लाख रुपैयाँमा लैजाने गरेका उनीहरूले अमेरिकासम्म प्रतिव्यक्ति झन्डै एक करोड लिने गरेका छन् । अमेरिकाले पछिल्लो सरकारी नीतिमा कडाइ गरेपछि अमेरिका लैजाने लहर त अहिले छैन, तर त्यसको असर निकै गहिरो छ ।

यति ठूलो रकम अन्धाधुन्ध लगानी गरी अमेरिका जान हिँडेकामध्ये धेरैको यात्रा-वृत्तान्त सुखद छैन । कत्ति बाटैमा हराएका छन्, कत्ति मरेका छन्, कत्ति अमेरिका पुगेर पनि यसरी नै वर्षौंदेखि जेलमै बसिरहेका छन्, कत्तिचाहिँ वर्षौंको जेल बसाइपछि रित्तो हात घर फिरेका छन् ।

दु:ख र संकटको परिबन्धमा युवा परिरहेको विषयमा सरकार र सरोकारवाला लगभग जानकार छन् । तर, ती 'तैं चुप, मै चुप' छन् । यस्तो किन हुन्छ ? सोझा नागरिकलाई गैरकानुनी तरिकाले तेस्रो मुलुक लैजाने कार्यमा संलग्नलाई किन कारबाही हुँदैन ? प्रहरी भन्छ, 'पीडितको कुनै पनि गुनासो र उजुरी परेको छैन । के आधारमा, कसलाई कारबाही गर्नु ?'




नेपालबाट अवैध रूपमा अमेरिका लैजान मानव तस्करले प्रयोग गर्ने 'डंकी रुट' ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** – गरेको कार्यमा अपेक्षित सफलता मिल्नेछ । व्यक्तिगत काममा सफलता मिल्नेछ । आर्थिक पक्ष सुदृढ रहनेछ ।

**वृष** – कसैलाई तपाईंको साथको आवश्यकता पर्न सक्छ । समयावस्था विचारेर आफूलाई प्रस्तुत गर्नुपर्नेछ । आर्थिक कार्यका काम गर्दा सजग रहनुपर्ला ।

**मिथुन** – गरेको काममा सफलता मिल्नेछ । समयानुसार सबै काम मिल्दै जानेछन् । कुनै कामको सम्पन्नताले मन ढुक्क रहला ।

**कर्कट** – कुनै कुराले गर्दा काममा अलमल हुन सक्छ । सकेसम्म आफ्नै सुझबुझले काम गर्न खोजिनेछ । खुरापाती प्रवृत्तिका व्यक्तिबाट तर्किनु नै मुनासिब रहनेछ ।

**सिंह** – कुनै नयाँ काम आइलाग्न सक्छ । सामाजिक कार्यमा संलग्न हुनुपर्ला । आर्थिक कार्यका काममा सफलता मिल्नेछ ।

**कन्या** – कुनै कुराले मनमा हौसला बढ्नेछ । समयानुसार सबै कुरा मिल्दै जानेछन् । कुनै कामको सम्पन्नताले मन खुसी रहला ।

**तुला** – कुनै कुराले नजानिँदो गरी टाउको दुखाउन सक्छ । स्वास्थ्य र खानपानमा ध्यान दिनुपर्नेछ । आफूखुसी रहने प्रयास गरिनेछ ।

**वृश्चिक** – समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ । नगरी नहुने काममा जोड दिनुपर्नेछ । जसरी पनि समयानुकूल रहन खोजिनेछ ।

**धनु** – कतै जाने प्रबन्ध मिल्न सक्छ । समयलाई आफू अनुकूल चलाउन खोजिनेछ । विविध कुरामा मन रमाउनेछ ।

**मकर** – सोचेअनुसार काममा सफल बन्दै गइनेछ । शत्रुहरू आफैं तर्किन थाल्नेछन् । प्राय: सबै काम आफ्नै प्रभुत्वमा सम्पन्न हुनेछन् ।

**कुम्भ** – घरमा कसैको आगमन हुन सक्छ । समयावस्था विचारेर काममा हेरफेर होला । जसरी पनि समयानुकूल रहन खोजिनेछ ।

**मीन** – नयाँ काम गर्दा सजगता अपनाउनुपर्ला । कसैको लहैलहैमा नलाग्नु नै उचित हुनेछ । आफैंले आफ्नो अनुकूलता विचार्नुपर्नेछ ।



## आदिवासी दिवसको उल्लास

३२औं विश्व आदिवासी दिवस आइतबार विविध कार्यक्रमका साथ मनाइएको छ । काठमाडौंको भृकुटीमण्डपबाट सुरु भएको र्‍याली खुलामञ्चमा पुगेर कार्यक्रममा परिणत भएको थियो । विभिन्न समुदायका व्यक्ति आआफ्नो वेशभूषामा सजिएर कार्यक्रममा सहभागी भएका थिए । २३ डिसेम्बर १९९४ मा संयुक्त राष्ट्रसंघको महासभाले हरेक वर्ष ९ अगस्टलाई विश्व आदिवासी दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । संयुक्त राष्ट्रसंघका अनुसार विश्वका ९० देशमा करिब ४७ करोड ६० लाख आदिवासी जनजाति बसोबास गर्छन् ।

तस्बिर : दीपक केसी/कान्तिपुर

# सुदूरपश्चिम प्रदेशसभाको खर्च १४ करोड तर विधेयक पारित न बजेट

### सरकारले आर्थिक वर्ष २०८२/८३ मा दुई पूर्ण विधेयक र तीन संशोधन विधेयक मात्र प्रदेशसभामा दर्ता गराएको थियो, दुई संशोधन विधेयक मात्र पारित भए

**अर्जुन शाह** (धनगढी)

आर्थिक वर्ष २०८२/८३ मा १४ करोड हाराहारी खर्च गरेको सुदूरपश्चिम प्रदेशसभाले वर्षभरमा एउटा पनि पूर्ण विधेयक पारित गर्न सकेन । चालु आर्थिक वर्षका लागि ल्याइएको बजेटसमेत प्रदेशसभाले पारित गर्न नसक्दा सुदूरपश्चिममा बजेट शून्यता छ । प्रदेशसभा पनि करिब महिना दिनदेखि सुनसान छ ।

प्रदेशसभाले गत वर्षको साउनदेखि गएको असारसम्मको एक वर्ष अवधिमा दुई वटा संशोधन विधेयक मात्रै पारित गर्‍यो । 'पूर्ण विधेयक भने एउटा पनि पारित हुन सकेन,' प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैसीले भने । उनका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा सरकारले प्रदेशसभामा दुई वटा पूर्ण विधेयक र तीन वटा संशोधन विधेयक दर्ता गराएको थियो । तीमध्ये 'सुदूरपश्चिम प्रदेश स्थानीय सेवा ऐन (गठन तथा सञ्चालन) पहिलो संशोधन' विधेयक र त्यसअघि दर्ता भएको सुदूरपश्चिम प्रदेशसभा सचिव र सचिवालय व्यवस्थापनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक मात्रै पारित गरिएका हुन् ।



फाइल तस्बिर : कान्तिपुर

प्रदेश सरकारले ४ साउन २०८२ मा दलित सशक्तीकरण ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक र १० भदौमा सुदूरपश्चिम प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभा लगेको थियो । यस्तै, २० भदौमा सुदूरपश्चिम प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २८ मंसिरमा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा ऐन (गठन तथा सञ्चालन) पहिलो संशोधन विधेयक र ११ फागुनमा सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा दर्ता गरिएको थियो ।

हाल प्रदेशसभामा दुई पूर्ण विधेयकसहित नौ विधेयक विचाराधीन छन् । यीमध्ये सात विधेयक छलफलका लागि विभिन्न समितिमा पठाइएको सूचना अधिकारी जैसीले बताए । प्रदेशसभाको बैठक कमै बस्ने गरेको छ । गत आर्थिक वर्षमा सञ्चालन भएका तीन वटा अधिवेशनमा ३० वटा बैठक मात्र बसेको सभामुख भीमबहादुर भण्डारीले जानकारी दिए । 'एक त जेन-जी आन्दोलनका कारण माघमा मात्र सभा सञ्चालन हुने अवस्था आयो । अर्को, सरकार गठन लगायत अनेक खिचातानीले केही बाधा भयो,' उनले भने ।

प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशसभाले गरेको कुल खर्च १४ करोड २ लाख ३७ हजार छ । प्रदेशसभा सदस्य र उनीहरूका स्वकीय सचिवको पारिश्रमिक, प्रदेशसभा सचिवालयको प्रशासनिक खर्चका साथै भत्ता, सवारीसाधन, इन्धनलगायतका सुविधामा उक्त खर्च भएको हो ।

कानुन निर्माण प्रक्रिया प्रदेश सरकार र प्रदेशसभाको प्राथमिकतामै नपरेको सांसदहरू बताउँछन् । कांग्रेस सांसद मेघराज खड्का सांसदहरूलाई आफ्नो भूमिका प्रभावशाली ढंगले निर्वाह गर्ने वातावरण नै नमिलेको बताउँछन् । 'पछिल्ला अधिवेशनहरू सत्ता खिचातानीले नै प्रभावित भए । विभिन्न विधेयक समितिमा अड्किएका छन्, संसद्मा पेस भइसकेका विधेयक पनि छिटोछरितो छलफलमा गएनन्,' उनले भने ।

एमाले नेता डेजी पाण्डे दलहरू सत्ता राजनीतिमा केन्द्रित भएर प्रदेशसभाप्रति ध्यान नदिएकोजस्तो देखिएको बताउँछन् । 'सबै दल सत्ता खिचातानीमा केन्द्रित देखिए, यसले प्रदेशसभाको महत्त्व र प्रभाव घटाएको मात्रै होइन, सर्वसाधारणमा वितृष्णा बढाएको छ,' उनले भने ।

नेकपाका प्रदेशसभा सदस्य शिवसिंह ओली सरकार र प्रदेशसभाबीच समन्वयको अभाव रहेको औंल्याउँछन् । 'सभा बैठकमा सांसदहरूले उठाएको सवाललाई समेत सरकारले गम्भीर रूपमा नलिने परम्परा बस्यो,' उनले भने, 'समितिहरू पनि प्रभावशाली हुन सकेनन्, जनतासँग जोडिएनन् । कानुनसम्बन्धी थुप्रै काम गर्नुपर्ने हो तर हुन सकेन ।'

प्रदेशसभाको दोस्रो कार्यकाल अवधिमै कानुन निर्माणमा सुस्त छ । दोस्रो कार्यकालको करिब चार वर्षमा २३ विधेयक दर्ता भएका थिए । तीमध्ये १३ संशोधन विधेयक र तीन पूर्ण विधेयक मात्र पारित भए ।

> पछिल्ला अधिवेशनहरू सत्ता खिचातानीले नै प्रभावित भए, विभिन्न विधेयक समितिमा अड्किएका छन्, सांसदले आफ्नो भूमिका प्रभावशाली ढंगले निर्वाह गर्ने वातावरण नै मिलेको छैन
>
> ● **मेघराज खड्का**
> कांग्रेस सांसद

> सभा बैठकमा सांसदहरूले उठाएको सवाललाई समेत सरकारले गम्भीर रूपमा नलिने परम्परा बस्यो, समितिहरू पनि प्रभावशाली हुन सकेनन्, जनतासँग जोडिएनन्
>
> ● **शिवसिंह ओली**
> नेकपा सांसद

# कांग्रेस महाधिवेशन निर्धारित मितिमै गर्ने तयारी

**जयसिंह महरा** (काठमाडौं)

कांग्रेसले अघिल्लो बैठकले तय गरेको तालिकाअनुसार नै पार्टीको १५औं महाधिवेशन गर्ने तयारी गरेको छ । सभापति गगनकुमार थापाले केन्द्रीय महाधिवेशनको मिति यथावत् राखेर तल्लो तहका अधिवेशनको तालिका भने आवश्यकताअनुसार केही दिन तलमाथि गर्न सकिने संकेत गरेका हुन् ।

कांग्रेसको आगामी महाधिवेशन १६-१९ असोजमा काठमाडौंमा हुने तालिका यसअघि नै तय भइसकेको छ । त्यसअघि वडा तहदेखि अधिवेशनको प्रक्रिया २ भदौदेखि सुरु हुने कार्यतालिका छ । सर्वोच्च अदालतले विशेष महाधिवेशनसम्बन्धी विवादमा यसअघि गरेको फैसला पुनरावलोकन गर्न बिहीबार आदेश दिएपछि पूर्वसभापति शेरबहादुर देउवा पक्षले भने यसअघि निर्धारित तालिका सार्नुपर्ने दबाब दिँदै आएको छ । पुनरावलोकनको विषयमा अन्तिम टुंगो नलागेसम्म महाधिवेशन प्रक्रिया अघि बढाउन नहुने देउवा पक्षको माग छ । अघि बढाउने निर्णय भएमा त्यसलाई रोक्न अदालतमा रिट लिएर जाने योजनासमेत देउवा पक्षले बनाएको छ ।

आइतबारदेखि सुरु भएको केन्द्रीय कार्यसमितिको बैठकमा १५औं महाधिवेशनको तयारीसँग सम्बन्धित एजेन्डाहरू अघि सारिएको छ । त्यसअन्तर्गत महाधिवेशन तयारी समिति, विधान मस्यौदा समिति गठनसहित नियमावली तथा निर्वाचन निर्देशिका, सदस्यता अद्यावधिक तथा वितरणका एजेन्डाहरू महामन्त्री प्रदीप पौडेलले प्रस्तुत गरेका थिए ।

यसबीचमा विशेष महाधिवेशनबाहिर रहेको पक्षसँग एकता नभएमा आगामी महाधिवेशनमा उक्त समूह छुट्ने परिस्थितिसमेत रहेकाले पार्टीभित्रको विवाद थप चर्किने देखिएको छ । विशेष महाधिवेशनमा पूर्वसभापति देउवा, तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता शेखर कोइराला पक्ष बाहिर थियो । यो पक्षमा रहेका अधिकांश शीर्षस्थ नेताहरूले सदस्यता अद्यावधिकसमेत गराएका छैनन् ।

आगामी महाधिवेशनमा बाहिर रहेका सबैलाई जोड्न सभापति थापाले बैठकमा केही प्रस्तावसमेत अघि सारेका छन् । खासगरी देउवा पक्षले महाधिवेशनको निष्पक्षताको माग उठाएर तयारी समिति र त्यसअन्तर्गतका विधान मस्यौदा, निर्वाचन र अनुशासन समितिमा बाहिर रहेका समूहको प्रतिनिधित्वको सुनिश्चितता खोजेको थियो । थापाले एकताका लागि महाधिवेशन तयारी मूल समितिमा सबै पक्षलाई समेट्न आफू तयार रहेको बताए ।

'महाधिवेशन फेयर गर्नका निम्ति के-के गर्ने हो गरौं । महाधिवेशनसँग सदस्यताको कुरा जोडिएको छ । प्रदीप (पौडेल) जीको संयोजकत्वमा समिति छ । उहाँले यसलाई टुंग्याउनुभएको छ । यो टुंग्याएको कुरामा कहीँकतै कैफियत छ कि भन्ने लाग्यो होला, लाग्न पनि सक्छ,' थापाले भने, 'त्यसो भए कसको नेतृत्वमा समिति बनाउने हो बनाऔं ।'

सभापति थापाले महाधिवेशन व्यवस्थापनसँग जोडिएका समितिमा सबैलाई समेटेर लैजान पनि आफू तयार रहेको बताए । 'एउटा व्यवस्थापन समिति बनाएर पार्टीको महाधिवेशनसँग जोडिएका व्यवस्थापकीय जति पनि कुरा छन्, के गर्ने हो गरौं,' उनले भने । सबैको चित्त बुझ्ने गरी काम गर्न आफू पनि तयार रहेको थापाको भनाइ थियो ।

संस्थापन इतर पक्षका नेता प्रकाशशरण महतले भने राष्ट्रिय भेला बोलाइसकेको र अदालतबाट पार्टीको विवादमा पुनरावलोकन आदेश भइसकेपछि मात्रै सभापतिले यस्तो प्रस्ताव गरेको बताए । 'हामीले पहिलेदेखि भन्दै आएका कुरा सभापतिबाट अहिले आयो । अब राष्ट्रिय भेलामा यसबारे बहस हुन्छ । पहिला नै व्यवस्थापन समितिको प्रस्ताव आएको भए हुन्थ्यो, त्यतिबेला ठोस रूपमा उहाँहरू बसौं भनेर समयमा आउनुभएन । अदालतबाट पुनरावलोकन आदेश नहुँदै टुंगिएको भए राष्ट्रिय भेलाको कुरा नै आउँदैनथ्यो ।'

पार्टीको १५औं महाधिवेशनका लागि समितिहरू मिलेर बनाउनुपर्ने प्रस्ताव संस्थापन पक्षले स्वीकार नगरेपछि राष्ट्रिय भेला र पुनरावलोकनको मुद्दा आएको महतको भनाइ छ । महाधिवेशन तयारी मूल समितिमा देउवा पक्षले यही २९-३१ साउनमा काठमाडौंमा राष्ट्रिय भेला गर्दै छ । उक्त भेलाको पूर्वसभापति देउवाले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ ।

अदालतले पार्टीको विवादमा पुनरावलोकन गरेर पुनः न्यायिक परीक्षण गर्ने भनेपछि असोजमा तोकिएको महाधिवेशनका सबै प्रक्रिया रोक्नुपर्ने महतको भनाइ छ । 'पार्टीलाई एक गरेर लैजानका लागि न्यायिक र राजनीतिक समझदारीमा नटुंगिएको अवस्थामा महाधिवेशन प्रक्रिया अगाडि लैजाने भनेको त एकता हुने अवस्था होइन,' महतले भने ।

> पुनरावलोकनको विषयमा अन्तिम टुंगो नलागेसम्म महाधिवेशन प्रक्रिया अघि बढाउन नहुने देउवा पक्षको माग

आगामी महाधिवेशन संविधान, कानुन र पार्टीको विधानको व्यवस्थाअनुसार तय मितिमा नै गर्नुपर्ने बाध्यता रहेको सभापति थापाको भनाइ थियो । 'पार्टीको महाधिवेशनबारे योभन्दा अघिल्लो केन्द्रीय समितिबाट तिथिमिति निर्णय गरिसकेका छौं । त्यो मिति तलमाथि गर्ने सुविधा हामी कसैलाई पनि छैन । किनभने हाम्रो विधानले नै त्यो कुरा तोकिदिएको छ । विधानको व्यवस्था छ, नेपालको कानुनको व्यवस्था पनि त्यही छ,' उनले भने ।

सभापति थापाले पार्टीको विशेष महाधिवेशनको विषयलाई लिएर अदालतको आदेश फरक नहुने बताए । उनले निर्वाचन आयोगले मान्यता दिएको र त्यसपछि अदालतको पनि एक पटक फैसला आइसकेको अवस्थामा आगामी दिनमा त्यो निर्णय परिवर्तन हुने अवस्था नरहेको धारणा राखे ।

असन्तुष्ट पक्षलाई समेटेर लैजान केन्द्रीय समिति लचक बनेको प्रवक्ता देवराज चालिसेले बताए । तर, अदालतले विवादमा न्यायिक पुनरावलोकनको आदेश दिएकै भरमा पार्टी गतिविधि नरोकिने उनको भनाइ छ । 'अदालतको कोर्स आफ्नो ढंगले जान्छ, पार्टी महाधिवेशनका काम आफ्नै किसिमले अगाडि बढ्छन् । मंसिर पहिले नै १५ औं महाधिवेशन गरिसक्नुपर्ने कानुनी व्यवस्था भएकाले तोकिएको मितिमा महाधिवेशन सम्पन्न हुन्छ,' उनले भने ।

# अब अन्तरविश्वविद्यालय 'क्रेडिट ट्रान्सफर' गर्न पाइने

### विश्वविद्यालय अनुदान आयोगले जारी गरेको निर्देशिकाअनुसार विदेश तथा स्वदेशका विश्वविद्यालयमा अध्ययन गरेका विद्यार्थीले अर्को विश्वविद्यालयमा 'क्रेडिट ट्रान्सफर' गरी पढाइलाई निरन्तरता दिन पाउने

**सुदीप कैनी** (काठमाडौं)

स्वदेशी तथा विदेशी विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीले बीचमै पढाइ छाड्नु परेर वा अन्य कारणले अर्को विश्वविद्यालयमा स्थानान्तरण गर्नुपरेमा क्रेडिट ट्रान्सफर गर्न पाउने भएका छन् ।

नेपालका विश्वविद्यालयहरूले क्रेडिट ट्रान्सफरसम्बन्धी छुट्टाछुट्टै अभ्यास गर्दै आए पनि यससम्बन्धी प्रावधानमा एकरूपता थिएन भने आधिकारिक मान्यता पनि प्राप्त गरिसकेका थिएनन् । विश्वविद्यालय अनुदान आयोगले गत वैशाखमै क्रेडिट ट्रान्सफरसम्बन्धी व्यवस्था लागू गर्ने निर्णय गरेको थियो । सोहीअनुसार आयोगले एकेडेमिक क्रेडिट बैंक (एबीसी) को स्थापना र सञ्चालन निर्देशिका २०८२ जारी गर्दै क्रेडिट ट्रान्सफरसम्बन्धी व्यवस्था लागू गरेको हो । निर्देशिका शुक्रबार सार्वजनिक गरिएको हो । यसमा विश्वविद्यालयबीच समानता, पारदर्शिता र गुणस्तर सुनिश्चितता हुने गरी मापदण्डहरू पनि तोकिएको छ । आयोगका निर्देशक केदारप्रसाद आचार्यले एकेडेमिक क्रेडिट बैंक र क्रेडिट ट्रान्सफर सम्बन्धी निर्देशिका जारी गरिएको र त्यसलाई विश्वविद्यालयहरूले आफ्नो पाठ्यक्रममा समावेश गरेर लागू गर्न सक्ने जनाए ।

फागुन २०८१ मा भारतको ओडिसास्थित कलिङ्ग इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा एक नेपाली छात्राको मृत्यु भएपछि नेपालमा क्रेडिट ट्रान्सफरसम्बन्धी व्यवस्थाको बहस सुरु भएको थियो । उक्त घटनापछि त्यहाँ अध्ययनरत नेपाली छात्रछात्राले पढाइ छाड्ने घोषणा गरेपछि त्रिभुवन, काठमाडौं, पूर्वाञ्चल विश्वविद्यालयले क्रेडिट ट्रान्सफर गरेर उनीहरूलाई भर्ना हुन आह्वान गरेका थिए । तर मापदण्ड भने फरक-फरक थियो । आयोगका निर्देशक आचार्यले एकरूपता हुने गरी क्रेडिट ट्रान्सफरसम्बन्धी निर्देशिका जारी भएको र त्यसलाई विश्वविद्यालयहरूले लागू गर्न सक्ने जनाए । 'क्रेडिट ट्रान्सफरको काम विश्वविद्यालयहरूले गर्न सक्छन् । क्रेडिट बैंकले बनाउने गरी निर्देशिका जारी भएको छ । तर बैंक बनाउनलाई धेरै काम गर्न बाँकी नै छ । समय लाग्छ,' उनले भने । त्यसका लागि आयोगले नै बैंक बनाउने प्रस्ताव गरिएको छ । निर्देशिकामा विद्यार्थीहरूले विभिन्न उच्च शैक्षिक संस्थाबाट आर्जन गरेको शैक्षिक अंक (क्रेडिट) लाई एउटै डिजिटल प्लाटफर्ममा सञ्चय गर्न र आवश्यताअनुसार अर्को संस्थामा स्थानान्तरण (ट्रान्सफर) गर्न पाउनेछन् ।

आयोगका तत्कालीन अध्यक्ष देवराज अधिकारीले नेपालमा क्रेडिट ट्रान्सफरका लागि सहज अवस्था र स्पष्ट मापदण्ड नभएकाले निर्देशिका जारी गरिएको बताए । 'एकरूपता ल्याएर क्रेडिट ट्रान्सफर सहज बनाउन मापदण्ड तोकिएको छ । निर्देशिकाअनुसार विश्वविद्यालयहरूले काम गर्न सक्छन्,' उनले भने । विदेशमा अध्ययन गरेर बीचैमा फर्कनुपरेका, विविध कारण विश्वविद्यालय परिवर्तन गर्नुपर्ने र रोजगारीमा रहेकालाई बैंक र ट्रान्सफरले सहयोग पुग्ने उनले जनाए ।

विद्यार्थीले आर्जन गरी एकेडेमिक क्रेडिट बैंकमा सञ्चय गरेको क्रेडिट विद्यार्थीको अनुरोधमा एक उच्च शैक्षिक संस्थाबाट अर्को कुनै उच्च शैक्षिक संस्था वा एकै शैक्षिक संस्थाभित्र ट्रान्सफर गर्न सकिने आयोगले जनाएको छ । तर विद्यार्थीले स्नातक तहको हकमा ७ वर्ष र स्नातकोत्तर तहमा ५ वर्षभित्र मात्र क्रेडिट ट्रान्सफर र उपयोग गर्न पाउने छन् । संघीय, प्रादेशिक विश्वविद्यालय र प्रतिष्ठानहरूले आफ्ना नियम तथा विनियममा संशोधन गरी निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरू लागू गर्न सक्ने आयोगले जनाएको छ ।

मुलुकभित्र र बाहिर विद्यार्थीले उच्च शिक्षा अध्ययन गरी आर्जन गरेको शैक्षिक क्रेडिट सञ्चय र ट्रान्सफर गरी उच्च शिक्षामा विद्यार्थीहरूको गतिशीलता र निरन्तरतालाई प्रवर्द्धन गर्न निर्देशिका जारी गरेको आयोगले जनाएको छ । विद्यार्थीले प्राप्त गरेको क्रेडिट सञ्चय र ट्रान्सफर सुविधा प्रदान गर्न आयोगले एकेडेमिक क्रेडिट बैंकका लागि डिजिटल प्लाटफर्म (सेवा प्रणाली) सञ्चालन गर्ने निर्देशिकामा उल्लेख छ । जहाँ विद्यार्थीहरूले प्राप्त गरेको शैक्षिक क्रेडिटहरू सञ्चय गर्न सक्नेछन् । त्यसका लागि उनीहरूले आवेदन दिनुपर्नेछ । विश्वविद्यालयहरूले सेमेस्टर प्रणालीमा १६ घण्टाको सिकाइ अभ्यासलाई एक क्रेडिटको मान्यता दिँदै आएका छन् । 'एबीसी उच्च शैक्षिक संस्थाहरूको शैक्षिक क्रेडिट डाटाबेसको डिजिटल/भर्चुअल/अनलाइन सञ्जय एकाइ हुनेछ,' निर्देशिकामा भनिएको छ ।

त्यहाँ जम्मा भएको क्रेडिटलाई विषयगत र विधागत समानताका आधारमा ट्रान्सफर गर्न विश्वविद्यालयहरूले स्वीकृत प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ । तर क्रेडिट ट्रान्सफरको अधिकतम सीमा विद्यार्थीले अध्ययन गर्न चाहेको सम्बन्धित पाठ्यक्रमको ५० प्रतिशतभन्दा बढी हुन पाउने छैन । त्यस्तो प्रक्रियाबाट प्राप्त क्रेडिटसम्बन्धी शैक्षिक प्रमाणपत्रमा अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्नेछ । 'कुनै मुलुकको प्रचलित कानुनबमोजिम स्थापित उच्च शैक्षिक संस्थामा भर्ना भई अध्ययन गरिरहेका वा बीचमा अध्ययन रोकिएका विद्यार्थीले पनि यसबाट लाभ लिन सक्नेछन्,' निर्देशिकामा उल्लेख छ ।

सम्पादकीय

# बौद्धिक सम्पत्तिको अधिकार सुनिश्चित गर्न बलियो कानुन

मानव मस्तिष्कको क्षमता अपार भएकैले उसले गर्न सक्ने सिर्जनाको दायरा पनि अत्यधिक नै छ । कला, साहित्य वा संगीत जस्ता अनेकौं क्षेत्रमा मानिसले आफ्नो विशिष्ट क्षमता देखाइरहेका हुन्छन् । त्यस्तै, औद्योगिक क्षेत्रमा उत्पादनको विशिष्टता, ढाँचा, लोगो, प्याकेजिङ जस्ता अनेकौं पक्षमा पनि त्यस्तो क्षमता प्रकट भइरहेको हुन्छ । जसको सिर्जना हो, उसकै सम्पत्ति मान्ने अवधारणा विश्वभर छ । बौद्धिक सम्पत्तिको अधिकारले मानवीय क्षमताको सम्मान, संरक्षण, प्रोत्साहन र अर्थोपार्जनमा भूमिका खेल्छ । एकाधिकारलाई वकालत र स्थापित गर्ने भएकाले नक्कल र दुरुपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्छ । यसका लागि बलिया कानुन र नियमन तथा वकालत गर्न सक्ने निकाय तथा बौद्धिक सम्पत्तिप्रतिको संवेदनशीलता अनिवार्य छ । साथै, औद्योगिक सम्पत्तिको अधिकार रक्षाका लागि भने अध्ययन अनुसन्धान गर्न सक्ने र अन्तर्राष्ट्रिय क्षेत्रमै पहलकदमी गर्न सक्ने बलिया संस्था निर्माण गर्नुपर्छ ।

बौद्धिक सम्पत्तिको दायरा कला, साहित्य, संगीत, औद्योगिक उत्पादन, प्रविधि, कृषि उत्पादन लगायतका कैयौं क्षेत्रमा फैलिएको छ । विभिन्न क्षेत्रका पुस्तक लेखनका सन्दर्भमा कपिराइटका रूपमा बौद्धिक सम्पत्ति रहने गरेको छ । औद्योगिक उत्पादनतर्फ पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क जस्ता अधिकार दिइने गरिएको छ । खास भौगोलिक क्षेत्रमा उत्पादन हुने कृषि उत्पादनलाई भौगोलिक संकेत (जीआई) अधिकार दिइने गरिएको छ । यीमध्ये कतिपय विषय स्थानीय मात्रै हुन्छन्, कतिपयलाई अन्तर्राष्ट्रिय सरोकारका रूपमा लिने गरिएको छ । स्थानीय होस् वा अन्तर्राष्ट्रिय सरोकारको बौद्धिक सम्पत्ति- यसमा सम्बन्धित व्यक्ति तथा राज्यकै तर्फबाट बलियो सरोकार आवश्यक पर्छ । राज्यका तर्फबाट व्यक्तिको बौद्धिक सम्पत्तिमा अधिकारको संरक्षण गर्ने विषयलाई प्राथमिकता दिइनुपर्छ । जीआई अधिकार संरक्षणका लागि भने अन्तर्राष्ट्रिय गतिविधि र अनुभवको अध्ययन गरिरहनुपर्छ । आवश्यकताअनुसार दाबी र प्रतिदाबी गरिनुपर्छ । साथसाथै, आफ्ना विशिष्ट उत्पादनको पहिचान र जीआई अधिकार प्राप्तिका लागि सक्रियता देखाउनुपर्छ ।

नेपालमा ट्रेडमार्क अधिकारको विषय नै बलियो गरी स्थापित हुन सकेको छैन । कुनै वस्तुको विशिष्ट पहिचान बुझाउने नाम, लोगो वा चिह्न जस्ता विषय ट्रेडमार्कअन्तर्गत पर्छन् । जस्तो कि, कुनै वस्तुको नाम भन्नेबित्तिकै मानिसले त्यसको स्वाद मात्रै नभई बोतल, प्याकेट वा भण्डारण गरिने वस्तुको रङ, नाम र त्यसको ढाँचा, लोगो वा विभिन्न चिह्नहरूलाई सँगै सम्झना गर्छन् । मानिसको दिमागमा रहने यस्ता सबै पक्षलाई ख्याल गरेर उस्तै नाम, लोगो वा चिह्न प्रयोग गरी फरक वस्तु उत्पादन र बिक्री गर्ने प्रवृत्ति छ । अन्तर्राष्ट्रिय रूपमा प्रख्यात ब्रान्डका लोगो अंकित सामान नेपालका गल्लीगल्लीमा पाइन्छन् । यसले अन्तर्राष्ट्रिय रूपमै परिचित ब्रान्डको दुरुपयोग त भइरहेको छ नै, आममानिस पनि ठगीमा पर्ने गरेका छन् ।

अर्कोतर्फ, नेपालमा उत्पादन हुने वा निर्माण गरिने कतिपय विशिष्ट वस्तु छन्, जसले विशिष्ट गुण, ख्याति वा अन्य विशेषता बोक्छन् । यतिबेला बासमतीको जीआई अधिकार र अन्तर्राष्ट्रिय बजारमा स्वामित्वको दाबीलाई भारत, पाकिस्तान र नेपालबीच अन्तर्राष्ट्रिय तहमा दाबी-प्रतिदाबी भइरहेका छन् । बासमती लगायतका विषयमा ऐतिहासिक सामग्री तथा अध्ययन-अनुसन्धानलाई अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी रूपमा प्रस्तुत गरिन आवश्यक छ । त्यसका लागि प्रशस्त लगानी र बलिया संस्था अपरिहार्य छन् । अर्कोतर्फ, देशभित्र पनि कानुनको जरुरत पर्छ । नेपालमा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ र प्रतिलिपि अधिकार ऐन, २०५९ क्रियाशील छ । यद्यपि, बदलिँदो समयमा त्यस्ता कानुनको प्रभावकारिता स्थापित हुन सकेको छैन । त्यसैलाई मध्यनजर गरेर जीआई अधिकारलाई समेत सम्बोधन गर्न सक्ने गरी औद्योगिक सम्पत्तिसम्बन्धी ऐन ल्याउने तयारी थालिएको छ । यससँगसँगै बलिया संस्थाहरू निर्माण गर्ने र त्यसमार्फत काम गर्ने पद्धति पनि विकास गर्नुपर्छ ।

नेपालले अति कम विकसित (एलडीसी) बाट विकासशील देशमा तीन वर्षमै स्तरोन्नति हुने भनेको छ । सन् २००४ मा विश्व व्यापार संगठनको सदस्य र बौद्धिक सम्पत्ति अधिकार सम्झौताको समेत पक्ष राष्ट्र भएका कारण नेपालले एलडीसीबाट स्तरोन्नति भएसँगै ट्रिप्स सम्झौता (विश्व व्यापार संगठनको बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि) कार्यान्वयन गर्नुपर्नेछ । यसबाट पर्ने प्रभावबारे पनि मिहिन अध्ययन आवश्यक छ । त्यसैले पनि बौद्धिक सम्पत्तिसम्बन्धी कानुनमा सुधार र जीआईसम्बन्धी व्यवस्था यथाशीघ्र बनाउनैपर्ने हुन्छ । कानुन निर्माण र कार्यान्वयनका साथसाथै जीआई प्रमाणपत्र पाउन सक्ने कृषि उत्पादनबारे सबै तहबाट अध्ययन अनुसन्धान हुनु आवश्यक छ ।

बहुराष्ट्रिय कम्पनीहरूको बौद्धिक सम्पत्तिका विषयमा गुनासो छ । संरक्षण भएन भने लगानी पनि निरुत्साहित हुन्छ । अर्कोतर्फ नेपाली उत्पादनहरूको संरक्षण र बजारीकरणका लागि पनि बलियो कानुन र संयन्त्र चाहिन्छ । पुरानो ऐन संशोधनका क्रममा पनि छ । बदलिँदो परिस्थिति, कृत्रिम बौद्धिकता, प्रविधिको प्रयोग, नवप्रवर्तन, जैविक विविधतालगायत समावेश गरी संयन्त्र र कानुन बनाउनु आवश्यक छ ।

# बीपीको जुत्तामा कसको खुट्टा ?



राजाराम गौतम

(कान्तिपुर मिडिया ग्रुपअन्तर्गतको 'साप्ताहिक' र 'नारी' मासिकको सम्पादक भइसकेका गौतम कान्तिपुरका स्तम्भकार हुन्)





तस्बिर : कान्तिपुर

**पार्टीलाई आन्तरिक कलहबाट निकाल्दै त्यसको व्यवस्थापन र राष्ट्रिय राजनीतिमा बलियो भूमिका निर्वाह गर्ने अपेक्षा गरिएका गगन बीपीको जुत्तामा खुट्टा हालेकामा मुग्ध मात्रै हुन्छन् कि यो उल्झनबाट कांग्रेसलाई उतार्दै आफूलाई कुशल राजनीतिक स्वप्नद्रष्टा प्रमाणित गर्न सक्छन् ? उनको परीक्षा बाँकी नै छ ।**

नेपाली कांग्रेसको घर झगडा फेरि कानुनी उल्झनमा फसेको छ । सर्वोच्च अदालतले वैशाख ४ गते कांग्रेसको विशेष महाधिवेशनलाई वैधानिकता दिएको आफ्नै फैसलाको पुनरावलोकन गर्न आदेश गरेसँगै धेरैको नजर रामशाहपथतिर सोझिन थालेको छ ।

एकथरी कांग्रेसीको दाबी छ- अब फैसलाको पुनरावलोकनपछि शेरबहादुर देउवा नेतृत्वको कार्यसमिति पुनर्बहाली हुन्छ । संस्थापन पक्ष भन्दै छ- विशेष महाधिवेशनको वैधानिकता प्रमाणित गर्ने यो अर्को अवसर हुनेछ ।

यी भिन्न मतको अर्थ हो- यतिबेला विधानतः एउटै भए पनि व्यवहारमा 'दुइटा कांग्रेस' छन् । एउटा, विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको कांग्रेस, जो अहिलेको संस्थापन हो । अर्को, विशेष महाधिवेशनको वैधानिकतामाथि प्रश्न उठाउँदै आएको पूर्वसभापति देउवानिकट नेताहरूको समूह, जो पार्टीभित्र समानान्तर गतिविधि गरिरहेको छ । दुई पक्षबीच एकता हुनुपर्छ भन्ने केही मध्यमार्गी नेताहरू छन् । अनि, केही संवैधानिक राजतन्त्र र हिन्दु राष्ट्रको वकालत गर्नेहरू पनि छन् । तर, अहिले मूलरूपमा संस्थापन र त्यसविरुद्ध मोर्चाबन्दी गर्दै गरेको समूहबीच घम्साघम्सी चलेको छ ।

यो घम्साघम्सी चलेको झन्डै एक वर्ष पुग्न लाग्यो । कांग्रेसले २०८२ मंसिरभित्र १५ औं महाधिवेशन गरिसक्नुपर्ने थियो । तत्कालीन संस्थापन अर्थात् देउवा पक्ष निर्धारित समयमा महाधिवेशन नगरी धकेल्ने नियतमा देखिएपछि कांग्रेसभित्र कलह बढेको हो ।

गत वर्ष २३/२४ भदौको जेन-जी विद्रोहपछि राजनीतिक दलहरूमा नेतृत्व परिवर्तनको मुद्दा तीव्र उठ्दै गर्दा कांग्रेसमा या निर्धारित मितिमा नियमित महाधिवेशन, या त विशेष महाधिवेशन गरौं भन्ने माग व्यापक रूपमा उठ्यो । दबाब यति बढ्यो कि, देउवाले विशेष महाधिवेशनको माग मत्थर पार्न नियमित महाधिवेशन गर्ने सहमति जनाए । तर, महाधिवेशनको मिति नजिक आइपुगेपछि सारियो । त्यसपछि विशेष महाधिवेशनको जबर्जस्त माहोल बन्यो । विशेष महाधिवेशनका लागि चालीस प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरे पुग्नेमा झन्डै ५५ प्रतिशतले हस्ताक्षर गरे । देउवा पक्षको अनेक जोडबलका बाबजुद विशेष महाधिवेशन भयो र गगन थापा सर्वसम्मत सभापति बने ।

विवाद निर्वाचन आयोग हुँदै सर्वोच्च अदालत पुग्यो । विशेष महाधिवेशन लोकतान्त्रिक विधि र विधानअनुकूल भएको भन्दै निर्वाचन आयोगले गगन नेतृत्वको कांग्रेसको अभिलेख अद्यावधिक गर्‍यो । सर्वोच्च अदालतले त्यो नजिर पछ्याउँदै विशेष महाधिवेशनलाई वैधानिकता दियो । त्यसपछि विवाद केही मत्थर भयो । कांग्रेस चुनावमा होमियो । विशेष महाधिवेशनमा सहभागी नभएका थुप्रै नेताहरूले चुनाव लडे । चुनावमा कांग्रेसको लज्जास्पद पराजय भयो । मत्थर भएको द्वन्द्व चुनावपछि ब्युँतियो । देउवा समूहका नेताहरूले समानान्तर पार्टी अभ्यास चलाउन थाले । यसबीच पार्टी एकताका प्रयत्नहरू पनि भए । गगनले असन्तुष्ट नेताहरूलाई भेट्नेदेखि सो पक्षका नेताहरूलाई केन्द्रीय समितिमा मनोनयन पनि गरे । मागपत्र र सर्तनामाहरू आदानप्रदान भए । यद्यपि, सहमति बनेन ।

हालै देउवापक्षीय नेताहरूले शशांक कोइरालाको संयोजकत्वमा साउन २९ गते राष्ट्रिय भेला बोलाएका छन् । ६ महिनादेखि विदेशिएका देउवाले उक्त भेलालाई सम्बोधन गर्ने बताइएको छ । साउन २८ गते उनी स्वदेश फर्कने कार्यक्रम छ । बडो तामझामका साथ उनलाई स्वागत गर्ने तयारी चल्दै छ । एकातिर संस्थापन पक्ष असोजमा पन्ध्रौं महाधिवेशन गर्ने तयारीमा जुटेको छ भने देउवा पक्ष त्यसलाई रोक्ने प्रयत्नमा छ ।

यसैबीच सर्वोच्चले विशेष महाधिवेशनको वैधानिकतामा आफ्नै फैसला पुनरावलोकन गर्ने आदेश दिएको छ । यसअघि सर्वोच्चले कांग्रेसको विधान र महाधिवेशन प्रतिनिधिको अधिकारलाई केन्द्रमा राखेर विशेष महाधिवेशनलाई वैधानिकता दिएको थियो । अहिले उसले प्राकृतिक न्याय र सुनुवाइको अधिकारलाई पुनरावलोकनको आधार मानेको छ । न्यायशास्त्रीहरू भन्छन्- आफ्नै फैसला पुनरावलोकन गर्न सर्वोच्चसँग कम्तीमा दुई आधार हुनुपर्छ । पहिलो, फैसलालाई तात्त्विक असर पार्ने प्रमाण भेटिएमा । दोस्रो, फैसला न्यायिक सिद्धान्तको प्रतिकूल भएमा ।

आफैंले गरेको फैसलाको पुनरावलोकन सर्वोच्चले किन गर्‍यो ? सर्वोच्चमा हुने सुनुवाइमा यी आधार के कति भेटिएलान् ? अदालतले देउवा वा गगन कसलाई वैधानिकता देला ? यो कानुनी उल्झनबाट कांग्रेसको अवतरण कसरी होला ? यी प्रश्न राजनीतिक विमर्शको केन्द्रमा छन् । यद्यपि, अहिले कांग्रेस जुन मोडमा छ, त्यहाँनेर कांग्रेसलाई कानुनी होइन, राजनीतिक वैधताको खाँचो छ । प्रश्न नेतृत्वमा देउवा कि गगन ? हुँदै होइन, प्रश्न जनताले कांग्रेस बदलिएको अनुभूति किन गर्न सकेनन् ? भन्ने हो । नेपाली समाजले कस्तो कांग्रेसलाई आफ्नो नेता मान्छ ? भन्ने हो । रामशाहपथको चस्माबाट मात्रै कांग्रेसको राजनीतिक वैधता परीक्षण हुन सक्दैन ।

एक समय कांग्रेसमा बहस चल्थ्यो, सच्चिने कि सक्किने ? विशेष महाधिवेशनबाट गगन-विश्व पुस्ताले नेतृत्वमा वैधानिक हस्तक्षेप गरेपछि त्यो बहस सकियो र कांग्रेस बदलिएको उद्घोष गरियो । अझ, कांग्रेसले देशै बदल्ने उद्घोष पनि भयो । तर, 'बदलिएको कांग्रेस' चुनावमा नराम्ररी पछारियो । उसको देश बदल्ने संकल्प जनताले पत्याएनन् । फलतः कांग्रेस राष्ट्रिय राजनीतिमा दोस्रो ठूलो दल भए पनि कमजोर प्रतिपक्षका रूपमा खुम्चिएको छ । र, आफ्नै घर झगडाले पिरोलिएको छ ।

प्रश्न उठ्छ, कांग्रेसको अबको नियति के होला ? के त्यो सर्वोच्चको दोस्रो फैसलाले तय गर्नेछ ? अथवा त्यसअघि नै एकता वा विभाजनको बाटो रोज्नेछ ? के गगनले कांग्रेसलाई अहिलेको उल्झनबाट सुरक्षित अवतरण गर्न सक्लान् ? उनले हालै एउटा सार्वजनिक कार्यक्रममा बीपीको जुत्तामा खुट्टा हालेको दाबी गरेका छन् । भनेका छन्, 'मैले बीपीको जुत्तामा खुट्टा हालेको छु । त्यति भरपर्दो जुत्तामा खुट्टा हालेको सभापतिले देश समस्याको चिन्तन गर्ने कि घर झगडाको ?'

कांग्रेसमा बीपीको विरासत कसले बोक्ने ? उत्तराधिकारी को ? भन्ने प्रश्न नयाँ होइन । यहाँ बीपीको विरासतको बहस र विवाद चलिराख्छ । तर, जब गगन स्वयंले बीपीको जुत्तामा खुट्टा हालेको दाबी गर्छन्, तब प्रश्नको सुइरो उनीतिरै तेर्सिन्छ- के उनी विरासत थाम्दै बीपीको जुत्ता लगाएर हिँड्न सक्लान् ? विशेष महाधिवेशनपछि पार्टीको मुली बनेका गगनको नेतृत्व कौशल परीक्षणमा छ ।

उता, देउवा पक्षले बीपीपुत्र शशांकलाई राष्ट्रिय भेलाको संयोजक तोकेर 'बीपीको विरासत हामीसँगै छ' भन्ने प्रतीकात्मक सन्देश दिन खोजेको छ । उक्त समूहमा लामो समय कांग्रेसको राजनीतिमा सक्रिय देउवा स्वयं छन् । त्यसबाहेक गणेशमान सिंहका छोरा प्रकाशमान सिंह, महेन्द्रनारायण नीधिका छोरा विमलेन्द्र निधिलगायत पूर्णबहादुर खड्का, कृष्ण सिटौला आदि अधिकांश पुराना नेता त्यही समूहमा एकत्रित छन् । तिनलाई लाग्छ, कांग्रेसको मूलधार ती आफैं हुन् । बीपीको विरासत तीसँगै छ । तर, राजनीतिक विरासतको स्रोत पारिवारिक सम्बन्ध हो कि राजनीतिक लिगेसी ? पहिलो कुरा वंश र विरासत एकै कुरा होइनन् । विरासत क्षमतासँग पनि जोडिन्छ । देउवा बीपीकै उत्तराधिकारी थिएनन् र ? के उनले बीपीको विरासतलाई न्याय दिन सके ? बागी वृद्ध कांग्रेसीहरू पनि प्रश्नको घेरामै छन् ।

मुख्य कुरा, कांग्रेसमा यो बेला चलेको शक्ति संघर्ष नेतृत्वको वैधानिकताको भन्दा बढी राजनीतिक विरासतको योग्यता कोसँग छ भन्ने हो । कांग्रेसमा हरेक विमर्श बीपीबाट सुरु भएर बीपीमै अन्त्य हुन्छ । कांग्रेसीहरू उनलाई 'महामानव' भन्छन् । गगनले त हालसालै बीपीसँग आफ्नो सम्बन्ध 'भगवान् र भक्तबीचको जस्तै हो' भनेछन् । तर, के बीपीको 'व्यक्तिपूजा' गरेर मात्रै राजनीतिक वैतर्णी तरिन्छ ?

निश्चय पनि बीपी 'राजनीतिक सम्पदा' नै हुन् । कांग्रेसले मात्रै होइन, बीपीलाई 'आइडल' अरू विचारधाराबाट प्रेरित नेताहरूले पनि मान्दै आएका छन् । आफ्नो समयमा बीपीले नेपाली प्रजातान्त्रिक राजनीतिमा अनेक भाष्यहरू निर्माण गरे । तर, के जहिल्यै बीपी 'ब्रान्ड' भजाएर मात्रै राजनीतिको रोटी सेक्नु उचित हो ? इतिहासका बीपी सम्मानित पात्र हुन् । तर आज कांग्रेसलाई अथवा नेपाली राजनीतिलाई चाहिएको तिनै बीपी होइनन्, उनीजस्तै स्वप्नद्रष्टा 'नयाँ बीपी' चाहिएको हो ।

बीपीकालीन राजनीति र अहिलेको राजनीतिक सन्दर्भ एउटै छैन । उबेला र अहिलेका राजनीतिक/सामाजिक विमर्श फेरिएका छन् । व्यवस्था फेरिएको छ । पुस्तान्तरण हुँदै जाँदा मुलुक डिजिटल युगमा प्रवेश गरिसकेको छ । भाष्यहरू निर्माण हुने शैली फेरिएका छन्, त्यसलाई ग्रहण गर्ने प्रक्रिया बेग्लै छ । फेरिएको समय र सन्दर्भमा कुशल नेताले बीपीको जुत्तामा खुट्टा राखेर हुँदैन, नयाँ जुत्ता बनाउन सक्नुपर्छ । बीपी विरासतको रक्षा त्यो बेला हुन्छ, जब नेतृत्वले राजनीतिक संकट र चुनौतीहरू बुझेर त्यसको निकासको नयाँ मार्गचित्र कोर्न सक्छ ।

बीपीकालीन राजनीतिबाट सिक्ने विषय प्रशस्त छन् । त्यो कालखण्ड प्रजातान्त्रिक संघर्षको युग थियो । जहाँ विचारप्रधान राजनीति फल्थ्यो, फुल्थ्यो । जनतासँगै हुर्केको राजनीतिक नेतृत्व थियो, जो जोखिम लिने साहस राख्थ्यो । आज जस्तो उतिबेला दलको अर्थ पद वा सत्ता मात्रै भन्ने थिएन । दल जनताको सहयात्री थियो, त्यसैले ती जनताको बीचबाटै उदाएका थिए । राजनीतिक मूल्य र चरित्रहरू मर्दै गरेको यो समयमा विगतका सिक्ने विषय हुन सक्छन् । तर, विरासतमा गौरवान्वित भएर मात्रै पुग्दैन । आफ्नो समयको नवीन राजनीतिक भाष्य निर्माण गर्न सक्नुपर्छ । यो अपेक्षा कांग्रेसी वृत्तले मात्रै होइन, नेपाली समाजले नै गगनबाट गरेको छ ।

झन्डै तीन दशक लामो राजनीतिक करिअरमा गगन यतिबेला चुनौतीपूर्ण अवस्थामा छन् । पार्टीभित्रको अनेक आरोह-अवरोहपछि नेतृत्वमा पुगे तर जनअनुमोदित हुन सकेनन् । दलहरूप्रति चरम निराशा र प्रियतावादी राजनीतिको लहर उर्लिंदा उनी कतै किनारामा छुटे । तर, अझै उनको भूमिका र उपादेयता सकिएको छैन । यतिबेला उनले दुइटा 'फ्रन्ट' सँग एकचोटि भिड्नुपर्नेछ । एकातिर पार्टीभित्रका पुरातनपन्थीहरूको चुनौती छ भने अर्कोतिर राष्ट्रिय राजनीतिमा हुर्केको प्रियतावाद ।

पार्टीको आन्तरिक व्यवस्थापनका नाममा सबैलाई चित्त बुझाएर सम्झौताको बाटो हिँड्ने कि नयाँ कांग्रेस जन्माउने ? उनीसामु यो प्रश्न सबैभन्दा महत्त्वको छ ।

कांग्रेसमा घर झगडा र मनमुटाव अहिले मात्रै भएको होइन । खासमा कांग्रेसको जन्म नै विभिन्न धारको मिलनबाट भएको हो । २००६ सालमा बीपीको 'नेपाली राष्ट्रिय कांग्रेस' र सुवर्णशमशेरको 'नेपाली प्रजातान्त्रिक कांग्रेस' मिलेर नेपाली कांग्रेस गठन भएको थियो । प्राविधिक रूपमा एक भए पनि जन्मकालबाटै यो पार्टी भावनात्मक रूपमा एक हुन सकेन । कहिले बीपी र उनका आफ्नै दाजु मातृकाप्रसाद कोइरालाको मतभेद, कहिले सुवर्णशमशेरसँगको अन्तर्द्वन्द्व । पछि गिरिजाप्रसाद कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईबीचको मनोमालिन्य । अनि कहिले गिरिजा-देउवा गुटबन्दी । यस्तै कारणले कांग्रेसमा भावनात्मक एकता हुन सकेन । देउवाले त पार्टी विभाजन नै गरे । अहिले कांग्रेसमा देखिएको द्वन्द्व यिनै व्यक्तिकेन्द्रित प्रतिष्ठाको लडाइँको नयाँ शृङ्खला हुन् ।

यो पृष्ठभूमिमा वर्षौंदेखि जड बनेको गुटगत राजनीतिलाई विसर्जन गरेर, पुराना र सन्दर्भ गुमाएका पात्रलाई छोडेर अघि बढ्ने कि मिलाएर लैजाने नाममा सम्झौता गर्ने ? गगनको आँटको एउटा परीक्षण यहाँनेर हुनेछ । तर, सँगै उनी स्वयंले आत्मसमीक्षा पनि गर्नुपर्नेछ, कतै उनी आफैं पनि विगतका नेतृत्वझैं साँघुरो गुटको घेराबन्दीमा त छैनन् ? विशेष महाधिवेशनपछि धेरैले पार्टीलाई विधिसम्मत हाँकेको भनेर उनको प्रशंसा गरेको सुनिन्छ तर सँगै गुटबाट घेरिएको भनेर उनको आलोचना पनि हुने गरेको छ । यो आलोचनालाई उनले नजरअन्दाज गर्नुहुन्न ।

राष्ट्रिय राजनीतिक परिदृश्यमा पनि उनको कमजोर भूमिकालाई लिएर प्रश्न उठेका छन् । खासगरी सरकारको बेरोकतोक कार्यशैलीप्रति प्रमुख प्रतिपक्ष पार्टीको सभापतिका हिसाबले उनी आवश्यकताभन्दा बढी नरम शैलीमा प्रस्तुत भए भन्ने टिप्पणी धेरैले गरेका छन् । प्रतिपक्षले सत्तालाई स्वस्थ आलोचना र रचनात्मक भूमिका निर्वाह गर्नु सकारात्मक विषय हो । यसले परिपक्व राजनीतिक संस्कारको विकास गर्छ । तर, जब सत्ता बेपर्वाह भएर आफ्ना नागरिकलाई बेघर बनाउँछ, त्यो बेला प्रतिपक्षको बलियो भूमिका अपेक्षित हुन्छ ।

सरकारको कार्यशैली नियन्त्रणमुखी हुँदै छ । सुकुमवासीका नाममा कैयौं परिवार बेघर छन् । महँगीले आकाश छोएको छ । मान्छेहरू ग्यासको लाइनमा घन्टौं उभिनुपरेको छ । अरू नागरिक सेवाहरू दुरुह बनेको छ । सहकारीपीडितको मुद्दा कहाँ पुग्यो ? बेखबर छ । जेन-जी आन्दोलनका नाममा अराजकता मच्चाउनेहरू कति कारबाहीमा परे ? प्रतिवेदन किन कार्यान्वयन भएन ? यस्ता थुप्रै प्रश्नमा कांग्रेसले बलियो खबरदारी गर्न सकेको छैन । खाली औपचारिक विरोधमा सीमित छ ।

पार्टीलाई आन्तरिक कलहबाट निकाल्दै त्यसको व्यवस्थापन र राष्ट्रिय राजनीतिमा बलियो भूमिका निर्वाह गर्ने अपेक्षा गरिएका गगन बीपीको जुत्तामा खुट्टा हालेकामा मुग्ध मात्रै हुन्छन् कि यो उल्झनबाट कांग्रेसलाई उतार्दै आफूलाई कुशल राजनीतिक स्वप्नद्रष्टा प्रमाणित गर्न सक्छन् ? उनको परीक्षा बाँकी नै छ ।

@Rajaramgautam

# योजना मात्रै नबनाऔं, परिणाम खोजौं

**विकास निर्माणका आयोजनालाई केवल 'कागजी योजना' बनाउनु हाम्रो लक्ष्य होइन । ती योजनालाई सफलतापूर्वक भुइँमा उतारेर हरेक नेपालीको जीवनस्तर सुधार्नु अनि देशलाई समृद्धिको दिशामा अघि बढाउनु हाम्रो खास लक्ष्य हुनुपर्छ ।**



रवि कुमार

(लेखक गैरनाफामूलक संस्था 'कोड फर नेपाल' का संस्थापक र विश्व बैंकका वरिष्ठ अधिकृत हुन्)

गत भदौमा गुणस्तरीय सार्वजनिक सेवा र अवसर माग गर्दै शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीमध्ये १७ वर्षे विद्यार्थी श्रीयम पनि एक थिए । ती विद्यालय पोसाकमै सडकमा ओर्लिएका थिए । अरू आम नेपालीझैं उनको माग पनि सामान्य थियो- आधारभूत सेवा पाउन कसैलाई घूस बुझाउनु नपरोस् वा पहुँचवालाको चाकरी गर्नु नपरोस् । नेपाललाई प्रगतिको बाटोमा डोर्‍याउन र विद्यमान थिति बदल्न 'जेन-जी' ले नेतृत्व गरेको त्यस अभूतपूर्व क्रान्तिमा ज्यान गुमाउने दर्जनौं सहिदमध्ये श्रीयम पनि एक बने ।

युवाले दुई दिनभित्रै नेपालको स्थितिमा यति ठूलो र गहिरो रूपान्तरण ल्याउलान् भनेर कसैले कल्पनासम्म गरेका थिएनन् । दशकौंदेखि गुम्सिएको आक्रोश र एउटा उन्नत भविष्यको अदम्य आशाले यो परिवर्तन सम्भव भएको थियो । दशकौंदेखि कायम पुरानो थिति ढल्यो ।

नेताका अनुहार फेरिए, तर नेपाललाई वर्षौंदेखि आफ्ना ठूला-ठूला योजना कार्यान्वयन गर्न नदिने धेरैजसो पुराना 'अड्चन र संरचनागत गाँठा उस्तै रहे । नेपालमा ठूला चुनौती भित्री नेपथ्यमा लुकेका छन् । यी समस्या सोसल मिडियामा 'भाइरल' हुँदैनन् । यी त हाम्रा विकास निर्माणका आयोजना अघि बढ्न नदिने र देशको सम्भावना खुम्च्याउने 'स्थायी तगारा' हुन् ।

**किन बीचैमा लड्खडाउँछन् योजना ?**

चुनौतीका व्यावहारिक ज्ञान र कार्यान्वयन क्षमता मूल्यांकन नगरीकन ठूला-ठूला योजना कागजमा कोरिए । ५० वर्षअघि सन् १९७० मा तत्कालीन योजना आयोगका सचिवले भनेका थिए, 'दुर्भाग्यवश, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने वास्तविक प्रयास र क्षमताबारे खासै ध्यान दिइएको पाइँदैन ।'

सुरुवाती प्रयास अस्पष्ट लक्ष्य, कमजोर आयोजना ढाँचा र दक्ष जनशक्तिको अभावले ग्रसित थिए । नेतृत्वले इच्छाशक्ति देखाउँदा पनि सरकारी संयन्त्रभित्रको जटिलता, राजनीतिक हस्तक्षेप र विभिन्न निकायबीचको समन्वय अभावले सोचेजस्तो काम हुन सकेन । सुस्त नियुक्ति प्रक्रिया, विशिष्टीकृत तालिमको कमी र जिम्मेवारी पन्छाउने ढर्राको प्रशासनिक संस्कृतिले हाम्रा प्रयास सधैं ओझेलमा पारिरह्यो ।

आर्थिक वृद्धिका लागि अत्यावश्यक भौतिक पूर्वाधारमा हुने सार्वजनिक खर्च अझै प्रणालीगत समस्याकै चक्रव्यूहमा फसेको छ । उदाहरणका लागि, आर्थिक वर्ष २०८२/०८३ मा पूर्वाधार बजेटमा छुट्याइएको प्रत्येक १०० रुपैयाँमध्ये पहिलो ६ महिनामा नेपालले मात्र १२ रुपैयाँ १० पैसा खर्च गर्न सक्यो । समयमा काम नहुने र बजेट थन्किरहने यही सुस्त परिपाटीको प्रत्यक्ष मार नागरिकको दैलोसम्म पुग्छ, जस्तो हालै 'कान्तिपुर' ले खबर छापेझैं, यस वर्ष पनि धेरै किसानले समयमै मल पाएनन् ।

**आयोजना तयारीका सुरुवाती तगारा :**

- फितलो आयोजना छनोट र योजना : हामी अक्सर आयोजनाको पर्याप्त अध्ययनबिनै वा तिनको आवश्यकता र क्षमताको लेखाजोखा नै नगरी बजेटमा योजना हुल्छौं । त्यसपछि बजेट छरिएर आयोजनाको भीड लाग्छ, जसलाई अहिलेको गतिमा सक्न दशकौं लाग्न सक्छ ।
- कागजी झन्झटको चक्रव्यूह : रूख काट्ने अनुमति वा जग्गा प्राप्तिजस्ता अत्यावश्यक स्वीकृति पाउन वर्षौं लाग्छ । परम्परागत ढड्डा प्रणाली र जग्गाको मुआब्जा विवाद यसका मुख्य कारण हुन् ।



तस्बिर : कान्तिपुर

**कार्यान्वयन तहका अप्ठ्यारा**

- 'असारे विकास' र बजेटको भेल : हाम्रो पुँजीगत खर्चको ठूलो हिस्सा आर्थिक वर्षको अन्तिम महिनामा मात्रै हुने गर्छ । ढिलो बजेट निकासा हुनाले अन्तिम समयमा बजेट सक्न हतार-हतार काम गरिन्छ, जसले गर्दा कामको गुणस्तर खस्किन्छ र स्रोत दुरुपयोग हुन्छ ।
- सुस्त र कसिलो खरिद प्रक्रिया : नेपालमा सामान वा सेवा खरिद गर्ने प्रक्रिया दक्षिण एसियाकै अन्य देशका तुलनामा निकै सुस्त छ । झन्झटिला नियम, स्थानीय टोलीलाई अधिकार कमी र कम रकम कबोल गर्नेलाई काम दिने परिपाटीले गुणस्तरमा ठूलो सम्झौता भइरहेको छ ।

**विश्वबाट सिकौं सफलताका रूपरेखा**

दक्षिण कोरिया, सिंगापुर, रुवान्डा, इस्टोनिया र भियतनामजस्ता धेरै देशले एकै पुस्ताभित्र अर्थतन्त्रको कायापलट गरे । तिनका अनुभव हाम्रा लागि ठूला पाठ हुन सक्छ ।

- सिंगापुरको 'एकीकृत कार्यशैली' : यो सानो देशले लगानीकर्ता भित्र्याई, उत्कृष्ट शिक्षा विकाससहित पूर्वाधारमा ठूलो लगानीपछि समृद्धि हासिल गर्‍यो । यसको मुख्य साँचो सरकारका सबै निकाय एउटै साझा लक्ष्यका लागि एकजुट भएर काम गर्नु थियो ।
- इस्टोनियाको डिजिटल फड्को : सोभियत शासनबाट मुक्त भएपछि इस्टोनियाले परम्परागत बाटो छाडेर सिधै 'डिजिटल युग' मा फड्को मार्‍यो । लगभग सबै सरकारी सेवा अनलाइन बनाएर उसले कागजी झन्झट हटायो, नवप्रवर्तनलाई प्रोत्साहन दियो ।
- दक्षिण कोरियाको मानव पुँजीमा जोड : युद्धको खरानीबाट उठेको दक्षिण कोरियाले शिक्षालाई प्राथमिकता दिँदै कडा मिहिनेतपछि विश्वस्तरीय उद्योगको विकास गरेर आफूलाई आर्थिक शक्ति बनायो ।
- रुवान्डाको समावेशी पुनरुत्थान : भयानक नरसंहारको पीडाबाट ब्युँझिएको रुवान्डाले राष्ट्रिय एकता, महिला सशक्तीकरण र प्रविधिको प्रयोगमार्फत तीव्र गतिमा पुनरुत्थान हासिल गर्‍यो ।
- भियतनामको बजारमुखी सुधार : भियतनामले बिस्तारै बजारमैत्री नीति अपनायो, शिक्षामा लगानी गर्‍यो र विदेशी लगानी आकर्षित गर्न विशेष आर्थिक क्षेत्र निर्माण गर्‍यो ।

यी सबै देशको सफलताको साझा सूत्र के हो ? दूरदर्शी नेतृत्व, शिक्षा र प्रविधिमा निरन्तर जोड, सांस्कृतिक अनुकूलन र कठिन निर्णयहरू लिने आँट ।

**यी विश्वव्यापी पाठलाई कसरी व्यवहारमा उतार्ने ?**

- आयोजनाको भर्तीकेन्द्र बनेको लामो सूची छाडौं । उच्च प्रतिफल दिने र राष्ट्रिय लक्ष्यसँग मिल्ने रणनीतिक आयोजनालाई मात्रै प्राथमिकता साथ छनोट गरौं ।
- ठूला-ठूला कागजी दृष्टिकोणलाई आयोजना टोलीले भुइँमा सजिलै लागू गर्न सक्ने स्पष्ट, व्यावहारिक र मापनयोग्य चरणमा विभाजन गरौं ।
- स्थानीय टोलीलाई अधिकारसम्पन्न बनाऔं । स-साना निर्णयका लागि काठमाडौंको मुख ताक्नुपर्ने बाध्यता अन्त्य गर्दै मन्त्रालय र स्थानीय आयोजना टोलीलाई थप अधिकार दिऊँ । नतिजामुखी र जवाफदेही नोकरशाही निर्माणका लागि यो अनिवार्य छ ।
- छुट्टाछुट्टै टापु बनेर काम गर्ने परिपाटी तोडौं । सहरी विकासजस्ता जटिल आयोजनामा भूमिसुधारदेखि यातायातसम्मका सबै सम्बद्ध निकायले छुट्टाछुट्टै टापु बनेर होइन, एउटै साझा टोली बनेर काम गर्नुपर्छ ।
- गति र पारदर्शिताका लागि प्रविधि अँगालौं । रूख काट्ने स्वीकृति र जग्गा प्राप्तिका झन्झटिला प्रक्रिया पूर्ण रूपमा डिजिटल बनाऔं । रूख गणनाका लागि 'लिडार' जस्ता आधुनिक प्रविधि प्रयोग गरी ढड्डा पल्टाउने सुस्त परिपाटी अन्त्य गरौं ।
- सूचना सहज र सुरक्षित रूपमा आदानप्रदान हुन सकून् भन्न वित्तीय र योजनासम्बन्धी आईटी प्रणाली एकीकृत गरौं, जसले गर्दा कामको समयमै अनुगमन गर्न सकियोस् ।
- सहरी योजना र डिजिटल साक्षरताजस्ता क्षेत्रमा तालिम कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्तिको अभाव पूर्ति गरौं । दीर्घकालीन जनशक्ति तयार पार्न विश्वविद्यालय जोड्नुपर्छ ।
- सार्वजनिक खरिद ऐन र नियमावलीलाई अझ प्रभावकारी र पारदर्शी बनाउन परिमार्जन गरौं । आयोजना प्रमुखलाई अधिकार दिने, स्पष्ट मार्गदर्शन बनाउने र 'कम मूल्य' लाई मात्रै नभई 'गुणस्तर' लाई मुख्य आधार मान्ने व्यवस्था गरौं ।
- निजामती सेवाभित्र ढिलासुस्ती र भ्रष्टाचार निरुत्साहित गर्न, कार्यक्षमता बढाउन 'कामको नतिजाका आधारमा पुरस्कार र सजाय' व्यवस्था गरौं ।
- आयोजनाको प्रगति पछ्याउने, के सफल भयो र के भएन भन्ने वस्तुनिष्ठ मूल्यांकन गर्ने । र, ती पाठबाट भविष्यका आयोजना सुधार्ने मजबुत प्रणाली बसाऔं ।

प्रमाणमा आधारित र सिकाइप्रति प्रतिबद्ध भई यस्ता साना, तर ठोस कदम चाल्न सके नेपालले विकासका अड्चन क्रमबद्ध पन्छाउन सक्छ । यो यात्राका लागि परिस्थितिअनुसार ढल्किन सक्ने लचिलोपन, पारदर्शी संस्था, अधिकारसम्पन्न स्थानीय विशेषज्ञता र प्रविधिको प्रयोग आवश्यक छ ।

हाम्रो लक्ष्य केवल 'कागजी योजना' बनाउनु होइन, ती योजनालाई सफलतापूर्वक भुइँमा उतारेर हरेक नेपालीको जीवनस्तर सुधार्नु र देशलाई समृद्धिको दिशामा अघि बढाउनु हो ।

# एकीकृत सञ्चार कानुन निर्माणको आधार



लक्ष्मणदत्त पन्त
(मिडिया अधिकारकर्मी पन्त ग्लोबल फोरम फर मिडिया डेभलपमेन्ट (जीएफएमडी) का उपाध्यक्ष हुन्)




तस्बिर : सटरस्टक

रेडियो, टेलिभिजन, मुद्रण, अनलाइन प्लाटफर्म, सामाजिक सञ्जाल, डिजिटल प्रसारण तथा नयाँ प्रविधिलाई छरिएका कानुनले प्रभावकारी रूपमा नियमन गर्न सक्दैन । यस अर्थमा छाता कानुनका रूपमा राष्ट्रिय आमसञ्चार ऐन ल्याउने पहल समयसापेक्ष र स्वागतयोग्य छ ।

सूचना तथा सञ्चार मन्त्रालयद्वारा २० साउन २०८३ मा राष्ट्रिय आमसञ्चार विधेयक तर्जुमासम्बन्धी अवधारणापत्र सार्वजनिक गरिएको छ । नेपालमा विद्यमान सञ्चारसम्बन्धी कानुनले पुराना, खण्डित तथा तीव्र गतिमा विकसित भइरहेको डिजिटल सञ्चार वातावरणलाई नियमन गर्न पर्याप्त नरहेको तथ्य मनन गर्दै अवधारणापत्र सार्वजनिक गरिएको हो ।

रेडियो, टेलिभिजन, मुद्रण, अनलाइन प्लाटफर्म, सामाजिक सञ्जाल, डिजिटल प्रसारण तथा नयाँ प्रविधिलाई छरिएका कानुनले प्रभावकारी रूपमा नियमन गर्न सक्दैन । यस अर्थमा छाता कानुनका रूपमा राष्ट्रिय आमसञ्चार ऐन ल्याउने पहल समयसापेक्ष र स्वागतयोग्य छ ।

विधेयकको अवधारणापत्रसँगै कानुन निर्माणको प्रक्रिया अघि बढ्दा सरकार, संसद् र सरोकारवालाले एकीकृत सञ्चार कानुन निर्माण गर्नु केवल विद्यमान कानुनलाई एकै संरचनामा समेट्ने अभ्यास मात्रै होइन । यो राज्य, सञ्चारमाध्यम र नागरिकबीचको सम्बन्ध पुनर्परिभाषित गर्ने अवसर पनि हो । र, यस वास्तविकता मनन गरे मात्रै यस पहलले सार्थकता पाउनेछ । विवेकपूर्ण ढंगले निर्माण गरिए यो कानुन २०७२ को संविधानपछि नेपालको सबैभन्दा महत्त्वपूर्ण सुधारमध्ये एक हुन सक्छ । यद्यपि कुनै पनि कानुनको आधार नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्वबाट प्रारम्भ हुनुपर्छ भन्ने विषयको भने हेक्का राखिनु जरुरी छ ।

**प्रस्थानविन्दुका रूपमा संविधान**

प्रस्तावित कानुनले नेपालको संविधानको धारा १७ र १९ बाट वैधता ग्रहण गर्नुपर्छ । धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गर्छ भने धारा १९ ले सञ्चारमाध्यम स्थापना तथा सञ्चालन अधिकार सुनिश्चित गर्दै प्रेस स्वतन्त्रताको संरक्षणसहित मिडिया सामग्रीको पूर्वप्रतिबन्धलाई निषेध गरेको छ । सञ्चार स्वतन्त्रता एक्लै अस्तित्वमा रहने अधिकार होइन भन्ने तथ्य स्वीकार गर्दै संविधानका अन्य मौलिक हक विशेषगरी धारा २७ अन्तर्गतको सूचनाको हक र धारा २८ अन्तर्गतको गोपनीयताको हकलाई पनि ख्याल गरिनु वाञ्छनीय छ ।

प्रस्तावित कानुनले खोजमूलक पत्रकारिता तथा सार्वजनिक सरोकारका विषयमा गरिने रिपोर्टिङलाई संरक्षण गर्दै आवश्यक संवैधानिक आधार भएका अवस्थामा व्यक्तिगत गोपनीयता र गोप्य सूचनाको सुरक्षाबीच सावधानीपूर्वक सन्तुलन कायम गर्नुपर्छ ।

**अन्तर्राष्ट्रिय दायित्व**

अवधारणापत्रको सबैभन्दा ठूलो कमजोरीमध्ये एक प्रस्तावित कानुनको आधारका रूपमा 'अन्तर्राष्ट्रिय दायित्व' उल्लेख गरिए पनि त्यससम्बन्धी खण्ड रिक्त छ । नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र हो । त्यसैले यसका प्रावधानहरू नेपालको आन्तरिक कानुन तथा कानुनी व्याख्यामा सान्दर्भिक छन् ।

यस महासन्धिको धारा १९ ले सञ्चार नियमनका लागि सबैभन्दा बलियो अन्तर्राष्ट्रिय कानुनी आधार प्रदान गरेको छ । नेपालको नयाँ सञ्चार कानुनका लागि आदर्श ढाँचा उपलब्ध रहेको यस कानुनले प्रत्येक व्यक्तिलाई कुनै हस्तक्षेपबिनै विचार राख्ने स्वतन्त्रता तथा सीमाको पर्वाहबिनै आफूले रोजेको कुनै पनि माध्यममार्फत सूचना र विचार खोज्ने, प्राप्त गर्ने तथा सम्प्रेषण गर्ने स्वतन्त्रता प्रदान गरेको छ । अभिव्यक्ति स्वतन्त्रतामाथि प्रतिबन्ध केवल कानुनद्वारा निर्धारित अवस्थामा लगाउन सकिने र त्यस्तो प्रतिबन्ध अरूको अधिकार वा प्रतिष्ठाको संरक्षण, राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा सार्वजनिक नैतिकताको संरक्षणका लागि अत्यावश्यक भएको अवस्थामा मात्रै उचित ठहरिने व्यवस्थासमेत छ । अन्तर्राष्ट्रिय रूपमा स्वीकृत यो महासन्धिको प्रावधान न सरकारविरोधी हो, न नियमनविरोधी । बरु यसले सरकारलाई सञ्चारमाध्यमको नियमन गर्न वैधानिक रूपमा उचित आधार प्रदान गर्दै स्वेच्छाचारी प्रतिबन्ध लगाउनबाट रोक्छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिले आफ्नो सामान्य टिप्पणी नं. ३४ मार्फत सरकारहरूले सञ्चारमाध्यमको बहुलवाद प्रवर्द्धन गर्नुपर्ने, सम्पादकीय स्वतन्त्रता संरक्षण गर्नुपर्ने, नियमन प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्नुपर्ने, अत्यधिक इजाजतपत्रसम्बन्धी आवश्यकताबाट बच्नुपर्ने तथा पत्रकारितालाई दबाउन आपराधिक सजायको प्रयोग गर्न नहुनेमा विशेष जोड दिएको छ । यी अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य मापदण्डलाई नेपाली कानुनमा समावेश गर्नु विदेशी मूल्य-मान्यता आयात गर्नु नभई नेपालले अन्तर्राष्ट्रिय सन्धिहरूमार्फत स्वेच्छाले स्वीकार गरेका दायित्वको सम्मान गर्नु हो ।

**मिडिया कानुन निर्माणमा विगतको अनुभव**

विगत दुई दशकमा सञ्चारसम्बन्धी कानुन निर्माणका क्रममा नेपालले प्राप्त गरेको अनुभवले धेरै महत्त्वपूर्ण पाठहरू सिकाएको छ । दुर्भाग्यवश, महत्त्वपूर्ण सञ्चार कानुनको मस्यौदा तयार पर्दा विगतमा मन्त्रालय, संसद् र सम्बन्धित समितिको परामर्श प्रक्रियामा प्रायः राजनीतिक दलनिकट संगठन, सीमित संख्याका विज्ञ र सरकारको प्राथमिकतासँग सहमत व्यक्ति र संस्थालाई मात्रै सहभागी गराइएको छ ।

स्वतन्त्र विज्ञ, संवैधानिक कानुनका अध्येता, इन्टरनेट स्वतन्त्रताका विशेषज्ञ, शैक्षिक संस्था तथा नागरिक समाजलाई परामर्श प्रक्रियामा निस्तेज गराइएको वा मुख्य नीतिगत निर्णय भइसकेपछि मात्रै औपचारिक रूपमा बोलाइने गरिएको इतिहास छ । सञ्चारसम्बन्धी प्रस्तावित विभिन्न विधेयकले व्यापक आलोचना खेप्नुको प्रमुख कारण पनि यही हो । विगतमा मिडियासम्बद्ध कानुनहरू स्वतन्त्र सञ्चार नियमनलाई सुदृढ बनाउनेभन्दा नियामक संस्थामाथि राजनीतिक प्रभाव विस्तार गर्ने उद्देश्यले ल्याइएकाले ती कानुनको सार्थकता र स्वीकार्यता ओझेलमा परेको हो ।

तसर्थ अबको परामर्श औपचारिकतामै सीमित नगरी अर्थपूर्ण हुनुपर्छ । परामर्शलाई गोष्ठी, बैठक वा कार्यशालामा सीमित नगरी संविधानविद्, सञ्चार कानुनका विशेषज्ञ, सम्पादक, प्रेस स्वतन्त्रताका पक्षधर, डिजिटल प्लाटफर्म विज्ञ, प्रसारक, मिडिया अध्येता, नागरिक समाज, मानवअधिकार विज्ञलगायतका सरोकारवालाको सहभागितामा समावेशी संवाद अघि बढाउनुपर्छ । साथै, नेपालको संवैधानिक, राजनीतिक र संस्थागत यथार्थअनुकूल अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास पहिचान गरी तिनलाई नेपाली सन्दर्भमा रूपान्तरण गरिनुपर्छ ।

**के समावेश गर्ने छाता सञ्चार कानुनमा ?**

राष्ट्रिय आमसञ्चार कानुनले विद्यमान कानुनहरूलाई एउटै ऐनमा गाभ्ने काम मात्रै नगरी संवैधानिक प्रावधान र मानवअधिकार मापदण्डमा आधारित एक सुसंगत कानुनी ढाँचा स्थापना गरिनुपर्छ ।

सम्पादकीय स्वतन्त्रताको स्पष्ट संरक्षणका लागि समाचार सम्प्रेषण गर्ने वा रोक्ने निर्णय पूर्णरूपमा सम्पादक र सञ्चार संस्थाको व्यावसायिक निर्णयको विषय बनाइनुपर्छ । सरकार वा कुनै नियामक निकायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाचारको प्राथमिकता वा सम्पादकीय नीतिमा हस्तक्षेप गर्ने अधिकार हुनु हुँदैन । त्यसैगरी छाता कानुनले राजनीतिक प्रभावबाट स्वतन्त्र, योग्यता र क्षमताका आधारमा सञ्चालन हुने नियामक संस्थाको व्यवस्था गर्नुपर्छ । विगतका अनुभवले सञ्चार नियामक निकायहरू राजनीतिक नियुक्तिका कारण कमजोर बन्दै गएको र उनीहरूको स्वतन्त्रताप्रति जनविश्वास घट्दै गएको देखाएको छ ।

प्रस्तावित कानुनको बहसमा ल्याइनुपर्ने अर्को विषय हो- पारदर्शी र गैरभेदभावपूर्ण दर्ता तथा इजाजत प्रणाली । दर्ता तथा इजाजत (लाइसेन्स) प्रक्रिया पारदर्शी हुनुपर्छ । विशेषतः अनलाइन समाचार पोर्टलहरूलाई अनावश्यक प्रक्रियामा बाँधिनु हुँदैन किनकि यस्तो व्यवस्था अभिव्यक्ति स्वतन्त्रता सीमित गर्ने माध्यम बन्न सक्छ । साथै, कानुनमा सञ्चारमाध्यमको सामग्री मनपरी रूपमा हटाउन नपाउने स्पष्ट व्यवस्था हुनुपर्छ । कुनै पनि प्रतिबन्ध स्पष्ट कानुनी आधार, विधिसम्मत प्रक्रिया तथा न्यायिक पुनरावलोकनका आधारमा मात्रै हुनुपर्छ । यसले नेपालको संविधानमा रहेको पूर्वप्रतिबन्धविरुद्धको संरक्षण र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १९ मा उल्लेख गरिएको 'कानुनी, आवश्यक र समानुपातिक' प्रतिबन्धको सिद्धान्तलाई पनि प्रतिबिम्बित गर्छ ।

पत्रकार तथा उनीहरूका गोप्य स्रोतलाई स्पष्ट कानुनी संरक्षण प्रदान गरिनुपर्छ । खोजमूलक पत्रकारिता प्रायः भ्रष्टाचार, अधिकारको दुरुपयोग तथा सार्वजनिक सरोकारका विषयबारे सूचना उपलब्ध गराउने गोप्य सूचनादातामा निर्भर हुन्छ । स्रोतको गोपनीयता कानुनद्वारा सुरक्षित गरिएन भने प्रतिशोधको डरले धेरै व्यक्ति सार्वजनिक हितका लागि महत्त्वपूर्ण जानकारी खुलासा गर्न हिचकिचाउनेछन् । छाता सञ्चार कानुनले परम्परागत छापा तथा प्रसारण माध्यममा मात्र केन्द्रित नभई नयाँ प्रविधिलाई समेट्न सक्ने प्रविधि-तटस्थ सिद्धान्त अपनाउनुपर्छ । डिजिटल सञ्चारको विस्तारसँगै दुष्प्रचार, अनलाइन दुर्व्यवहार तथा हानिकारक सामग्री बढेका छन् । यद्यपि अस्पष्ट वा अत्यधिक कानुनी प्रावधान सजिलै प्रतिबन्धको उपकरण बन्न सक्छन् । जानाजानी फैलाइने गलत सूचना र पत्रकारिताजन्य माध्यमबाट हुने सामान्य त्रुटि वा सरकारप्रतिको वैध आलोचनाबीच स्पष्ट भिन्नता छुट्याउने प्रावधान कानुनमा हुनुपर्छ ।

समेटिनुपर्ने अर्को महत्त्वपूर्ण विषय हो- सञ्चार बहुलवाद । नागरिकको विविध र स्वतन्त्र सूचना स्रोतहरूमा पहुँच हुनुपर्छ । सञ्चार क्षेत्र राज्य वा निजी स्वार्थ समूहको नियन्त्रणमा सीमित हुँदा लोकतन्त्र कमजोर हुनेतर्फ ध्यान दिइनुपर्छ । छाता सञ्चार कानुनले सामुदायिक सञ्चारमाध्यम, सार्वजनिक सेवा प्रसारण, स्थानीय भाषाका प्रकाशन तथा सीमान्तकृत र अल्पसंख्यक समुदायलाई सेवा दिने सञ्चारमाध्यम विकासमा प्रोत्साहन गर्नुपर्छ ।

सूचनाको हक, व्यक्तिगत गोपनीयताको अधिकार तथा विद्युतीय कारोबारसम्बन्धी छुट्टाछुट्टै कानुनजस्ता अस्तित्वमा रहेका कानुनसँग बाझिने वा दोहोरो दायित्व सिर्जना हुने प्रावधान राखिनु हुँदैन । सबै महत्त्वपूर्ण नियामक निर्णय प्रभावकारी न्यायिक निगरानीमार्फत रहने व्यवस्था हुनुपर्छ । जरिवाना वा अन्य प्रतिबन्धात्मक निर्णयको अन्तिम परीक्षण गर्ने अधिकार न्यायालयसँग रहनुपर्छ ।

नेपालको संविधानको भावनाअनुरूपको छाता आमसञ्चार कानुन व्यापक र अर्थपूर्ण परामर्श प्रक्रियामार्फत तयार हुनुपर्छ । संविधानले सुनिश्चित गरेका मौलिक हकमा आधारित, अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दायित्वबाट निर्देशित तथा दलगत स्वार्थबाट पूर्ण रूपमा मुक्त एकीकृत आमसञ्चार कानुनको निर्माण र कार्यान्वयनले समग्र सञ्चार तथा सूचना चक्रलाई विश्वसनीय र सुरक्षित बनाउनेमा दुविधा छैन ।

# राज्यको असफलता, डाक्टरको टाउको



डा. बालकृष्ण साह
(साह स्कुल अफ मेडिसिन, पूर्वाञ्चल विश्वविद्यालयका उपप्राध्यापक हुन्)

कालीकोटको पलाता अस्पताल होस् वा वीरगन्जको नारायणी अस्पतालको आकस्मिक कक्ष, नेपालका अस्पतालहरूमा चिकित्सकमाथि आक्रमण हुने दृश्य र शैली एउटै छ । कारणहरू फरक होला । तर अधिकांश अवस्थामा बिरामीको मृत्यु वा जटिलता आउनासाथ डाक्टर कुटिन्छन्, अस्पताल तोडफोड हुन्छ, सेवा ठप्प बन्छ । अनि प्रहरी प्रशासन 'शान्ति-सुरक्षा' को नाममा दुवै पक्षलाई राखेर मिलापत्र वा वार्ता गराउन पुग्छ ।

डाक्टरका गलत उपचारका कारण पिटिएका हुन् भन्ने आम सामाजिक धारणा बन्दै गएका छन् । तर यथार्थमा राज्यको स्वास्थ्य प्रणालीमा रहेको संरचनागत असफलताका कारण डाक्टरमाथि आक्रमण भइरहेको पाइन्छ ।

नेपालमा चिकित्सकमाथि हुने हिंसा कुनै आकस्मिक मानवीय आवेग मात्र होइन । यो त राज्यको फितलो स्वास्थ्य नीति, बजेटको खडेरी, नालायक अस्पताल व्यवस्थापन र दण्डहीनताको राजनीतिक संस्कृतिले जन्माएको नियमित उपज हो ।

**तथ्यांकले बोल्ने डरलाग्दो चित्र**

नेपाल चिकित्सक संघको पछिल्लो दाबीअनुसार पछिल्ला १० महिनामा करिब ९० जना चिकित्सक कार्यस्थलमै कुटिएका वा दुर्व्यवहारमा परेका छन् । नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचपीसी) मा प्रकाशित अध्ययनहरूले नेपालका करिब दुईतिहाइ स्वास्थ्यकर्मीहरूले आफ्नो पेसागत जीवनमा कुनै न कुनै प्रकारको हिंसा भोग्नुपरेको देखाएको छ ।

हुन त विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले स्वास्थ्य क्षेत्रको हिंसालाई 'विश्वव्यापी सार्वजनिक स्वास्थ्य चुनौती' घोषणा गरेको छ । इन्डियन मेडिकल एसोसिएसन (आईएमए) ले सन् २०१५ मा सार्वजनिक गरेको एक अध्ययन अनुसार भारतमा ७५ प्रतिशतभन्दा बढी चिकित्सकहरूले कार्यस्थलमा मौखिक वा शारीरिक हिंसाको सामना गर्छन् । त्यहाँ पनि सरकारी अस्पताल र आकस्मिक कक्षहरू नै हिंसाका प्रमुख थलो हुन् । त्यस्तै अमेरिकाको श्रम मन्त्रालयअन्तर्गतको अकुपेसनल सेफ्टी एन्ड हेल्थ एडमिनिस्ट्रेसन (ओएसएचए) को तथ्यांक अनुसार, अमेरिकामा स्वास्थ्य क्षेत्रका श्रमिकहरू अन्य निजी क्षेत्रका श्रमिकभन्दा कार्यस्थल हिंसाको सिकार हुने सम्भावना ४ गुणा बढी हुन्छ । त्यस्तै बेलायतमा वार्षिक ६० हजारभन्दा बढी स्वास्थ्यकर्मीमाथि आक्रमणका घटना दर्ता हुन्छन् ।

तर विकसित मुलुकहरू र नेपालबीच प्रणालीको उपस्थिति र कानुनको सर्वोच्चतामा आकाश-पातालको अन्तर छ । बेलायतको 'नेसनल हेल्थ सर्भिस' (एनएचएस) मा कुनै डाक्टरमाथि धम्की मात्रै भयो भने पनि 'जिरो टोलेरेन्स' (शून्य सहनशीलता) नीतिअन्तर्गत तुरुन्तै प्रहरी र कानुनी संयन्त्र सक्रिय हुन्छ । अमेरिकाका ३० भन्दा बढी राज्यहरूमा डाक्टर, नर्स वा स्वास्थ्यकर्मीहरूमाथिको आक्रमणलाई 'फेलोनी' अर्थात् गम्भीर फौजदारी अपराध मानिन्छ । छिमेकी मुलुक भारतमै पनि पछिल्ला वर्षहरूमा 'अस्पताल संरक्षण ऐन' अन्तर्गत दोषीलाई तुरुन्त 'गैर-जमानत हिरासत' मा पठाएर कारबाही अगाडि बढाइन्छ । र, कानुनी प्रक्रिया चलिरहँदा पनि स्वास्थ्य सेवा रोकिँदैन । नेपालमा भने पहिले भीड जम्मा हुन्छ, डाक्टरको टाउको फुट्छ, अस्पतालहरूमा आन्दोलन सुरु हुन्छ अनि मात्र राज्य ब्युँझिन्छ ।

**राज्यको असफलताले सिर्जित समस्या**

अस्पतालभित्र हुने अधिकांश हिंसात्मक घटना आकस्मिक कक्ष, आईसीयू, प्रसूति र शल्यक्रिया कक्ष जस्ता उच्च जोखिमयुक्त विभागमा हुन्छन् । र, मुख्य कुरा बिरामीका आफन्तले भोग्ने ९० प्रतिशत समस्याको प्रत्यक्ष कारक चिकित्सक हुँदैनन् ।

आईसीयूमा बेड खाली नहुनु, रगत अभाव हुनु, भेन्टिलेटर बिग्रिनु, फार्मेसीमा औषधि सकिनु, एम्बुलेन्स ढिलो पुग्नु वा जनशक्ति कम हुनु जस्ता सबै समस्या स्वास्थ्य मन्त्रालय, बजेट प्रणाली र अस्पताल विकास समितिको कमजोरी हुन् । तर बिरामीका आफन्तले मन्त्रालय वा बजेटको रातो किताब देख्दैनन् । उनीहरूका अगाडि मात्र एउटा डाक्टर उभिएको हुन्छ ।

समाजशास्त्रमा यसलाई 'दृश्य जवाफदेहिता' (भिजुवल एकाउन्टिबिलिटी) को समस्या भनिन्छ । राज्य ढोकाको पछाडि लुक्छ । अनि सम्पूर्ण स्वास्थ्य प्रणालीको असफलताको भार र आक्रोश अन्ततः चिकित्सक एक्लैले बोक्नुपर्छ । कुनै पुल भत्किँदा इन्जिनियर वा मुद्दा हार्दा अदालत परिसरमा वकिल नकुटिने, तर अस्पतालमा डाक्टर तारो बन्ने मुख्य कारण यही हो ।

**कानुन कार्यान्वयनमा दण्डहीनता र 'भीडतन्त्र' हाबी**

नेपालमा चिकित्सक वा स्वास्थ्यकर्मीहरूका सुरक्षाका लागि कानुन नभएको होइन । नेपालमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ र २०७८ को अध्यादेशमार्फत संशोधन गरिएका कडा प्रावधानहरू विद्यमान छन् । ऐनमा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामाथि हातपात, तोडफोड वा घेराउ गरेमा प्रहरीले बिनापुर्जी तुरुन्त पक्राउ गरी गैर-जमानती हिरासतमा राखेर कारबाही चलाउनुपर्ने स्पष्ट कानुनी 'म्यान्डेट' छ ।

तर यस्तो कानुन हुँदाहुँदै पनि नारायणी अस्पताल, भक्तपुर अस्पताल वा कालीकोटमा आक्रमण गर्नेहरू तुरुन्त जेल जाँदैनन् ? धेरैजसो जिल्ला र प्रहरी वृत्तका अधिकारीहरूलाई यो ऐनको क्षेत्राधिकार र गम्भीरताबारे पर्याप्त जानकारी नै नभएको जस्तो गर्छन् । उनीहरू अस्पतालको हिंसालाई पनि बाटोमा हुने सामान्य झगडा वा 'मुलुकी अपराध संहिता' को हल्का दफा (जस्तैः अभद्र व्यवहार) बाट हेर्ने गर्छन् ।

अस्पताल वा स्वास्थ्य संस्थामा यस्ता घटना हुनासाथ स्थानीय नेता, ट्रेड युनियन वा पहुँचवालाहरू अभियुक्तलाई बचाउन प्रहरी कार्यालय पुग्छन् । 'आफन्त शोकमा थिए, भूलवश भयो' भन्दै कानुनी प्रक्रियालाई राजनीतिक दबाबमा सामसुम पार्ने कोसिस गर्छन् । अनि कानुन कार्यान्वयन गर्ने प्रहरी-प्रशासन घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई मुद्दा चलाउन अन्कनाउने हुन्छन् । बरु दुवै पक्षलाई एउटै टेबुलमा राखेर 'मिलापत्र गराउन' बढी उत्सुक देखिन्छ । कानुनी राज्यलाई भीडको अगाडि घुँडा टेकाइन्छ । मिलापत्रले घटना मिलाउँछ, समस्या होइन । आज डाक्टरसँग गराएको मिलापत्रले भोलि अर्को घटनालाई निम्तो दिने सम्भावना हुन्छ ।

धेरै वटा यस्ता संकटका बेला अस्पताल प्रशासन पछाडि हट्छ । आफ्ना कर्मचारी, चिकित्सक वा स्वास्थ्यकर्मीको सुरक्षाका लागि अस्पताल आफैं वादी बनेर कडा कानुनी लडाइँ लड्नुपर्नेमा डाक्टरलाई बलिको बोको बनाइन्छ ।

नारायणी अस्पतालकै घटनालाई हेरौं । आकस्मिक कक्षमा कर्तव्यरत चिकित्सकमाथि सांघातिक हमला हुँदासमेत दोषीमाथि तत्काल ऐनअनुसार कारबाही अघि नबढेपछि चिकित्सकहरू आन्दोलनमा उत्रनुपर्‍यो । जब प्रहरी प्रशासनले ऐन पालना गर्दैन र राज्यले दण्डहीनतालाई प्रश्रय दिन्छ । तब समाजमा एउटा खतरनाक सन्देश जान्छ, 'अस्पताल तोडेपछि र डाक्टर कुटेपछि मात्र दबाब पुग्छ ।' यही मनोविज्ञानले गर्दा आज एकपछि अर्को अस्पतालमा हिंसा महामारीजस्तै फैलिरहेको छ ।

**अबको बाटो : मिलापत्र होइन, कडा कानुन कार्यान्वयनको**

वार्ता, विज्ञप्ति र मिलापत्रको नाटकले अब स्वास्थ्य क्षेत्र सुरक्षित हुन सक्दैन । गृह मन्त्रालयले देशैभरका जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयहरूलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन अनिवार्य रूपमा लागू गर्न र अस्पतालमा हिंसा गर्नेलाई सीधै बिनाधरौटी हिरासतमा राखी कारबाही चलाउन कडा परिपत्र गर्नुपर्छ । मिलापत्र गराउने प्रहरी अधिकृत तथा सम्बन्धित अधिकारीहरूमाथि नै विभागीय कारबाही हुनुपर्छ । नेपालको स्वास्थ्य क्षेत्रलाई बचाउने हो भने अब वार्ता र मिलापत्रको नाटक बन्द गरिनुपर्छ । कुनै पनि डाक्टर वा स्वास्थ्यकर्मीमाथि आक्रमण हुँदा व्यक्तिले होइन, अस्पताल प्रशासन आफैंले संस्थागत रूपमा किटानी जाहेरी दिने व्यवस्था अनिवार्य गरिनुपर्छ ।




फाइल तस्बिर : कान्तिपुर

चिकित्सक सधैं निर्दोष हुन्छन् भन्ने होइन । चिकित्सकीय लापरबाही हुन्छ, गलत निर्णय हुन सक्छ, संवादको कमजोरी हुन सक्छ । अस्पताल व्यवस्थापनको त्रुटि पनि हुन सक्छ । त्यसको छानबिन र जवाफदेहिता हुनैपर्छ । तर गल्तीको छानबिन र भीडको फैसला एउटै कुरा होइन ।

मृतकका आफन्तले चिकित्सकीय उपचार पद्धतिमाथि प्रश्न उठाउन नपाउनेचाहिँ होइन । तर अराजक भएर होइन । चिकित्सक सधैं निर्दोष हुन्छन् भन्ने होइन । चिकित्सकीय लापरबाही हुन्छ, गलत निर्णय हुन सक्छ, संवादको कमजोरी हुन सक्छ । अस्पताल व्यवस्थापनको त्रुटि पनि हुन सक्छ । त्यसको छानबिन र जवाफदेहिता हुनैपर्छ । तर गल्तीको छानबिन र भीडको फैसला एउटै कुरा होइन । यदि साँच्चिकै चिकित्सकीय लापरबाहीको आशंका छ भने त्यसको छानबिन हुनुपर्छ, तर भीडले होइन । प्रत्येक प्रदेशमा विशेषज्ञहरूको स्वतन्त्र 'मेडिकल इन्सिडेन्स रिभ्यु कमिटी' गठन गर्नुपर्छ । र, सो कमिटीले अध्ययन गर्नुपर्छ । अस्पतालहरूमा बिरामी सहायता कक्ष, कडा सुरक्षा व्यवस्था र डाक्टरहरूका लागि 'डी-एस्कलेसन' (तनाव कम गर्ने) तालिम अनिवार्य गरिनुपर्छ । र, बिमारीको चाप अनुसारको मेडिकल टिम (चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सहयोगी) हुनुपर्छ ।

नेपालमा अस्पताललाई अझै पनि 'सेवा गर्ने पवित्र ठाउँ' भनेर मात्र हेर्ने प्रवृत्ति छ । तर आकस्मिक कक्ष, आईसीयू, प्रसूति कक्ष तथा शल्यकक्ष आदि उच्च तनाव र उच्च जोखिम भएका कार्यस्थल हुन् । मृत्यु, पीडा, प्रतीक्षा, आर्थिक तनाव, अनिश्चितता र आकस्मिकता एउटै ठाउँमा जम्मा हुने भएकाले अस्पताललाई कार्यस्थल सुरक्षाका दृष्टिले पनि हेर्नुपर्छ । डाक्टर र बिरामीको सुरक्षा एकअर्काका प्रतिस्पर्धी होइनन्, पूरक हुन् । भयभीत र असुरक्षित वातावरणमा काम गर्ने डाक्टरबाट सुरक्षित उपचारको कल्पना गर्न सकिँदैन । तसर्थ राज्यले आफ्नो संरचनागत कमजोरी लुकाउन डाक्टरलाई भीडको अगाडि फाल्ने नीति बन्द गर्नुपर्छ । डाक्टरमाथिको हिंसा रोक्नु भनेको एउटा पेसाको रक्षा मात्र होइन, यो समग्र स्वास्थ्य प्रणाली, कानुनी राज्य र सभ्य समाजको रक्षा गर्नु हो ।

# निरक्षरताले गाँजेको समाज



मधु राई
(राई शिक्षण पेसामा आबद्ध छिन्)

नेपाली समाजमा आज पनि लाखौं नागरिक अक्षरको दुनियाँमा प्रवेशै नगरी संसारबाट बिदा हुन्छन् । अक्षरको दुनियाँसँग साक्षात्कार गर्न नपाउनु अर्थात् निरक्षर हुनु वा रहनुका अनेकौं कारणमध्ये एक हो- गरिबी, त्यसपछि अशिक्षा र अज्ञानता । गाउँघरमा अझै हुँदा खाने घरपरिवारका कतिपय अभिभावकले छोरालाई जेनतेन विद्यालय पठाए पनि छोरीलाई पठाउँदैनन् ।

अझै छोरीलाई विद्यालय नपठाउने चलन यदाकदा भेटिन्छ वा पठाए पनि तिनले बीचैमा विद्यालय छाड्छन् । यसरी स्कुले शिक्षा पूरा नगर्ने छोरीमध्ये धेरैले उमेर नपुगी विवाह गर्छन् भने नगण्यले मात्रै उच्च शिक्षा हासिल गर्छन् । मेरै टोलमा पनि बीचैमा स्कुल छाड्ने र जेनतेन स्कुले शिक्षा पूरा गर्ने छोरीमध्ये नगण्यले मात्रै कक्षा १२ उत्तीर्ण गरेका छन् । यसरी जेनतेन कक्षा १२ सम्म पढेका छोरीहरू उच्च शिक्षा हासिल गर्नुभन्दा आमालाई घरायसी काममा सहयोग गर्छन् ।

निरक्षरताको अर्को प्रमुख कारण अभिभावक वा आमा निरक्षर हुनु हो । किनभने कतिपय यस्ता अभिभावक विशेषगरी आमाहरू स्वयं 'छोरीहरूले घरगृहस्थी त सम्हाल्ने हो, किन पो धेरै पढाउनू' भनेर छोरीलाई शिक्षित बनाउनुभन्दा चाँडै बिहे गरिदिन चाहन्छन् ।

निरक्षरताको नकारात्मक र दूरगामी प्रभावकै कारण घरपरिवार, समाजमा अनेकौं विसंगति, विकृतिलाई प्रत्यक्ष-परोक्ष रूपमा मलजल पुर्‍याएको देखिन्छ । अभिभावक विशेषगरी आमा निरक्षर हुँदा बुबाले समेत हेपाहा व्यवहार गर्छन् घरपरिवारभित्र । यसरी घरपरिवारभित्रै आफ्नै बुबाले निरक्षर आमाप्रति गरेको हेपाहा व्यवहार प्रत्यक्ष वा नियमित हेर्दै हुर्केका यस्ता साना छोराछोरीले कालान्तरमा आमालाई पत्याउँदैनन् वा भनौं आमाको अस्तित्व स्विकार्दैनन् । यसरी सानै उमेरमा निरक्षर आमाप्रति बुबाले गर्ने हेपाहा प्रवृत्ति कालान्तरमा छोराछोरीमा बिस्तारै पुस्तानान्तरण हुँदै जान्छ । यसो हुँदा निरक्षरताको पहिलो नकारात्मक र दूरगामी प्रभाव प्रत्यक्ष रूपमा घरपरिवारभित्रको वातावरणमा पार्छ । त्यसपछि कालान्तरमा यसको प्रत्यक्ष र दूरगामी प्रभाव समाजमा पर्छ ।



तस्बिर : एआई निर्मित

कतिपय अवस्थामा स्कुले शिक्षा पूरा नगर्ने किशोरकिशोरी नराम्रो संगतमा परी कुलतमा फस्ने गर्छन् । खासमा यसबारे त्यति धेरै समाजशास्त्रीय अध्ययन हुन सकेको छैन । यी र यस्ता कतिपय कारण घरपरिवार र समाजलाई वा भनौं देशलाई नै समृद्धि र विकासको संघारमा पुर्‍याउन सर्वप्रथम वर्तमान सरकारले निरक्षरता न्यूनीकरणका थप रणनीतिक योजना तथा कार्यक्रम ल्याउनु जरुरी छ ।

पहिलेको तुलनामा नेपालको साक्षरता दर पक्कै बढेको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार, नेपालको साक्षरता दर ७६.३ प्रतिशत छ भने २३.७ प्रतिशत नेपाली अझै निरक्षरताको भुमरीमा छन् । यसरी निरक्षर जनतालाई कसरी देशको मूलप्रवाहीकरणमा समावेश गराउने भन्ने विषयमा स्वयं हाम्रा जनप्रतिनिधि संवेदनशील देखिँदैनन् । हामी बहुसंख्यक शिक्षित र सचेत नागरिक पनि यी र यस्ता विषयमा 'कुहिरोको काग' सरह नै छौं ।

खासमा ७ सय ५३ स्थानीय तहमा छरिएर बसोबास गर्ने यी र यस्ता निरक्षर नागरिकको जीवनस्तर कसरी उकास्ने र साक्षर बनाउने ? यसबारे हाम्रा जनप्रतिनिधि संवेदनशील नहुँदा नेपाली समाज र देशले अनाहकमा दुष्परिणाम भोगिरहेको छ ।

बहुसंख्यक स्थानीय तहले समेत आफ्ना पालिका, गाउँ वा वडाहरूमा आफ्ना नागरिक को कति साक्षर छन् वा निरक्षर ? भन्नेबारे खासै अध्ययन गरेको देखिँदैन । यसो हुँदा पनि निरक्षर नागरिकको सही तथ्यांक जनसमक्ष आउन सकेको छैन अथवा आए पनि खासै यससम्बन्धी तीनै तहको सरकार मौन देखिन्छ । उदाहरणका लागि २ करोड ४४ लाख ७ सय ५० जनसंख्या रहेको विराटनगर महानगरपालिकाको १९ वटा वडामध्ये विराटनगर ११ ले गत वर्ष मात्रै 'वडा परिचय' स्मारिका प्रकाशित गरेको थियो । उक्त स्मारिकाका अनुसार, १२ हजार ८ सय २७ जनसंख्या रहेको त्यस वडाको साक्षरता दर ८३.६१ प्रतिशत छ भने १६.३९ प्रतिशत वडावासी अझै निरक्षर छन् ।

निरक्षरताको यस्तो तथ्यांकले समाजको समग्र विकासमा नकारात्मक प्रभाव परेको छ । निरक्षरताले घरपरिवार र समाजलाई अधोगतितिर धकेलिरहेको छ । विकसित मुलुकमध्ये आधुनिक सिंगापुरका निर्माता ली क्वान युले सन् ६० को दशक अर्थात् आफ्नो शासनकालमा निरक्षर नागरिकलाई साक्षर बनाई जनशक्तिका रूपमा तयार गरे । उनले आफ्नो शासनकालमा निरक्षर नागरिकलाई साक्षर बनाउन देशव्यापी 'इच वान टिच वान' भन्ने रणनीतिक कार्यक्रम सुरु गरेका थिए । त्यसअनुसार, उनले कुनै पनि पेसा-व्यवसाय अपनाउने शिक्षित नागरिकले एउटा निरक्षरलाई साक्षर बनाउनुपर्ने कार्यक्रम सुरु गरेका थिए । यसरी साक्षर बनेका नागरिकलाई उनले तिनका क्षमता र रुचिअनुसार तालिम दिएर रोजगार बनाए ।

हामीकहाँ पनि निरक्षरता न्यूनीकरण वा उन्मूलन गर्न संघीय सरकारले प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिलाई निरक्षरता न्यूनीकरण तथा उन्मूलनसम्बन्धी अभिमुखीकरणलगायत तालिम दिन जरुरी छ । स्थानीय तहले पनि निरक्षर नागरिकलाई साक्षर बनाई तिनको रुचिअनुसार तालिम सञ्चालन गर्नुपर्छ । यसो हुन सके निरक्षर नागरिक पनि देश विकासका सारथि बन्न सक्छन् ।

# विकृत र विलासी फेसनप्रति 'फेकल म्याटर' को विद्रोह

### हलिउडका रेड कार्पेटदेखि फेसन जगत्सम्म नाटकीय लाग्ने सेतै मेकअप, मुन्डन गरिएको टाउको, खौरिएको आइब्रो तथा वास्तविक खुट्टाजस्तै देखिने गरी बनाइएका स्किन बुटहरूसहितको एलियनजस्तै देखिने विचित्रका डिजाइन थिमले यतिबेला सौन्दर्यको परम्परागत मान्यतालाई भत्काउने प्रयास गरेको देखिन्छ

**सुशील पौडेल** (काठमाडौं)







**'फेकल म्याटर' ब्रान्डको पहिरनमा हलिउड अभिनेत्रीहरू जेन्डाया, डेमी मुर र गायिका लेडी गागा।** तस्बिर : एपी/रासस

केही साताअघि न्युयोर्कमा भएको 'द ओडिसी' प्रिमियरका बेला 'अलौकिक' देखिएकी फिल्मकी अभिनेत्री जेन्डायाले के लगाएकी हुन् भनी सोध्दा उनका फेसन स्टाइलिस्ट ल रोचले भनेका थिए, 'फेकल म्याटर'। फ्रेन्च शब्द 'माटिएर फेकाले' बाट लिइएको उक्त 'ब्रान्डनेम'को शाब्दिक अर्थ दिसा भन्ने हुन्छ।

जेन्डायाले खराब पहिरन लगाएका कारण रोचले त्यस्तो जवाफ दिएका भने होइनन्। प्वाँखयुक्त सेतो पखेटा जडित खुलेको काँधसहित सेतो गाउनमा सजिएकी उनी खासमा परी जस्तै देखिएकी थिइन्। रोचले अभिनेत्रीले लगाएको फेसन 'फेकल म्याटर' ब्रान्डको भएको बताएका थिए।

हलिउडका रेड कार्पेटदेखि फेसन जगत्सम्म हिजोआज यो फेसन ब्रान्डले रजगज गरिरहेको छ। यस ब्रान्डका फेसन डिजाइन जेन्डाया, काइली जेनर, लेडी गागा, डेमी मूर जस्ता विश्वप्रसिद्ध कलाकारहरूको समेत रोजाइमा पर्न थालेको छ। यो पेरिसमा रहेको हाई-एन्ड फेसन हाउस हो, जसको स्थापना एक दशकभन्दा अघि नै भए पनि चर्चा भने यतिबेला चुलिएको छ।

यसका डिजाइनर हुन्, स्टिभन राज भास्करन र हाना रोज डाल्टन। जसले करिब एक दशकअघि मन्ट्रियलको एउटा फेसन कलेजमा पढ्दै गर्दा यो ब्रान्ड सुरु गरेका थिए। उनीहरूको नाटकीय लाग्ने सेतै मेकअप, मुन्डन गरिएको टाउको खौरिएको आइब्रो तथा वास्तविक खुट्टाजस्तै देखिने गरी बनाइएका स्किन बुटहरूसहितको आफैंले बनाएको एलियनजस्तै देखिने विचित्रका डिजाइन थिमले यतिबेला सौन्दर्यको परम्परागत मान्यतालाई भत्काउने प्रयास गरेको देखिन्छ।

फेसन लेखिका क्रिस्टेन बेटम्यानका भनाइमा, ठूला लक्जरी ब्रान्डका डिजाइन अहिले एकआपसमा मिसिँदै गएर उस्तै-उस्तै लाग्ने भइरहेको बेला यो जोडीको काम फरक र नक्कल नै गर्न नसकिने खालको देखिन्छ। सेलिब्रिटी स्टाइलिस्ट ब्राड गोरेस्कीले द एसोसिएटेड प्रेसलाई बताए, 'भास्करन र डाल्टन जोडीको काममा सुन्दरता र क्षयीकरणबीचको, अनि कठोरता र कोमलताबीचको एक सुन्दर द्वन्द्व पाइन्छ।'

भास्करन र डाल्टनले कलेज ला साल्ले मोन्ट्रियलमा विद्यार्थी हुँदा सेकेन्डह्यान्ड सपिङ प्लेटफर्म डिपपमा डिजाइनहरू बेच्न थालेर यस ब्रान्डको सुरुवात गरेका थिए। पछि पेरिस फेसन विकमा आफ्ना कलेक्सन्सलाई प्रदर्शन गर्ने तहसम्म पुगे। यी डिजाइनरद्वयले 'फेकल म्याटर' ले फेसन उद्योगप्रति आफ्नो दृष्टिलाई झल्काउने बताएका छन्, जुन परिप्रेक्ष्यलाई उनीहरूले सुरुमा अझै अशिष्ट शब्द प्रयोग गरेर व्यक्त गरेका थिए।

गत वर्ष 'भोग' म्यागेजिनसँग कुरा गर्दै डाल्टनले भनेकी थिइन्, 'यसका लागि अर्को कुनै शब्द नै छैन, तर हामी यसलाई कसरी ग्ल्यामरस तरिकाले भन्न सक्छौं भन्ने सोच्दा यो नाम जुरेको थियो।' भास्करनले 'फेसन न्युरोसिस' पोडकास्टलाई बताएअनुसार यो नामको उद्देश्य 'फेसन क्षेत्रको फोहोर पक्षलाई पनि चुनौती दिनु' थियो। उनीहरूले सुरुमा एउटा अझ अपशब्द प्रयोग गरेर उद्योगको यथार्थता वर्णन गर्न खोजेका थिए, तर पछि त्यसैलाई वैज्ञानिक ढंगले र फ्रान्सेली भाषामा अनुवाद गरेर 'ग्ल्यामरस' बनाइदिएको डाल्टनले 'भोग' सँगको अन्तर्वार्तामा बताएकी थिइन्। भास्करनका अनुसार यो नामले फेसन उद्योगको फजुल खर्चप्रति पनि प्रश्न उठाउन खोज्छ।

ब्रान्ड नाम जतिसुकै अनौठो वा 'घिनलाग्दो' सुनिए तापनि पप गायिका लेडी गागादेखि काइली जेनरसम्मका फेसनका हस्तीहरूले उनीहरूको डिजाइनलाई आत्मसात् गरिरहेका छन्। 'फेकल म्याटर' ब्रान्डका अटाएरमा पप गायिका म्याडोना पनि सजिइसकेकी छन्। गागाले हालैका कोचेला लगायतका प्रस्तुतिहरूमा उनीहरूकै डिजाइन लगाइन् र यसै वर्षको ग्रामी अवार्डमा पनि उनले 'फेकल म्याटर' ब्रान्डकै प्वाँखजडित ब्ल्याक गाउन लगाएकी थिइन्।

तर अहिले यो ब्रान्ड केवल रेड कार्पेटमा मात्र सीमित छैन। काइली जेनरले डकिंनको एउटा टेलिभिजन विज्ञापनमा पनि यही ब्रान्डको गुलाबी रङको ब्लेजर लगाएपछि इन्टरनेटमा यस ब्रान्डको नामलाई लिएर निकै चर्चा चलेको थियो। ब्रान्डले मोडल ग्याब्रिएट बेख्टेलको मट्टी हिलीसँगको विवाहका लागि पनि पहिलो पटक एउटा भिक्टोरियन शैलीको फाटेको गाउन डिजाइन गरेको थियो।

सडकस्तरबाट सुरु भएको उनीहरूको यो सानो व्यवसाय अहिले विश्वको सबैभन्दा ठूलो फेसन प्लेटफर्म पेरिस फेसन विकसम्म पुगेको छ। उनीहरूले प्रख्यात फुटवेयर ब्रान्ड 'क्रिश्चियन लुबउटिन' सँग सहकार्य गर्दै आफ्नो ट्रेडमार्क बनेको अनौठो 'कर्भ्ड हिल' लाई लुबउटिनको सिग्नेचर रातो सोलसँग जोडेर नयाँ जुत्ता पेरिस फेसन विक हुँदै बजारमा ल्याएका छन्।

यस वर्ष मार्चमा फेरि उनीहरूले 'द वान पर्सेन्ट' शृंखलामा सत्ता र धनको प्रभावलाई व्यंग्यात्मक ढंगमा प्रस्तुत गरे, जसमा मोडेलहरूले डलर नोटले बनेको मास्क र रातो रङका पन्जा लगाएका थिए। फेसन विकका अन्य शोहरूमा 'फ्रन्ट रो' मा बस्ने गरेका अर्बपतिहरूको तुलनामा यो शोको थिम पूर्ण रूपमा विपरीत थियो।

जेफ बेजोस प्रमुख अतिथिका रूपमा निम्त्याइएको यस वर्षको मेट गालामा अभिनेत्री साराह पल्सनले डलरको नोटले बनेको आँखा छोप्ने मास्कसँगै उक्त कलेक्सनको खरानी रङको, ठूलो आकारको, डिस्ट्रेस्ड (फाटेको/बिगारेको जस्तो देखिने) बल गाउन पहिरेकी थिइन्। यसले विश्वका सीमित अर्बपतिहरूले कसरी समाज र अर्थतन्त्रलाई प्रभाव पार्छन् भन्ने विषयमा शक्तिशाली राजनीतिक तथा सामाजिक विद्रोह बोलेको थियो। भास्करन र डाल्टनले इन्स्टाग्राममा लेखेअनुसार यो कलेक्सनले 'शक्तिले हामी सबैलाई कसरी प्रभावित गर्छ' भन्ने कुरा देखाएको थियो।

पेरिस फेसन विकका तीन वटै शोहरूमा उपस्थित भएकी लामो समयदेखिको फेसन एन्ड कल्चरमा लेख्ने क्रिस्टेन बेटम्यानले उनीहरूको उदयको कारण फेसन उद्योगमा नयाँ कुरा हेर्ने चाहना रहेको बताइन्। अभिनेत्री डेमी मुरका लागि २० वर्षदेखि स्टाइलिस्ट बनेर काम गरिरहेका गोरेस्कीले यस वर्षको कान्स फिल्म फेस्टिबलमा जुरी सदस्य बनेकी मुरलाई पृथक् देखाउन 'द वान पर्सेन्ट' कलेक्सनबाट 'कपकेक' आकारको घेरादार स्कर्ट छनोट गरेका थिए। जसको कलात्मक र पौराणिक कथाको थिम डिजाइनबाट अभिनेत्री प्रभावित भएकी थिइन्।

'उनीहरू आफैंका लागि लुगा डिजाइन गरिरहेका छन्। त्यो पूर्णतया उनीहरूको आफ्नै मौलिक शैली हो, तर उनीहरू यसलाई पूरै फरक दर्शकसमक्ष पुर्‍याइरहेका छन्,' गोरेस्कीले भने, 'यदि तपाईं च्यानल र डिओर जस्ता हाई-फेसन ब्रान्डका डिजाइन हेर्नुहुन्छ भने, ती सबै उस्तै-उस्तै लाग्न थाल्छन्। तर यो (फेकल म्याटर) चाहिँ आफ्नै किसिमको बेग्लै श्रेणीमा रहेको महसुस हुन्छ, यसको नक्कल गर्न सकिँदैन।'

सेलिब्रेटी स्टाइलिस्ट गोरेस्कीले नै डेमी मूरका लागि पनि कान फिल्म फेस्टिभलमा यही शृंखलाबाट गुलाबी रङको फाटेको गाउन छानेका थिए, जुन मूरको सामान्य शैलीभन्दा एकदमै फरक थियो। आगामी सेप्टेम्बरमा हुने पेरिस फेसन विकमा यी डिजाइनरहरूको अर्को शृंखला कस्तो र के हुने हो भन्नेमा फेसन जगत्को उत्सुकता बढ्दो छ।

भास्करन र डाल्टन जोडीले सन् २०२४ मा म्याडोनाको कन्सर्टको ब्याकस्टेजमा डोभर स्ट्रिट मार्केटका अध्यक्ष एड्रियन जोफ्लेलाई भेटेपछि सोही संस्थाको संरक्षण प्राप्त गरेका थिए। यो विश्वव्यापी रिटेल र कन्सेप्ट स्टोरले उदीयमान ब्रान्डहरूलाई उत्पादन, वितरण र बिक्रीदेखि विकाससम्मको सहयोग प्रदान गर्ने गर्दछ।

कलेज लासाल्ले मोन्ट्रियलका फेसन डिजाइन शिक्षक मिलान ट्यानेडजिकोभले डाल्टन र भास्करनको कामलाई नजिकबाट देखेका छन्। उनका अनुसार यी द्वयले अन्ततः आफ्नो कला र फेसनबीचको सन्तुलन फेला पारेका छन्।

'फेकल म्याटर' ब्रान्डलाई फेसनको दुनियाँमा एउटा विद्रोह पनि भन्न सकिन्छ। उनीहरूको समग्र फेसन प्रस्तुति, नाम छनोट र विचारले स्थापित फेसनका मूल्यमान्यता, सौन्दर्यशास्त्र र उपभोगवादी संस्कृतिमाथि ठाडो चुनौती दिन्छ। समाजले लामो समयदेखि चिल्लो छाला, प्राकृतिक रूप, रंगको अनुहारलाई सुन्दरताको जुन मानक बनाएको छ, उनीहरूले त्यसलाई पूर्ण रूपमा तोडेका छन्।

त्यसैगरी, ब्रान्डको नाम 'फेकल म्याटर' राखिनु पनि फेसन उद्योगको विलासिता र देखावटीविरुद्धको एक प्रकारको व्यंग्य र विद्रोह हो। डिजाइनरहरूका अनुसार, यो नामले फेसन उद्योगमा हुने अत्यधिक विकृत, विलासी र फजुल खर्चलाई चुनौती दिन्छ। सामान्यतया हाई-फेसन ब्रान्डहरूले सधैं सफा, चम्किलो र पूर्णतालाई प्राथमिकता दिन्छन्, तर उनीहरूको डिजाइनमा पुराना, च्यातिएका र कुहिएका जस्ता लाग्ने कलात्मक रूपहरू देखिन्छन्, जसले सुन्दरता र विनाशको बीचको द्वन्द्वलाई देखाउँछ।

(एजेन्सीको सहयोगमा)

# मक्का रक्षा सम्झौता इरानविरुद्ध लक्षित छैन : टर्किए

अंकारा (एजेन्सी)- टर्किएले साउदी अरेबिया र पाकिस्तानसँगको नयाँ त्रिपक्षीय रक्षा सम्झौता इरानविरुद्ध लक्षित नरहेको बताएको छ। टर्किएका परराष्ट्रमन्त्री हकान फिदानले शनिबार उक्त सम्झौताले इरान वा अन्य कुनै देशलाई साझा खतराका रूपमा उल्लेख नगरेको बताएका हुन्।

साउदीको मक्कामा शुक्रबार भएको संयुक्त रक्षा सम्झौताले तीन मुलुकबीच सैन्य सहकार्य, गुप्तचर सूचना आदानप्रदान र सामूहिक प्रतिरक्षा थप मजबुत बनाउने आधार गरेको थियो। सम्झौतामा टर्किएली राष्ट्रपति रेजेप तैयप एर्दोआन, साउदी युवराज मोहम्मद बिन सलमान र पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफले हस्ताक्षर गरेका थिए, जसमा तीनमध्ये कुनै एक देशमाथिको सशस्त्र आक्रमणलाई सबैमाथिको आक्रमण मानिने उल्लेख छ। 'हामीले लिखित रूपमा कुनै साझा खतरा राखेका छैनौं,' फिदानले टर्किएको सरकारी समाचार एजेन्सी अनादोलुसँग भने। उनले हस्ताक्षरकर्ता देशहरूमाथि आक्रमण नगर्ने देशहरूलाई लक्ष्यका रूपमा नलिइने बताए।

फिदानले यो सम्झौतालाई क्षेत्रीय देशहरूलाई आफ्नै सुरक्षाको बढी जिम्मेवारी दिने व्यापक प्रयासको एक भागका रूपमा प्रस्तुत गरे। 'बाहिरबाट क्षेत्रमा आउने शक्तिशाली राष्ट्रहरूले समस्या समाधान गर्दैनन्, बरु तिनलाई अझ जटिल बनाउँछन्,' उनले अनादोलुसँग भने। उनले टर्किए, साउदी अरेबिया र पाकिस्तानलाई यस पहलका 'मुख्य देश' भनी वर्णन गरे र अंकाराले यो व्यवस्था विस्तार गर्न चाहेको स्पष्ट पारे। 'हाम्रा राष्ट्रपतिको दृष्टिकोणअनुसार, हामी तीन देशमा मात्र सीमित रहनु हुँदैन,' फिदानले भने, 'हामीले विस्तार गर्नुपर्छ र आवश्यक परे सबै देशलाई यस छातामुनि ल्याउनुपर्छ।'

फिदानका अनुसार धेरै देशले पहिले नै रुचि व्यक्त गरिसकेका छन्। उनले इजिप्टलाई 'स्वाभाविक साझेदार' भन्दै बाँकी प्राविधिक विषयहरू समाधान भएपछि उक्त देश यसमा सामेल हुने अपेक्षा गरेको बताए। फिदानले यो सम्झौतालाई 'प्राविधिक रूपमा' नेटोको सामूहिक रक्षा धारा ५ सँग मिल्दोजुल्दो भएको बताए, जसअन्तर्गत एक सदस्यमाथिको आक्रमणलाई सबैमाथिको आक्रमण मानिन्छ।

आक्रमणमा परेको देशले सहयोगको अनुरोध गर्नुपर्ने र कस्तो प्रकारको सहायता आवश्यक छ भनी स्पष्ट पार्नुपर्ने फिदानले बताए। यो सहायता गुप्तचर सूचना र रसददेखि गोलाबारुद वा सैनिक टुकडी परिचालनसम्म हुन सक्छ।

गठबन्धनले परराष्ट्र र रक्षामन्त्री तथा सैनिक प्रमुखहरू सम्मिलित राजनीतिक र सैनिक समितिहरू स्थापना गर्नेछ। साथै, साउदी अरेबियामा एक सचिवालय पनि रहनेछ।

फिदानका अनुसार तीनै देशले संयुक्त तालिम, गुप्तचर सूचना आदानप्रदान, रसद, खतरा मूल्यांकन र सैनिक अन्तरसञ्चालनमा काम गर्नेछन्। अंकाराको आश्वासनका बाबजुद केही इरानी अधिकारीहरूले यस सम्झौतामाथि प्रश्न उठाएका छन् र साउदी अरेबियालाई आफ्ना नयाँ साझेदारहरूमा सुरक्षाका लागि भर नपर्न चेतावनी दिएका छन्।

इरानको संसदीय राष्ट्रिय सुरक्षा तथा परराष्ट्र नीति आयोगका सदस्य महमुद नबाभियानले साउदी नेताहरूले टर्किए र पाकिस्तानसँगको सहकार्यले उनीहरूको सुरक्षा सुनिश्चित नगर्ने कुरा बुझ्नुपर्ने बताए।

आयोगका अर्का सदस्य इब्राहिम रेजाईले पनि यस सम्झौतालाई 'कागजी सम्झौता' भन्दै खारेज गरे। इरानी परराष्ट्रमन्त्री अब्बास अराघचीले शुक्रबार एक्स (ट्विटर) मा राखेको सन्देशमा यस सम्झौताको प्रत्यक्ष उल्लेख गरेनन् तर उनले क्षेत्रीय राष्ट्रहरूलाई आत्मनिर्भर हुन र उनले 'साँचो भ्रातृत्व' भनेको कुरा अवलम्बन गर्न आह्वान गरे। साथै, उनले इरानको सशस्त्र सेनाको बल र तत्परतालाई पनि जोड दिए।

# एल निनोको प्रभाव तीव्र बन्दै, जलवायु प्रणाली फेरबदल हुने प्रक्षेपण

### अत्यधिक गर्मी, खडेरी, बाढी र डढेलोको जोखिम बढ्न सक्ने भन्दै जोखिममा रहेका समुदायको सुरक्षाका लागि पूर्वतयारी र प्रारम्भिक चेतावनीलाई प्राथमिकता दिन विश्व मौसम विज्ञान संगठनको सुझाव

जेनेभा (एजेन्सी)- निरन्तर बलियो बन्दै गइरहेको एल निनोले अगस्ट-अक्टोबरमा विश्वव्यापी जलवायु प्रणालीमा मुख्य प्रभाव पार्ने प्रक्षेपण गरिएको छ। जसका कारण विश्वका अधिकांश भूभागमा सामान्यभन्दा बढी तापक्रम हुने सम्भावना बढ्नुका साथै वर्षाको ढाँचामा उल्लेख्य फेरबदल आउने विश्व मौसम विज्ञान संगठनले जनाएको छ। महासागरहरू तातो बन्दै गएको र इन्डियन ओसन डाइपोलको धनात्मक सम्भावनाले आउँदा महिना विश्वका धेरै क्षेत्रको मौसममा फेरबदल देखिने सम्भावना छ।

संगठनको 'ग्लोबल सिजनल क्लाइमेट अपडेट' ले अगस्ट-अक्टोबरमा एल निनो बलियो मौसमी घटनाका रूपमा विकसित हुने संकेत गरेको हो। बहुमोडेल पूर्वानुमानहरूले मध्य प्रशान्त महासागरको सतहको तापक्रम सामान्यभन्दा २.९ डिग्री सेल्सियसभन्दा बढी हुने प्रक्षेपण गरेका छन्।

धनात्मक इन्डियन ओसन डाइपोल (पश्चिम हिन्द महासागर औसतमा तातो हुने र पूर्वी हिन्द महासागर औसतभन्दा चिसो हुने जलवायु ढाँचा) को पनि पूर्वानुमान गरिएको छ। यी महासागरीय प्रभावको मिलनले विशेष गरी हिन्द महासागर वरपरका क्षेत्रमा खडेरी, बाढी र डढेलोको जोखिमसहित क्षेत्रीय जलवायु प्रभावलाई अझ बढाउन सक्छन्।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेसले यसअघि नै तानिरहेको पृथ्वीमा एल निनोले आगोमा घिउ थप्ने काम गरिरहेको बताएका थिए। 'एल निनो हाम्रो ढोकामा मात्रै आएको छैन, घरभित्रै छिरेर ताप बढाउँदै छ। यो एउटा सुरुवात मात्र हो,' उनले भनेका थिए, 'भीषण तापको लहर, विनाशकारी डढेलो र महासागरहरूमा कीर्तिमानी तातोपनका कारण जोखिम अझ बढ्न सक्छ।' उनले जीवाश्म इन्धनले यो संकटलाई झन् बढावा दिने भएकाले यसको विस्तार तत्काल रोक्न आग्रह गरेका छन्। 'मानिसको रक्षा गर्न र यो संकटको मुख्य कारणलाई सम्बोधन गर्न अहिल्यै कदम नचाले यी खतराहरू अझ बढी घातक बन्नेछन्,' उनले भनेका छन्।



**स्पेनमा डढेलोले ध्वस्त भएको घरको भग्नावशेषमा स्थानीय।** फाइल तस्बिर : एपी/रासस

संयुक्त राष्ट्रसंघीय मौसम निकायको पछिल्लो प्रतिवेदनअनुसार यो आवधिक जलवायु प्रणालीले विश्वभर लू (अत्यधिक गर्मी), खडेरी र बाढीको जोखिम बढाउने खतरा रहेको छ। अफ्रिका र युरोपका देश भीषण डढेलोसँग जुधिरहेका बेला तथा दक्षिण एसियाभर मनसुनले विनाश मचाइरहेको समयमा प्रतिवेदन सार्वजनिक भएको हो।

विश्व मौसम विज्ञान संगठनले लगभग सबै भूभागमा सामान्यभन्दा बढी तापक्रम हुने प्रक्षेपण गरेको छ। जसमध्ये अफ्रिका, दक्षिणी युरोप, भारतीय उपमहाद्वीप, पूर्वी एसिया र दक्षिण अमेरिकामा तापक्रमको अत्यधिक प्रभाव पर्ने देखिन्छ। संगठनकी महासचिव सेलेस्टे साउलोले एल निनोको सूक्ष्म निगरानी भइरहे भन्दै जोखिममा परेका समुदायको सुरक्षाका लागि प्रारम्भिक चेतावनीलाई सरकार र सम्बन्धित निकायले ठोस कदम चाल्न आवश्यक रहेको बताएकी छन्।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

स्वयम्भूमा ३.५/८ आनामा घर ९८१८२५३०१२

भक्तपुरभित्र मात्र घरजग्गा खरिदबिक्री तथा भाडामा लगाउनु परेमा सम्पर्क: ९७६४६४३१३९

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

Experienced Home Tutor Available 9768565965

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

**चाहियो**

म:ममिस्त्री, वेटर-२ चाहियो तलव १५०००।- ९८४१३१११४२

रिसोर्टकोलागि अलराउण्डर कुक, क्यासियर ९८५१०५९२६९

अनुभवी वेटर-१, भांडामाझ्ने-१, बानियाटार, भत्केकोपुल ९८६१३९३६५५, ९८१८९२०२२१

डेलिभरिब्वाई आवश्यक बाईकलाईसेन्स भएको खानबस्नको व्यबस्था ९८४००५७४२६

पोल्ट्री फार्मकोलागि दुईजोडी कामदार तलब: जोडीको-३०,०००।-, ९८५१०५७४०४

अफिसमै कर्मचारीहरूको तु-आबस्यकता १६०००/ ९८०३२७४२२७

अनुभवी कुक वेटर मसाल्ची ९७६५३४३१९६

कुक चाहियो ९८४०६४६२३९

कुक चाहियो खानेबस्ने सुबिधा तलब २२हजारभन्दा माथि ९८४११५३२५९

गोंगबुमा अलराउण्डर कुक खानबस्नसुविधा ९८६८१३५९३२

प्यारेन्ट कुखुरालाई ई-आई गर्नजान्ने मान्छे चाहियो ९८०१३५२०२५

पार्लरको लागि जेन्ट्स हेयर कटिङ चाहियो ९८४१०३९९७३

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५२८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्युनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/- * म.उ.क. बाहेक

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.६४ |
| युरो | १७५.९६ |
| पाउन्ड स्टर्लिङ | २०५.१६ |
| अस्ट्रेलियन डलर | १०७.४६ |
| कतारी रियाल | ४१.८९ |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,०१,७००

चाँदी रू. ४,६४५

# ग्यास आयात नियमित, भद्रगोल व्यवस्थापनले अभाव

**गत वैशाखमा ३२ हजार ५६, जेठमा ३३ हजार ८ सय ४२, असारमा ४४ हजार ५ सय र यही साउनमा ४१ हजार २ सय ९४ टन ग्यास आयात हुँदा पनि अभाव भइरहेपछि उद्योगी र सरकारी अधिकारी दबाबमा**

**सीमा तामाङ** (काठमाडौं)

आयात नियमित हुँदा पनि आन्तरिक रूपमा व्यवस्थापनमा चुक्दा बजारमा ग्यास अभाव कायमै देखिएको छ। तर सरकारी निकायदेखि उद्योगी एवं विक्रेतासम्म भने व्यवस्थापनभन्दा पनि उपभोक्ताले बढी सञ्चिति गरेको आरोप लगाउँछन्।

गत फागुनमा पश्चिम एसियामा जारी द्वन्द्वका बेला ग्यास अभाव सुरु भएको थियो। त्यसपछि सरकारले फागुन अन्तिम सातादेखि आधा सिलिन्डर ग्यास वितरण गर्ने निर्णय गर्‍यो। गत ३१ असारदेखि भने नेपाल आयल निगमले भरी सिलिन्डर वितरण गर्ने निर्णय गर्‍यो। त्यसयता बजारमा फेरि ग्यास अभाव हुन थालेको छ।

ग्यास लिनकै लागि उपभोक्ता लाइन बसिरहेका दृश्य पछिल्लो समय बढेका छन्। निगमले तोकेको टेकु कार्यालयमा घण्टौं लाइन बसेर ग्यास लिनेहरूको भीड पनि उस्तै छ। यता उद्योग मन्त्रालय, निगमदेखि ग्यास उद्यमी तथा विक्रेताहरूसम्मले अनावश्यक सञ्चिति नगर्न भन्दै विज्ञप्ति जारी गरिरहेका छन्। यसपछि मुख्य सचिव गोविन्द कार्कीले निगमसहित उद्योगीहरूसँग बैठक नै बसे। तर पनि ग्यास सहजै पाउने वातावरण बनेको छैन। निगमले अझै पनि अनावश्यक सञ्चिति नगर्न भन्न छाडेको छैन।

चार महिना आधा सिलिन्डर बिक्री गरिरहेका बेला माग घटेको र भरी सिलिन्डर दिने निर्णय गरेपछि माग ह्वात्तै बढेको निगमका कार्यकारी निर्देशक नागेन्द्र साहले बताए। '४ महिना ७.१ केजीको ग्यास बिक्री गर्दा नपाइएको समस्या वा गुनासो थिएन। तर भरी सिलिन्डर दिने भनेपछि खाली सबै सिलिन्डर बजारमा आयो र समस्या भयो,' उनले भने।

एउटा मात्रै सिलिन्डर राख्नेहरूले ग्यास नपाइरहेको र अप्ठ्यारोमा परेको साहले स्विकारे। पटक-पटक ग्यास अभाव भइरहेकाले दीर्घकालीन समाधानबारे पनि छलफल भइरहेको साहले जनाए। 'हामीले उद्योगीसँग मिलेर ग्यास पाइने ठाउँ तोकिरहेका छौं,' साहले भने, 'आज ग्यास गएको ठाउँमा भोलि नजान सक्छ। त्यसरी ठाउँअनुसार बनाएका छौं। अत्यधिक माग छ भने त्यहाँ जान पनि सक्छ।' निगमको तथ्यांकले पनि आधा सिलिन्डर हुँदा ग्यास कम आयात भएको देखाउँछ।

अमेरिका, इजराइल-इरान युद्धका कारण ग्यास आपूर्तिमा भएको असहज अवस्थाका कारण निगमले २९ फागुन २०८२ देखि आधा सिलिन्डर ग्यास (७.१ केजी) बिक्री गर्ने निर्णय गरेको थियो। चैतमा ३८ हजार ८ सय, वैशाखमा ३२ हजार ५६ टन र जेठमा ३३ हजार ८ सय ४२ टन बिक्री भएको निगमको तथ्यांक छ। असारमा ४४ हजार ५ सय ४४ टन बिक्री भएको निगमले जनाएको छ।



लमजुङको बेंसीसहरमा ग्यास लिन सिलिन्डरसहित लाइनमा बसेका उपभोक्ता । फाइल तस्बिर : आश गुरुङ/कान्तिपुर

भारतबाट आपूर्तिमा कुनै समस्या नआउने भएपछि ३१ असार २०८३ देखि निगमले साविककै १४.२ केजी ग्यास दिने निर्णय गरेको हो। निगमको तथ्यांकले पनि चैत, वैशाख र जेठमा ४० हजारभन्दा कम ग्यास भित्रिएको देखाउँछ। असारमा भने ग्यास आयात बढेको छ। जबकि २०८१/८२ को चैतमा ४८ हजार ३ सय २७, वैशाखमा ४६ हजार ५ सय ३, जेठमा ४९ हजार ८ सय १६ र असारमा ४७ हजार ९ सय ३३ टन आयात भएको निगमको तथ्यांक छ।

पश्चिम एसियामा तनाव सुरु भएको महिना फागुनमा ५१ हजार १ सय ९२ टन ग्यास बिक्री भएको थियो। यही २३ साउनसम्म ४१ हजार २ सय ९४ टन ग्यास आयात भइसकेको निगमका कार्यकारी निर्देशक साहले बताए। 'ग्यास आपूर्ति नियमित छ, कुनै समस्या छैन,' उनले भने,

> चार महिना आधा सिलिन्डर बिक्री गरिरहेका बेला माग घटेको र भरी सिलिन्डर दिने निर्णय गरेपछि एक्कासि माग बढेको सरोकारवालाको दाबी

'केही दिनभित्र अब सहजै ग्यास पाउने वातावरण बन्छ।'

जब-जब नेपालमा ग्यास अभाव हुन्छ, तब निगमदेखि ग्यास विक्रेतासम्मले अधिक सिलिन्डर हुँदा समस्या निम्तिएको साहको भनाइ छ। निगमले २०७८ मा गरेको ग्यास सिलिन्डर प्रमाणीकरणअनुसार मुलुकभर १ करोड ४४ लाख सिलिन्डर छन्। तर उद्योगी, विक्रेताहरूले १ करोड ७५ लाख सिलिन्डर बजारमा रहेको जनाए। घरायसी उपभोक्ता वा होटल/रेस्टुराँलगायतले कति सिलिन्डर राख्न पाउने वा बर्सेनि कति सिलिन्डर बजारमा पठाउने कुनै नीतिगत व्यवस्था छैन। नयाँ सिलिन्डर बजारमा पठाउँदा उद्योगले मूल्य अभिवृद्धि कर (भ्याट) फिर्ता पाउने भएकाले धमाधम बिक्री भइरहेको ग्यास विक्रेता बताउँछन्। नयाँ सिलिन्डर खरिद गर्दा उद्योगीले भ्याट तिर्ने र उक्त भ्याट फिर्ता पाउने हुँदा बजारमा नयाँ सिलिन्डर पठाउने गरेको ग्यास विक्रेता महासंघ नेपालका अध्यक्ष ज्ञानेश्वर अर्यालको भनाइ छ।

'उद्योगले नयाँ सिलिन्डर बिक्री गर्दा भ्याट लिने र पछि फिर्ता पाउँछन्, अर्कोतिर उपभोक्तालाई सिलिन्डर बिक्री गर्दैन। धरौटीमा दिन्छ। त्यो पैसा पनि उद्योगीले अन्यत्र लगानी गर्छ,' उनले भने। तत्काल नयाँ सिलिन्डर बिक्रीमा रोक लगाउनुपर्ने अर्यालले बताए।

नयाँ सिलिन्डर किनेर उद्योगसम्म आइपुग्दा भ्याटसहित झन्डै ३ हजार रुपैयाँ पर्ने नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष कृष्णभक्त श्रेष्ठ बताउँछन्। 'हामीले सिलिन्डर किन्दा तिरेको भ्याट रकम हिसाब मिलान गरिन्छ। सरकारले हामीलाई भ्याट फिर्ता दिँदैन,' उनले भने, 'सरकारलाई हामीले तिर्नुपर्ने रकमसँग हिसाब मिलान गर्छ।' हामीले उपभोक्तालाई धरौटीमा सिलिन्डर बिक्री गर्ने भएकाले भ्याट नलगाइनेसमेत उग्रचण्डी ग्यासका सञ्चालकसमेत रहेका श्रेष्ठले जनाए।

सिलिन्डरबापतको धरौटी रकम उद्योगको खातामा हुने ग्यास उद्योगी शिव घिमिरेले बताए। 'हामीलाई नयाँ सिलिन्डरको २६ देखि २८ सय रुपैयाँ पर्छ, त्यसको भ्याट अधिकतम ३ सय रुपैयाँ तिर्छौं,' उनले भने, 'उद्योगअनुसार प्रतिसिलिन्डर ५ सयदेखि १८ सय धरौटी लिएर उपभोक्तालाई दिन्छौं। उपभोक्तालाई बिक्री नगरेकाले भ्याट लिँदैनौं।'

अहिले व्यवस्थापनको कमजोरीले ग्यासको अभाव भएको घिमिरेले स्विकारे। 'ग्यास आयात घटेको छैन, बरु १५ देखि २५ प्रतिशत आयात बढेको छ,' उनले भने, 'त्यहीअनुसार बजारमा ग्यास गइरहेको छ। तर पनि ग्यास अभाव छ। यो व्यवस्थापनको कमजोरी हो।'

अहिले एउटा मात्र सिलिन्डर भएका परिवार, विद्यार्थी मारमा परेका सरोकारवाला बताउँछन्। ग्यास भण्डार नभएकाले ५६ उद्योगमा बुलेट, सिलिन्डरसहित साढे १० हजार टन मौज्दात क्षमता रहेको घिमिरेले जनाए। निगमले नयाँ सिलिन्डर खरिद नगर्न र बजारमा नपठाउन उद्योगीहरूलाई पत्राचार गरिसकेको समेत निगमका कार्यकारी निर्देशक साहको भनाइ छ। 'अब उद्योगीले नयाँ सिलिन्डर थप्न पाउँदैनन्। उद्योगीहरूलाई नयाँ सिलिन्डर नकिन्न निर्देशन दिइसकेका छौं,' उनले भने।

तुलनात्मक रूपमा अहिले ग्यास बिक्रीमा दबाब निरन्तर घट्दो क्रममा रहेको साहले बताए। 'टेकुमा अहिले दबाब घटिसकेको छ। पहिला दिनमा २ हजारसम्म सिलिन्डर बिक्री हुन्थ्यो। अहिले ८/९ सय सिलिन्डरमा झरिसकेको छ,' उनले भने। पटक-पटक हुने ग्यास अभावलाई दीर्घकालीन समाधान गर्न ग्यास पाइपलाइनदेखि ५८ उद्योगलाई ३० भन्दा कममा सीमित गर्ने गरी अघि बढाइएको समेत साहले जनाए। मुलुकमा ग्यास अभाव हुँदा र उपभोक्ता लाइन लागेपछि मात्रै भण्डारण गर्ने ठाउँको आवश्यकता महसुस हुन्छ। अर्कोतिर ग्यास आयात गर्नसमेत भारतीय ग्यास बुलेटमा निर्भर हुँदा कहिलेकाहीं कुनै कम्पनीको आयात नै प्रभावित हुन्छ। भारतीय बुलेटकै कारण वार्षिक ६ अर्ब रुपैयाँ ढुवानीसमेत नेपालले भारतलाई नै तिर्दै आएको छ। **बाँकी पृष्ठ ८**



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**कर्पोरेट कुराकानी**

# विद्युतीय सवारीको ब्याट्री व्यवस्थापन नीति अत्यावश्यक भइसक्यो

**गौरव शारडा**, संयोजक, नाइमा अटो शो प्लानिङ कमिटी

**यही २६ देखि ३१ साउनसम्म भृकुटीमण्डपमा 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' हुँदै छ। नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) को आयोजनामा हुन लागेको एक्स्पोमा ग्राहकले सबै ब्रान्डका सवारी र तिनका स्पेयर पार्ट्सबारे एउटै छानामुनि अवलोकन तथा जानकारी पाउँदै छन्। यस पटक पनि हरेक दिन अटो क्षेत्रका विविध विषयमा विज्ञसँग अन्तरक्रिया पनि हुनेछ। यो एक्स्पोमा कुन-कुन ब्रान्ड र कति-कति मूल्यका सवारी नयाँ लन्च हुँदै छन्, ग्राहक पाउने सुविधा तथा छुट के-के हुन्, एक्स्पो व्यवस्थापन कसरी हुन्छ, सवारीका लागि नेपालको सडक पूर्वाधारको अवस्था कस्तो छ लगायत विषयमा नाइमा एक्स्पो व्यवस्थापन समितिका संयोजक गौरव शारडासँग कान्तिपुरका यज्ञ बन्जाडे र विमल खतिवडाले गरेको कुराकानीको सार :**

**मंगलबारदेखि दोस्रो नाइमा अटो एक्स्पो हुँदै छ, तयारी कुन अवस्थामा छ ?**

भृकुटीमण्डपमा 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' को सबै तयारी पूरा भइरहेको छ। कम्पनीहरूले धमाधम नयाँ सवारीसाधन ल्याइरहेका छन्। मंगलबारबाट ३१ साउनसम्म एक्स्पो हुन लागेको छ।

**एक्सपोमा कति नयाँ ब्रान्डका सवारी सार्वजनिक गरिँदै छ, कति स्टल रहन्छन् ?**

५५ वटा ब्रान्ड हुनेछन्। ४० प्रतिशतभन्दा बढी नयाँ ब्रान्ड सार्वजनिक गरिँदै छ। ५३ वटा स्टल रहनेछन्। सिन्धुपाल्चोकको तातोपानी नाका बन्द भएकाले रसुवाको रसुवागढी नाकाबाट सवारी आयात बढेको छ। एक्स्पोमा सहभागी हुने एउटा ब्रान्ड बाटोमै अड्किएको छ।

**सर्वसाधारण नाइमा एक्स्पो किन जाने ? गत वर्षभन्दा के मानेमा भिन्न छ ?**

गत वर्षभन्दा धेरै मानेमा फरक र विशेष छ। एक्स्पोलाई कसरी राम्रो बनाउने भनेर हामी लागिपरेका छौं। प्रदर्शक र अवलोकनकर्ताबाट आएको सुझावका आधारमा एक्स्पोमा कसरी सम्बोधन गर्न सकिन्छ भनेर काम गरेका छौं। अहिले पानी पर्ने समय हो। एउटा हलबाट अर्को हलमा जाँदा नरुझी कसरी जान सकिन्छ भनेर त्यहीअनुसारको टेन्टको व्यवस्था गरेका छौं। गत वर्षजस्तै यो पटक पनि अटो शोलाई अपांगतामैत्री बनाएका छौं। पार्किङको समस्यालाई यो पटक नेपाल पुलिस क्लब परिसर नै एक्स्पो अवधिभरका लागि भाडामा लिएका छौं। जहाँ निःशुल्क पार्किङको व्यवस्था गरेका छौं। यस्तै शौचालयको व्यवस्था पनि पुलिस क्लबमै गरेका छौं।

पठाओले भृकुटीमण्डप आउन र जान सहुलियत शुल्कमा सुविधा दिनेछ। पार्किङमा गाडी लिएर आउन नपरोस् भनेर यस्तो गरेका हौं। टिकटमा क्यूआर कोडको साझेदारमा 'युनियन पे' छ। यस पटक ५ सय टिकटमा क्यूआर स्क्यान गर्दा ५० प्रतिशत क्यास ब्याक दिने सुविधा ल्याएका छौं। भृकुटीमण्डपमा पूर्वाधारको समस्या छ। ठाउँ साँघुरो छ। अन्तर्राष्ट्रिस्तरको अटो शो गर्दा त्यो तहसम्म कसरी जान सकिन्छ भनेर यसमा काम गर्दै छौं। ब्याट्री व्यवस्थापन र इथानोल ब्लेन्डिङबारे पनि एक्स्पोमा छलफल गर्दै छौं। दक्ष जनशक्तिको व्यवस्थापन र रोजगारीका सम्बन्धमा पनि छलफल गर्दै छौं। स्वास्थ्यकर्मीको उपस्थितिमा नेपाल प्रहरीका ३ सय जनालाई ६ दिनसम्म ईभी गाडी दुर्घटना हुँदा कसरी उद्धार गर्ने, घाइतेलाई कसरी अस्पताल पुर्‍याउनेलगायत विषयमा प्रारम्भिक चरणमा तालिम दिँदै छौं। यो अटो शोमा गाडी देखाउने र त्यसको बिक्री गराउने मात्र होइन, अटोमोबाइलसँग सम्बन्धित धेरै कार्यक्रम हुँदै छन्। मोबिलिटीसम्बन्धी जर्नल प्रकाशन भइसकेको छ। प्रत्येक ६/६ महिनामा प्रकाशन गर्ने हाम्रो योजना छ। टिकटबाट आउने केही रकम अटोमोबाइलसम्बन्धी अध्ययन अनुसन्धानमा खर्च गरिनेछ।

**यसअघिका एक्स्पोमा कहिले उड्ने कार र कहिले रोबोटको चर्चा हुने गरेको थियो, नाइमा अटो शोमा त्यस्तो केही छ ?**

नाइमा एक्स्पोमा त्यस्तो केही छैन। उड्ने कार हामी किन्न सक्दैनौं। हाम्रोमा उड्ने कार किन्न अनुमति पनि छैन। सडक पूर्वाधार पनि राम्रो छैन। गत वर्ष टिकट बिक्रीबाट आएको कुल रकमको ५ प्रतिशत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) लाई दक्ष जनशक्ति तयार पार्ने उद्देश्यले तालिम दिने गरी उपलब्ध गरायौं। पेट्रोल र डिजेलबाट चल्ने सवारीबारे तालिम दिइरहेका छौं तर बजारमा ईभी गाडीको माग र प्रयोग बढ्दो छ। जुन कुरा सान्दर्भिक भएन। त्यसैले पाठ्यक्रम परिवर्तन गर्नेबारे सरकारसँगको छलफल सकारात्मक देखिएको छ।

**गत वर्ष एक्स्पोबाट कति आम्दानी भयो र यस वर्ष कति कमाउने योजना छ ?**

अटो एक्स्पो नाइमाले कमाउन गरेको होइन। यस वर्षबाट जर्नल प्रकाशन सुरु गरेका छौं। लर्निङ सेसनमा आउने पाहुना (वक्ता) लाई आउने-जाने र खाने-बस्ने व्यवस्था गर्छौं। नेपाल पुलिस क्लबको भवन भाडामा लिएका छौं। त्यहाँ पनि खर्च छ। त्यसैले एक्स्पोको उद्देश्य प्रदर्शकलाई आफ्नो उत्पादन राम्रोसँग देखाउन सकौं भन्ने हो।

**अटो शोमा ग्राहकले के-कस्ता सुविधा पाउँछन् ?**

चाडबाडको मुखमा अटो शो हुँदै छ। यो बेला एक्स्पोमा सहभागी सबै ब्रान्डले छुटसहितका स्किम राखेका हुन्छन्। एक्स्पोमा बैंक, बिमा कम्पनी, स्पेयर पार्ट्सलगायत विविध सुविधा एउटै छानामुनि सेवा उपलब्ध हुन्छन्। उदाहरणका लागि एनएमबी बैंकले सेकेन्ड ह्यान्ड गाडीमा फाइनान्सिङ सुविधा दिँदै छ।

> चारपांग्रेको बजार र आयात चार-पाँच वर्षयता स्थिर छ, हरेक वर्ष १२/१३ हजार सवारी आयात हुने गरेका छन्, तर न घटेर १० हजार न बढेर १५ हजार पुगेको छ, यसमा केही न केही सुधार हुनुपर्छ

**नेपालमा अटो बजारको विकास र विस्तारलाई कसरी हेर्नुभएको छ ?**

चारपांग्रेको बजार र आयात चार/पाँच वर्षयता स्थिर छ। हरेक वर्ष १२/१३ हजार सवारी आयात हुने गरेका छन्। तर न घटेर १० हजार न बढेर १५ हजार पुगेको छ। यसमा केही न केही सुधार हुनुपर्छ। सबैभन्दा ठूलो समस्या सडक पूर्वाधारको छ। सडकको अवस्थाले गर्दा हवाईमार्ग प्रयोग गर्न बाध्य छौं। योजना बनाएर सडक नबनाउँदासम्म यस्तो समस्या आइरहन्छ। काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) निर्माण थालेको कति वर्ष भयो, अझै बनिसकेको छैन। फास्ट ट्र्याकलाई 'फास्ट ट्र्याक' मै निर्माण गर्नुपर्‍यो। वीरगन्जबाट सामान बोकेर काठमाडौं आउन मालवाहक सवारीलाई १२/१४ घण्टा लाग्छ। फास्ट ट्र्याक बनेर दुई/तीन घण्टामा झर्‍यो भने अर्थतन्त्रमा धेरै परिवर्तन आउँछ। त्यसैले पूर्वाधार निर्माण सबैभन्दा महत्त्वपूर्ण पाटो हो। सार्वजनिक यातायात भरपर्दो छैन। यात्रु सार्वजनिक सवारी चढेर समयमै गन्तव्यमा पुग्ने वातावरण बन्नुपर्छ। जथाभावी बस रोक्नुभएन। बस स्टपका पूर्वाधार बनाएर निश्चित ठाउँमा रोक्ने बनाउनुपर्छ ताकि ट्राफिक जाम नहोस्।

**पूर्वाधार विकास र सडक सुरक्षामा नाइमाको भूमिका कस्तो रहन्छ ?**

सडक सुरक्षाबारे ट्राफिक प्रहरीसँग मिलेर काम गरेका छौं। नाइमाले पूर्वाधार विकास र सडक सुरक्षाबारे सरोकारवाला निकायको उपस्थितिमा छलफल पनि गर्दै आएको छ। छलफलबाट समाधानका उपाय निस्किने गरेका छन्।

**यस पटकको बजेट र मौद्रिक नीतिले अटो क्षेत्रको विकास र विस्तारका लागि कस्तो नीति लिएको छ ?**

सरकारले विद्युतीय सवारीसाधनमा सवारीको मूल्यका आधारमा कर लगाउने व्यवस्था गरेको छ। यो स्वागतयोग्य कुरा हो। किलोवाटमा हुँदा न हामीसँग जाँच उपकरण थियो, न हाम्रो प्रणालीले 'डकुमेन्ट एसेप्ट' गरिरहेको थियो। पेट्रोल/डिजेलबाट चल्ने गाडीमा सीसी राखिएको हुने र त्यो नाप्ने पनि संयन्त्र छैन। अन्तर्राष्ट्रिय कागजपत्रलाई मान्यता दिएर त्यसलाई स्वीकृत गरिरहेका छौं। कुन डकुमेन्टलाई मान्यता दिने, कुनलाई नदिने भनेर प्रस्ट बनाएर आइदिएको भए झन् सजिलो हुने थियो। यसमा एउटा मात्र चुनौती हाम्रो मुद्रा एकदमै कमजोर छ। बेलाबेला हुने उतारचढावले गर्दा एउटा गाडीको मूल्यमा पनि तलमाथि हुन सक्छ। यो आयातकर्ताका लागि चुनौती छ। नेपाली रुपैयाँ बराबर यति डलर भनेर निश्चित गरिदिए स्थिरता आउने थियो।

मौद्रिक नीतिमा हाम्रो अपेक्षा 'लोन टु भ्यालु रेसियो' विद्युतीय सवारीमा बढ्ने अपेक्षा थियो। राष्ट्र बैंकले समग्र सवारीमा २० प्रतिशत डाउन पेमेन्ट र ८० प्रतिशत ऋण पाउने व्यवस्था गरिदिए हुन्थ्यो भन्ने हो। यसले सरकारको आय बढाउँछ। बैंकसँग भएको अधिक तरलता केही न केही सुरक्षित क्षेत्रका रूपमा रहेको अटोमोबाइलमा लगानी हुन्थ्यो। गाडीको बिक्री बढ्थ्यो।

**बजारमा विद्युतीय सवारीको प्रयोग बढेसँगै ब्याट्री व्यवस्थापनको चुनौती पनि बढ्दो छ, यसबारे नाइमाको योजना के हो ?**

विद्युतीय सवारी आयात गर्नुअघि ब्याट्री व्यवस्थापनका लागि अनिवार्य सम्झौता गर्नुपर्छ। यसकारण अहिले आयात भएका सवारीमा ब्याट्री थुप्रियो (जंकयाड) हुने अवस्था हुँदैन। लामो समयदेखि मोबाइल फोन, ल्यापटप प्रयोग गर्दै आएका छौं। त्यसको ब्याट्री कहाँ गयो त ? यसमा जंकीयाड देखिएको छैन त ! यस्ता ब्याट्रीको रिसाइकल भइरहेको छ। मोबाइल फोनको ब्याट्री कवाडीबाट भारत गएर रिसाइकल भइरहेको छ। नेपालमै रिसाइकल गर्न मिल्ने गरी सरकारले नीति बनाउन आवश्यक छ। गाडीको ब्याट्री व्यवस्थापनलाई नराम्रो दृष्टिले हेरिरहेका छौं। केही वर्षपछि ईभी गाडीको ब्याट्री डम्प हुन थाल्छ, त्यसलाई रिसाइकल गर्न सकिन्छ। अहिले कसैलाई सित्तैमा लग्न भनिरहेका छौं। भारतमा यसको रिसाइकल भइरहेको छ। नत्र किन भारतमा लगिन्छ त ? केही राम्रो र ठूलो अवसर भएरै त हो। यसको केही न केही मूल्य निस्कन्छ। यसको व्यवस्थापनसम्बन्धी सरकारले नीति बनाइदिए झन् सजिलो हुने थियो।

**नाइमा अटो शोमा कति मूल्यसम्मका गाडी राखिँदै छ ?**

२० लाखदेखि साढे ३ करोड रुपैयाँसम्मका ईभी गाडी नाइमा अटो एक्स्पोमा हुनेछन्। गत वर्ष १ लाखभन्दा बढीले एक्स्पो अवलोकन गरेका थिए। यस पटक यो संख्या बढ्ने अपेक्षा गरेका छौं। गत वर्ष धेरैलाई नाइमा भन्ने पनि थाहा थिएन। अलि हतारमै एक्स्पो आयोजना गरेका थियौं। दुईपांग्रे ईभीमा पनि धेरै ब्रान्ड आउँदै छन्। दुईपांग्रे सवारीमा पनि आकर्षण बढेको छ। धेरै मोडलका दुईपांग्रे सवारी बजारमा आउँदै छन्।

**सडकमा सवारी बढेअनुसार पूर्वाधार विकास हुन सकेको छैन, पूर्वाधार विकासका लागि सरकारलाई कसरी लबिइङ गरिरहनुभएको छ ?**

योजना बनाएर पूर्वाधार बनाउनुपर्छ। चौबिसै घण्टा चल्ने सडक पूर्वाधार बनाउनुपर्छ। अनुमान र डोजरका भरमा सडक बनाउनुभएन। पहिरो आएर सडक बन्द भइरहने अवस्था बन्नुभएन। विशेष त सवारी आयात हुने नाका बाह्रै महिना चल्नुपर्छ। सडक पूर्वाधार त्यहीअनुसार हुनुपर्छ। पटक-पटक खर्च गर्ने पूर्वाधार होइन, एक पटक खर्च गरेर दिगो पूर्वाधार निर्माण गर्नुपर्छ।

# नाइमा एक्स्पोमा राखिँदै छन् २० लाखदेखि साढे तीन करोडसम्मका विद्युतीय सवारी

## एक्स्पोमा ५२ वटा स्टल, दुईपांग्रे सवारीका १८ र चारपांग्रेका २९ नयाँ ब्रान्ड सार्वजनिक गरिँदै

**विमल खतिवडा र प्रकृति दाहाल** (काठमाडौं)




भृकुटीमण्डपमा हुने 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' का लागि स्टल निर्माण गरिँदै। २६ देखि ३१ साउनसम्म सञ्चालन हुने एक्स्पोको अन्तिम तयारी चलिरहेको छ। तस्बिर सौजन्य : नाइमा

यही २६ देखि ३१ साउनसम्म भृकुटीमण्डपमा हुने 'नाइमा नेपाल मोबिलिटी एक्स्पो-२०२६' मा २० लाखदेखि साढे तीन करोड मूल्य बराबरका विद्युतीय गाडी राखिँदै छ। एक्स्पोमा ग्राहकले विभिन्न छुट अफरमा आफ्नो रोजाइका सवारी बुकिङ गर्न सक्नेछन्।

नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) को आयोजनामा हुन लागेको एक्स्पोमा ५२ वटा स्टल रहनेछन्। एक्स्पोमा दुईपांग्रे सवारीका १८ र चारपांग्रेका २९ नयाँ ब्रान्ड सार्वजनिक गरिँदै छ।

आयोजकका अनुसार एक्स्पोमा दुईपांग्रे, चारपांग्रे, कमर्सियल भेहिकल, इलेक्ट्रिक तथा हाइब्रिड मोबिलिटी सोलुसन, प्रविधि, सेवा तथा मोबिलिटीसम्बन्धी उत्पादन विशेष रूपमा समेटिएको छ। यात्रुवाहक विद्युतीय गाडी पनि अवलोकनकर्ताले एक्स्पोमा देख्न पाउनेछन्।

गत वर्ष १ लाखभन्दा बढीले एक्स्पो अवलोकन गरेका थिए। यो पटक उक्त संख्या बढ्ने अटो शो प्लानिङ कमिटीका संयोजक गौरव शारडाको भनाइ छ। 'गत वर्ष धेरैलाई नाइमाबारे थाहा पनि थिएन, अलि हतारमै एक्स्पो आयोजना गरेका थियौं,' उनले भने, 'यो पटक गत वर्षको कमीकमजोरीमा सुधार गर्दै एक्स्पो आयोजना गर्दै छौं।' एक्स्पोमा दुईपांग्रे ईभीका धेरै ब्रान्ड हुने उनको भनाइ छ।

अहिलेसम्म विभिन्न कम्पनीका ४८ वटा ब्रान्ड सार्वजनिक गर्ने तयारी रहेको आयोजकले बताएको छ। सबैभन्दा बढी प्यारामाउन्ट मोटर्सले वुलिङ ब्रान्डका पाँच वटा चारपांग्रे विद्युतीय सवारी सार्वजनिक गर्दै छ। तिनमा एक्सिएन, मिनी, डेरिएन, बिंगो र लिंकिस ईभी छन्। एक्स्पोमा फर्मी मोटर्सले स्काइवर्थ र किटन ब्रान्डको एउटा कमर्सियल सवारीसाधन सार्वजनिक गर्ने भएको छ।

'पठाओले भृकुटीमण्डप आउन जान 'सब्सिडाइ फेयर' दिनेछ, पार्किङमा गाडी लिएर आउन नपरोस् भनेर यस्तो गरेका हौं,' संयोजक शारडाले भने, 'टिकटमा क्यूआर कोड पार्टनर युनियन-पे छ, जसले ५ सयको टिकटमा क्यूआर स्क्यान गर्दा ५० प्रतिशत क्यास ब्याक दिनेछ।'

चारपांग्रेतर्फ कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजले किया ब्रान्डका ३, ईभी राइड प्रालिले होर्नी बोमा ब्रान्डको एउटा, हिमालय म्याक्सले म्याक्सस ब्रान्डका ३ वटा सवारी सार्वजनिक गर्ने तयारी छ। यस्तै लक्ष्मी कमर्सियलले केरी कमर्सियल ब्रान्डका २, लक्ष्मी ई-मोबिलिटीले काइयी ब्रान्डको एउटा, लक्ष्मी मोटरहबले आर्कफक्स र बाइक ब्रान्डको एक-एक वटा सवारी सार्वजनिक गर्ने तयारी छ।

एक्स्पोमा नयाँ सार्वजनिक हुने गरी सूचीकृत हुने सवारी कम्पनी र ब्रान्डमा एसक्यू इन्टरप्राइजेजको हेनरी भोल्ट्स ब्रान्डका ३ र सांग्रिला मोटर्सको लिपमोटर्स ब्रान्डको एउटा सवारी सार्वजनिक गरिँदै छ। अहिलेसम्म सबैभन्दा धेरै नयाँ ब्रान्डका चारपांग्रे सवारी नै सार्वजनिक गर्ने गरी सूचीकृत भएका छन्। युनाइटेड ट्रेडर्स सिन्डिकेटले टोयोटा ब्रान्डका २ र भीजी इम्पेक्स जीडब्लूएम (ग्रेट वाल मोटर्स) ब्रान्डका २ वटा साधन लन्च गर्दै छ।

एसपीजी अटोमोबाइल्सले ओमोडा र आइकारका एक-एक वटा नयाँ ब्रान्ड एक्स्पोमा सार्वजनिक गर्ने आयोजकले जनाएको छ। पायोनियर मोटोकर्पले निसान ब्रान्ड र जीओ अटोमोबाइल्सले एमजी ब्रान्डका एक-एक वटा नयाँ सवारी सार्वजनिक गर्दै छन्। दुईपांग्रेतर्फ पनि एक्स्पोमा नयाँ ब्रान्ड सार्वजनिक गर्ने कम्पनीको संख्या बढ्दै गएको छ। एक्स्पोमा बाइकर्स नेपालले जेडएक्समोटो/सीएक्स ब्रान्डका मोटरसाइकल ३ वटा नयाँ लन्च गर्दै छ।

> गत वर्ष १ लाखभन्दा बढीले एक्स्पो अवलोकन गरेका थिए, यो पटक उक्त संख्या बढ्ने आयोजकको दाबी

एक्स्पोमा ईभी र पेट्रोल/डिजेलबाट चल्ने सवारीकै स्टल राखिने नाइमाका कार्यकारी निर्देशक राजकुमार दुलालले बताए। 'समग्रमा एक्स्पोमा ईभीको बाहुल्य छ,' उनले भने, 'तर सबै क्याडबरीका ईभी र पेट्रोल/डिजेलबाट चल्ने, हाइब्रिड समावेश छन्।' एक्स्पोमा थोरै बजेटदेखि प्रिमियम क्याटबरीका सवारी रहनेछन्। जहाँ एउटै छानामुनि सबै खालका सवारीसाधनबारे बुझ्न पाइनेछ। ट्राफिक सचेतना, एक्स्पो अवधिभर आयोजना गरिने मोबिलिटीसम्बन्धी विभिन्न कार्यशालाबाट अटो क्षेत्रबारे जानकारी लिन सकिने उनको भनाइ छ।

गत वर्ष नाइमा एक्स्पो पहिलो प्रयास भए पनि सबैतिरबाट राम्रो प्रतिक्रिया पाएको नाइमा अध्यक्ष ऋतुसिंह वैद्यले बताइन्। 'एक्स्पोबाट हामीले आफूलाई नयाँ संस्थाका रूपमा स्थापित गर्न सफल भयौं,' कान्तिपुर मिडिया ग्रुपले आइतबार आयोजना गरेको राउन्ड टेबलमा उनले भनिन्, 'गत वर्ष ४२ वटा ब्रान्डका सवारी एक्स्पोमा राखिएकामा यो पटक ५५ वटा ब्रान्ड पुगेका छन्, यो पनि सफलता हो।'

एक्स्पोमा इको इन्फिनिटीले निउ ब्रान्डका ३ र इभोक नेपालले केरेन इलेक्ट्रिक स्कुटर्स २ वटा सार्वजनिक गर्दै छ। हंसराज हुलासचन्द्र एन्ड कम्पनीले बजाजका २, जगदम्बा मोटर्सले टीभीएसका २ र कुजु नेपालले याडिया ब्रान्डका ३ साधन नयाँ सार्वजनिक गर्ने तयारी छ। परिमिता इन्भेस्टमेन्टले ग्यारो ब्रान्डको एउटा, त्रायना मोबिलिटीले अल्ट्राभायोलेट ब्रान्डको एक र युनाइटेड ट्रेडर्स सिन्डिकेटको मोर्बिडेली ब्रान्डको १ वटा नयाँ साधन एक्स्पोमा सार्वजनिक गर्दै छन्।

अटोप्रेमीको एउटा हिस्सा बनाउने गरी नाइमा एक्स्पो आयोजना गर्न लागिएको नाइमाका बोर्ड सदस्य निराकार श्रेष्ठले बताए। 'एक्स्पोमा प्रत्यक्ष वैदेशिक लगानीबारे छलफल, ब्याट्री पुनः प्रयोग तथा पुनः प्रशोधनबारे जानकारी, ऋण तथा वित्तीय व्यवस्थाबारे छलफल, बिमासम्बन्धी जानकारी युवा उद्यमशीलताबारे छलफलहरूको आयोजना गर्दै छौं,' उनले भने। एक्स्पो हुने स्थान भृकुटीमण्डपमा तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ।

अटो क्षेत्रमा ठूलो समस्या नीतिगत अस्थिरता रहेको साइमेक्स इन्कका प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठको भनाइ छ। 'आर्थिक वर्ष २०७७/७८ बाट नेपालमा विद्युतीय सवारीसाधनको प्रयोग बढ्न थालेको हो, त्यसयता अहिलेसम्मका बजेटमार्फत एक पटकबाहेक विद्युतीय सवारीसाधनमा प्रत्येक पटक कर बढेको छ,' उनले भने, 'यस्तो नीतिगत विचलनले बजारमा अन्योल सिर्जना गर्छ।'

मन्त्रालयको मुख्य ध्यान गुणस्तरीय सडक पूर्वाधार निर्माणमा रहेको पूर्वाधार विकास मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामहरि पोखरेलले बताए। 'जहाँ सवारी चाप बढी छ, त्यहाँ सडक विस्तार र स्तरोन्नतिमा विशेष ध्यान दिएका छौं,' उनले भने, 'अन्तर्राष्ट्रियस्तरमा रहेको मापदण्डअनुसार सडक पूर्वाधार बनाइरहेका छौं।'

ऐन, नीति नियम बनाउने बेला निजी क्षेत्र त्यसमा पनि प्रत्यक्ष सरोकार राख्ने अटो क्षेत्रको सल्लाह सुझाव समेट्ने गरेको उनको भनाइ छ। 'हामी निजी क्षेत्र सँगसँगै छौं,' प्रवक्ता पोखरेलले भने, 'नयाँ सहरी तथा यातायात व्यवस्था ऐन आउँदै छ, त्यसमा पर्याप्त छलफल गरौं। हामी सरकार मात्र होइनौं, उपभोक्ता पनि हौं।'

## अर्थ संक्षेप

### लिपमोटरको बी०३एक्स प्रो म्याक्स प्रिमियम एसयूभी सार्वजनिक



काठमाडौं (कास)- सांग्रिला मोटर्स प्रालिले नयाँ लिपमोटर बी०३एक्स प्रो म्याक्स प्रिमियम एसयूभी सार्वजनिक गरेको छ। कम्पनीले पहिलो १ सय जना ग्राहकका लागि यसको विशेष मूल्य रु. ४४ लाख ९९ हजार र त्यसपछिका ग्राहकका लागि ४६ लाख ९९ हजार निर्धारण गरेको विज्ञप्तिमा उल्लेख छ। यससँगै देशैभरका शोरुममा गाडीको अवलोकन तथा औपचारिक बुकिङ खुला गरिएको छ। नेपालका विविध सडक तथा भौगोलिक अवस्थालाई सहज रूपमा सामना गर्न सक्ने गरी निर्मित लिपमोटर बी०३एक्समा शक्तिशाली १ सय ४५ किलोवाट क्षमताको इलेक्ट्रिक मोटर र ५३ किलोवाट-आवर ब्याट्री प्याक रहेको कम्पनीले जनाएको छ। यसले प्रतिचार्ज ५ सय ५ किलोमिटरसम्मको रेन्ज प्रदान गर्ने कम्पनीको भनाइ छ। यसमा १ सय ८५ एमएमको ग्राउन्ड क्लियरेन्स छ।

### सुपर कमेडी लिगको औपचारिक घोषणा, राजेश हमाल प्रेसिडेन्ट



काठमाडौं (कास)- कमेडी एक्ट बेस्ड रियालिटी शो 'सुपर कमेडी लिग' को औपचारिक घोषणा गरिएको छ। ओपन डोर्स इन्टरटेन्मेन्टले निर्माण गर्ने उक्त शो हास्यव्यंग्यमा आधारित रहने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। यस रियालिटी शोमा अभिनेता राजेश हमाल लिग प्रेसिडेन्टको भूमिकामा रहने जनाइएको छ। कलाकारहरू विल्सनविक्रम राई, लुनिभा तुलाधर, रवीन्द्र झा र सुरक्षा पन्त क्याप्टेन तथा मेन्टरका रूपमा रहेको विज्ञप्तिमा उल्लेख छ। 'कार्यक्रमका लागि पाँच सहरमा अडिसन गरिने भएको छ, यही २९ साउनमा दमक, ३१ साउनमा नारायणगढ, २ भदौमा नेपालगन्ज, ४ भदौमा पोखरा र ६ भदौमा काठमाडौंमा अडिसन सञ्चालन हुने विज्ञप्तिमा उल्लेख छ। अडिसनबाट छनोट हुने ३२ जना प्रतिस्पर्धीलाई चार समूहमा विभाजन गरिने र ८ जनाको उक्त समूहको नेतृत्व ४ जना क्याप्टेनले गर्ने बताइएको छन्। अडिसनमा सहभागी हुन नपाएका र नेपालबाहिर रहेका नेपालीभाषी इच्छुक प्रतिभाले डिजिटल अडिसनमार्फत आफ्नो भिडियो सामग्री पठाएर पनि सहभागी हुन सक्ने विज्ञप्तिमा उल्लेख छ।

### मेरिल्यान्डमा पनि बाजेको सेकुवा



काठमाडौं (कास)- अमेरिकाको मेरिल्यान्ड राज्यमा नेपाली सेकुवा ब्रान्ड 'बाजेको सेकुवा' खुलेको छ। मेरिल्यान्डको ह्वाइट मार्समा सेकुवा खुलेको हो। अमेरिकी स्थानीय तह तथा राज्यका जनप्रतिनिधिको उपस्थितिमा हालै उक्त रेस्टुराँको उद्घाटन गरियो। कार्यक्रममा मेरिल्यान्ड क्षेत्र ८ का नेपाली मूलका सांसद डा. हयारी भण्डारी, क्षेत्र ७ 'ए' को प्राथमिक निर्वाचनमा निर्वाचित सतीश चापागाईंलगायतको सहभागिता रहेको जनाइएको छ। उद्घाटनपछि रेस्टुराँमा अतिथिलाई विभिन्न स्वादिष्ट नेपाली परिकारहरूको स्वाद चखाइएको थियो।

# एक्सट्रिम इनर्जी ड्रिंकको 'स्क्यानमा सुन' अभियान विजेतालाई सुनको बल




काठमाडौं (कास)- एक्सट्रिम इनर्जी ड्रिंकले 'स्क्यानमा सुन' अभियान विजेतालाई सुनको बल दिएको छ। विश्वकप फुटबल २०२६ को अवसरमा सञ्चालन गरेको 'स्क्यानमा सुन' अभियानअन्तर्गत लक्की ड्रमार्फत छनोट भएका तीन जना भाग्यशाली विजेतालाई शुक्रबार काठमाडौंस्थित भाटभटेनी सुपरमार्केट, कलंकी परिसरमा आयोजित विशेष समारोहबीच सुनको बल हस्तान्तरण गरिएको हो।

अभियानअन्तर्गत पहिलो विजेता प्रमेश केसी, दोस्रो विजेता तिप्सिका राणा तथा तेस्रो विजेता सविना थापालाई जनही ३.५ तोला सुनको गोल्डेन बल प्रदान गरिएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

विश्वकप फुटबलको रोमाञ्चलाई नेपाली उपभोक्तासँग जोड्ने उद्देश्यले सञ्चालित 'स्क्यानमा सुन' अभियानमा देशभरबाट १ लाख २० हजारभन्दा बढी उपभोक्ताको सहभागिता रहेको विज्ञप्तिमा जनाइएको छ। एक्सट्रिम इनर्जी ड्रिंकको क्यानमा रहेको क्यूआर कोड स्क्यान गरी उपभोक्ता लक्की ड्रमा सहभागी भएका थिए।

एक्सट्रिम इनर्जी ड्रिंक र भाटभटेनी सुपरमार्केटको सहकार्यमा सञ्चालित विशेष बाइक उपहार योजनाको लक्की ड्रसमेत सार्वजनिक गरियो। उक्त योजनाअन्तर्गत समीरचन्द्र शर्मा पौडेल भाग्यशाली विजेताका रूपमा घोषित भएको विज्ञप्तिमा उल्लेख छ।


## PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is soliciting proposals from interested organisations/firms/companies to provide the following services:

| | |
|---|---|
| **Reference No.:** | Request for Proposal – **UNDP/RFP/27/2026 (UNDP-NPL-00707)** |
| **Project/Agency:** | Climate Finance Network (CFN) / UNDP |
| **Purpose:** | Update National Framework on Climate Change Induced Loss and Damage (L&D) |
| **Deadline for bid submission:** | **24 August 2026, 5:00 PM Nepal Time** |
| **Weblink:** | https://www.undp.org/nepal/procurement |
| **Who can apply:** | National/International organisations/firms/companies |
| **How to apply:** | As per the instructions in the detailed bidding document. |


# देशभरका वधशाला मासु निरीक्षक खटाइँदै

## तीन चरणमा मासु निरीक्षक नियुक्ति गर्दै सरकार, दर्तावाल पशु चिकित्सकबाट आवेदन आह्वान

**प्रकृति दाहाल** (काठमाडौं)

सरकारले तीन चरणमा मासु निरीक्षक नियुक्ति गरेर देशभरका पशु वधशालामा परिचालन गर्ने भएको छ। कृषि वन तथा पर्यावरण मन्त्रालयले मासु निरीक्षकका लागि इच्छुक दर्तावाल पशु चिकित्सकबाट आवेदन आह्वान गरिसकेको छ।

मन्त्रालयका अनुसार मासु जाँच प्रणालीलाई व्यवस्थित बनाउन पहिलो चरणमा काठमाडौं उपत्यकाका तीन जिल्लाबाट मासु निरीक्षक नियुक्ति सुरु गरिनेछ। त्यसपछि दोस्रो चरणमा अन्य सबै नगरपालिका र तेस्रो चरणमा देशभरका पशु वधशालामा निरीक्षक खटाइनेछ।

मन्त्रालयले पशु वधशाला र मासु जाँच ऐन, २०५५ प्रभावकारी रूपमा कार्यान्वयन गर्न मासु निरीक्षक नियुक्तिको प्रक्रिया अघि बढाइएको जनाएको छ। ऐनको दफा ६ मा मासु निरीक्षक नियुक्तिको व्यवस्था छ। त्यसमा नेपाल सरकार वा प्रदेश सरकारले पशु र मासु जाँच गर्नका लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको व्यक्ति मासु निरीक्षकका रूपमा नियुक्ति गर्न सक्ने भनिएको छ।

मासु निरीक्षक परिचालनले वधशालामा वध गरिने पशुको स्वास्थ्य परीक्षण, मासुको गुणस्तर तथा उपभोगयोग्य अवस्थाको निरीक्षण र अस्वस्थाबाट उत्पादित मासु बजारमा जान नदिने व्यवस्था थप प्रभावकारी हुने मन्त्रालयको अपेक्षा छ। मन्त्रालयले देशभरका पशु वधशाला, पशु वधस्थल, मासु पसल तथा मासु व्यवसायीको विवरण संकलन (म्यापिङ) सुरु गरिसकेको छ। मन्त्रालयले व्यवसायीलाई क्यूआर कोड वा गुगल फाराममार्फत विवरण उपलब्ध गराउन आग्रह गरेको छ। वधशालाबाट उत्पादन हुने रगत, हड्डी, सिङ, खुरलगायत उपउत्पादन प्रयोग वा प्रशोधन गर्न सक्ने उद्योगहरूको पनि विवरण संकलन थालिएको मन्त्रालयले जनाएको छ।

पशु सेवा विभागकी सूचना अधिकारी इन्दिरा शर्माले मन्त्रालयबाट निर्णय गरेर चरणबद्ध रूपमा मासु निरीक्षक नियुक्ति प्रक्रिया अघि बढाइएको जानकारी दिइन्। पशु वधशाला तथा मासु जाँच ऐन कार्यान्वयन गर्ने प्रयास विगतमा भए पनि प्रतिकूल वातावरणका कारण सम्भव नभएको उनको भनाइ छ।

पछिल्ला वर्षमा मासुको उत्पादन बढ्दै गएको, स्वस्थ्य जनचेतना बढेको र उपभोक्ताको हकलाई संविधानले मौलिक हकमा व्यवस्था गरिएको र सो कार्यान्वयनका लागि पनि सरकारले अग्रसरता लिएको शर्माले बताइन्। 'बिस्तारै मासु उत्पादन र उपभोग बढ्दै गएको छ। स्वच्छ मासु खानुपर्छ भनेर जनचेतना पनि बढेको छ,' उनले भनिन्, 'त्यसैले सरकारले उपभोक्तालाई स्वस्थ र गुणस्तरीय मासु उपलब्ध गराउन कानुन कार्यान्वयनमा प्राथमिकता दिएको हो।'

सरकारले वधशाला मापदण्ड पालनामा पनि कडाइ गर्ने भएको छ। वधका लागि ल्याइएका पशुको स्वास्थ्य परीक्षण गरी स्वस्थ रहेको पुष्टि भएपछि मात्रै वध गर्नुपर्नेछ। बिरामी पशु राख्न छुट्टै स्थानको व्यवस्था गर्नुपर्ने र वधपछि मासुको पुनः परीक्षण (पोस्टमार्टम) गरी मानव उपभोगका लागि अयोग्य ठहरिएको मासु सुरक्षित रूपमा नष्ट गर्नुपर्ने व्यवस्था मापदण्डमा छ। त्यस्तै, वधशालामा सफा र तातो पानी, उचित हावापानी तथा प्रकाश, रगत तथा फोहोर व्यवस्थापन, सजिलै सफा गर्न मिल्ने भुइँ र ढल निकासको व्यवस्था अनिवार्य गरिएको छ।

मासुको गुणस्तर कायम राख्न शीत भण्डारण (कोल्ड स्टोरेज) को व्यवस्था गर्नुपर्ने, वध गरिएको मासु ओसारपसार गर्ने सवारीसाधनका लागि छुट्टै सफा स्थान तथा पशु वध गर्ने, छाला निकाल्ने र मासु सफा गर्ने काम छुट्टाछुट्टै स्थानमा गर्नुपर्ने व्यवस्थासमेत नियमावलीमा छ। पशुधनीले आफ्नो पशुको वध हेर्न चाहे पनि वध हुने स्थानमा प्रवेश गर्न नपाउने व्यवस्था गरिएको छ।

# ग्यास आयात नियमित...



तस्बिर : कान्तिपुर

नेपाली उद्योगीले ग्यास आयातका लागि बुलेट खरिद नगरेका भने होइनन्। सरकारकै निर्णयअनुसार ग्यास बुलेट खरिद गर्दासमेत आफूहरूले घाटा खाएर बेच्नुपरेको उद्योगी बताउँछन्। नेपाल आयल निगमले असोज २०७२ मा जारी गरेको सूचनाअनुसार व्यवसायीले ७ सय ७५ थान बुलेट किन्न अनुमति पाएका थिए। सरकारले आर्थिक वर्ष २०७३/७४ को बजेटमार्फत बुलेटमा दुईतिहाइ भन्सार छुट पनि दिएको थियो। बुलेट सञ्चालनका लागि भारतले आवश्यक 'एक्सप्लोसिभ सर्टिफिकेट' नदिँदा उक्त बुलेटबाट ढुवानी हुन सकेन।

अन्ततः व्यवसायीले ती बुलेट घाटा खाएर भारतमै बिक्री गरे। भारतीय ग्यास बुलेटबाट ढुवानी भएकाले पाइपलाइन बनाउन जरुरी रहेको निगमले नै दाबी गर्दै आएको थियो। सोहीअनुसार निगमले मोतिहारी-पथलैया सर्लाही एलपी ग्यास पाइपलाइनको काम अघि बढाएको थियो। इन्डियन आयल कर्पोरेसन (आईओसी) ले २ वर्षअघि नै ग्यास पाइपलाइनका लागि 'रुट सर्भे' गरेर प्रतिवेदन बुझाए पनि थप प्रक्रिया अघि बढेको छैन।

आईओसीकै लगानीमा रुट सर्भे सकिए पनि थप काम अघि नबढेको हवाई इन्धन डिपो सिनामंगलका प्रमुख इन्जिनियर प्रदीपकुमार यादव बताउँछन्। निगमको व्यवस्थापन र उद्योग मन्त्रालयले ग्यास पाइपलाइनलाई बेवास्ता गर्दा वार्षिक ६ अर्ब रुपैयाँ भारतलाई ढुवानी भाडा तिरिरहेको मोतिहारी-सर्लाही ग्यास पाइपलाइन विस्तार परियोजना प्रमुखसमेत रहिसकेका यादवको भनाइ छ।

भारतको मोतिहारीदेखि नेपालको पथलैया-सर्लाहीसम्म करिब १३० किलोमिटर ग्यास पाइपलाइन निर्माण गर्नुपर्छ। सर्लाहीमै १० हजार टन क्षमताको ग्यास भण्डारणसमेत बनाइने योजना थियो। निगमले चालु आर्थिक वर्षको बजेटमा पाइपलाइन र भण्डारण गृहका लागि ५ करोड रुपैयाँ बजेट छुट्याएको समेत यादवले जनाए। मुलुकमा विद्युत् उत्पादन पर्याप्त भएकाले ग्यास पाइपलाइनलाई प्राथमिकतामा नराखिएको सरोकारवाला बताउँछन्। निगमका अनुसार ग्यासको मासिक औसत खपत ४५ देखि ५० हजार टन हो । उक्त परिमाण भारतका ५/७ वटा ट्रान्सपोर्टरको बुलेटमार्फत ढुवानी भइरहेको छ। न्यूनतम २५ हजार टनको भण्डारण नबनाएसम्म ग्यास अभाव सिर्जना भइरहने उद्योग मन्त्रालयका एक अधिकारीले जनाए।

'भारतमा ग्यास फ्याक्ट्री मर्मतसम्भारमा जाँदा होस् वा ढुवानीका लागि बुलेटमा समस्या होस्, नेपालमा ग्यास अभाव सिर्जना भइरहन्छ,' ती अधिकारीले भने, 'त्यसैले २५ हजार टनको भण्डारण गर्ने ठाउँ बनायौं भने १५ दिनलाई सहज हुन्छ। तत्कालका लागि भण्डारण गृहबाट उद्योगसम्म पुर्‍याइन्छ। अनि भारतबाट ल्याएर भण्डारण गरिन्छ।' बिजुलीको उपयोग, विद्युतीय चुलोमै जाने भने पनि २५ हजार टन भण्डारण भने यस्ता अभावका बेला अनिवार्य भइसकेको ती अधिकारी बताउँछन्।

# भागबन्डा नमिल्दा कर्णालीमा भएन मन्त्रिपरिषद् विस्तार

### मुख्यमन्त्रीसहित सात मन्त्रालयमध्ये चारमा एमालेको दाबी, बराबर भागबन्डा हुनुपर्ने नेकपाको अडान

**कृष्णप्रसाद गौतम** (सुर्खेत)

कर्णालीमा सत्तारूढ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र एमालेबीच भागबन्डा नमिल्दा मुख्यमन्त्री मंगलबहादुर शाहीले १३ दिनदेखि एक्लै सरकार चलाइरहेका छन् । दुई दलका २४ सांसदको समर्थनमा नेकपा संसदीय दलका नेता शाही १२ साउनमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

कर्णालीमा मुख्यमन्त्रीको कार्यालयसहित सात मन्त्रालय छन् । एमालेले चार मन्त्रालयमा दाबी गरेको छ । यसअघि आफ्नै नेतृत्वको सरकारमा एमालेले मुख्यमन्त्रीसहित तीन मन्त्रालय र साझेदार दल कांग्रेसले चार मन्त्रालय लिएको थियो । त्यही आधारमा चार मन्त्रालयमा एमालेले दाबी नछोडेको हो ।

एमाले प्रमुख सचेतक टेकराज पछाईले नेकपाले मुख्यमन्त्रीबाहेकका मन्त्रालयमा बराबरी भाग खोजेपछि कुरा मिल्न नसकेको बताए । 'अहिलेसम्म औपचारिक कुराकानी त भएको छैन,' उनले भने, 'तर सरकारको नेतृत्व गर्ने दलले मन्त्रालयको संख्यामा बार्गेनिङ गर्नु जायज भएन ।' कर्णाली प्रदेशसभामा एमालेका सभामुखसहित १० सांसद छन् ।

नेकपा सांसद भीमप्रकाश शर्माले ठूलो दल भएकाले आफ्नो पार्टीको अडान जायज रहेको बताए । 'मुख्यमन्त्रीबाहेक ३/३ मन्त्रालय बाँडफाँट गरे सहमति हुन्थ्यो,' उनले भने, 'हाम्रोभन्दा पनि उहाँहरूको कारण मन्त्रिपरिषद् गठनमा ढिलाइ भएको हो ।' ४० सदस्यीय कर्णाली प्रदेशसभामा बहुमतका लागि २१ सांसदको समर्थन चाहिन्छ । नेकपाका १४ सांसद छन् । मुख्यमन्त्री शाहीले दुई दलबीच सकारात्मक छलफल भइरहेकाले १/२ दिनभित्र मन्त्रिपरिषद् गठनले पूर्णता पाउने बताए । 'हामी निरन्तर छलफलमै छौं,' उनले भने, 'अब धेरै ढिलो नहोला ।'

कर्णालीमा भागबन्डाको राजनीति लामो समयदेखि जारी हुँदा त्यसको असर सरकारको कामकाजमा पनि परिरहेको मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक कमल लम्सालले बताए । 'सरकारले पूर्णता पाउनुअघि नै दुई दलबीच मनमुटाव हुन थाल्यो, अब क्रमशः सरकार सञ्चालनका क्रममा कठिनाइ थपिँदै जान्छन्,' उनले भने, 'त्यसको असर सेवा प्रवाह र विकास निर्माणमा पनि परिरहेको हुन्छ ।'

कर्णालीमा यसपल्ट एमाले र नेकपाबीचको सत्ता सहकार्य सुरुदेखि नै तिक्ततापूर्ण छ । गत ३२ असारमा नेकपाले कांग्रेससँग मिलेर यसअघिको एमाले नेतृत्वको सरकारविरुद्ध अविश्वासको प्रस्ताव संसद्मा दर्ता गराएको थियो । जसअनुसार निवर्तमान मुख्यमन्त्री यामलाल कँडेललाई हटाएर कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई मुख्यमन्त्री बनाउने सहमति भएको थियो । तर मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएको केही घण्टामै केन्द्रमा एमाले र नेकपाका शीर्ष नेताबीच सत्ता साझेदारीको सहमति भएको थियो । सोही सहमतिबमोजिम नेकपा संसदीय दलका नेता शाही मुख्यमन्त्री बनेका हुन् ।

यसअघि कांग्रेसले नेतृत्व गरेको आर्थिक मामिला तथा योजना, सामाजिक, जलस्रोत तथा ऊर्जा विकास र उद्योग, पर्यटन तथा वातावरण मन्त्रालयमा आफूहरूको दाबी रहेको एक एमाले सांसदले बताए । उनका अनुसार दुवै दलले सामाजिक विकास मन्त्रालयमा दाबी गरिरहेका छन् । कार्यक्षेत्र र मातहतका कार्यालय धेरै भएकाले तथा दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको जस लिन पनि उक्त मन्त्रालयमा दुवै दलले दाबी गरिरहेको उनको भनाइ छ ।

आफ्नो विज्ञता र क्षमताभन्दा पनि आकर्षक मन्त्रालयमा दलहरूको भागबन्डा हुँदा त्यसले कार्यकर्तामैत्री बजेट वितरणको जोखिम बढाउने मध्यपश्चिम विश्वविद्यालयका पूर्वडिन पीताम्बर ढकालले बताए । 'यस्तो खिचातानीले सेवाप्रवाहलाई चुस्तदुरुस्त बनाउनेभन्दा पनि कार्यकर्तामैत्री सरकार चलाउने कुरालाई बढावा दिन्छ, रणनीतिक महत्त्वको विकासभन्दा टुक्रे योजनाले प्राथमिकता पाउँछन्,' उनले भने, 'आर्थिक अराजकता बढ्छ, जनतामा निराशा बढ्न थाल्छ ।'

# बागमतीमा सरकार पुनर्गठन अनिश्चित

### राप्रपाले साथ नदिने भएपछि नेमकिपालाई सभामुख दिएर बहुमत पुऱ्याउने कसरतमा एमाले-नेकपा गठबन्धन

**गंगा बीसी** (काठमाडौं)

एमाले बागमती प्रदेशसभा संसदीय दल नेता जगन्नाथ थपलिया बिरामी भएपछि प्रदेश सरकार पुनर्गठन अन्योल भएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीको गुन्डुस्थित निवासमा गत शनिबार मुख्यमन्त्रीबारे छलफल भइरहेका बेला थपलिया बिरामी भएका थिए ।

ओलीले थपलियालाई मुख्यमन्त्रीका लागि अघि सारे पनि अन्य दललाई विश्वासमा लिएर सरकार गठन हुन नसकेको भन्दै प्रश्न गरेका थिए । अरू दललाई विश्वासमा लिन सक्ने व्यक्ति मुख्यमन्त्री हुने संकेत उनले गरेका थिए । दलका उपनेता किरण थापा पनि मुख्यमन्त्रीका आकांक्षी छन् । थपलियाले आफ्नो कुरा राख्ने क्रममा असहज अवस्थामा पुगेका थिए । 'त्यसपछि मध्यपुर अस्पतालमा सामान्य उपचारपछि उहाँको वीर अस्पतालमा उपचार भइरहेको छ,' एमाले सांसद एकलाल श्रेष्ठले भने ।

थपलियाको स्वास्थ्यमा सुधार भएकाले सोमबार डिस्चार्ज भएपछि सरकार गठनको गृहकार्य हुने श्रेष्ठले बताए । 'मुख्यमन्त्रीमा जेएन (जगन्नाथ) नै अघि सार्ने पार्टीको निर्णय हो । अस्पतालबाट डिस्चार्ज भएपछि सरकार बनाउन छलफल हुनेछ,' उनले भने ।

मुख्यमन्त्रीका अर्का दाबेदार उपनेता थापालाई राप्रपाको समर्थन जुटाउने वार्ता गर्न एमाले सचिव महेश बस्नेतले अघि बढाएका थिए । थापाले राप्रपा संसदीय दलका नेता उद्धव थापासँग वार्तासमेत गरेका थिए ।

एमाले बागमती प्रदेश इन्चार्ज एवं पार्टी सचिव राजन भट्टराईले संसदीय दलको नेता थपलिया बिरामी भएपछि सरकार बनाउने प्रक्रिया रोकिएको बताए । 'उहाँलाई सन्चो भएपछि राप्रपालगायतसँग छलफल हुन्छ,' उनले भने ।

बागमतीमा एमाले र नेकपाको मात्र बहुमत पुग्दैन । प्रदेशसभामा १२ सिट भएको राप्रपाले समर्थन नगर्दा एमालेको भागमा परेको मुख्यमन्त्री अन्योलमा परेको छ । राप्रपा केन्द्रीय कार्यसमिति बैठकले एमाले र नेकपाको सरकारमा सहभागी नहुने निर्णय गरेको छ । प्रदेशसभामा राप्रपाको १२ सिट छ । 'बागमती सरकारमा नजाने राप्रपाले निर्णय गरेको छ । अध्यक्ष राजेन्द्र लिङ्देनले यसबारे स्पष्ट निर्देशन दिइसक्नुभएको छ,' राप्रपा प्रवक्ता मोहन श्रेष्ठले भने ।

राप्रपा बागमती प्रदेशसभा दल नेता उद्धव थापाले हाल केन्द्रको निर्णयविपरीत जान नसक्ने भए पनि बागमती प्रदेशमा स्थिर सरकार बनाउने विषयमा अध्यक्ष लिङ्देनले पुनर्विचार गर्ने अपेक्षा गरे । 'अध्यक्षले आफ्नो निर्णयमा पुनर्विचार नगरे पार्टीलाई क्षति पुग्न सक्छ,' उनले भने ।

एमाले नेतृत्वमा सरकार नबने के गर्ने भन्ने विषयमा नेकपाभित्र छलफल भइरहेको छ । तीन सिट रहेको नेपाल मजदुर किसान पार्टीलाई सभामुख पद लिएर समर्थन जुटाउने पनि छलफल सुरु भएको नेताहरूको भनाइ छ । सरकारमा नगए पनि सभामुख लिएर समर्थन गर्न एमाले-नेकपा गठबन्धनले प्रस्ताव गरेको हो । हाल एमालेकी अप्सरा चापागाईं कार्यवाहक सभामुख छिन् । राप्रपाबाट सभामुख भएका भुवन पाठकले राजीनामा दिएपछि उक्त पद खाली छ ।

नेकपा नेता गंगानारायण श्रेष्ठले राप्रपा सरकार बाहिर बस्ने अवस्थामा बहुमत पुऱ्याउन कठिन हुने बताए । 'एमाले-नेकपा गठबन्धनमा बहुमत पुगेन भने के गर्ने भन्ने प्रश्न छ,' उनले भने, 'त्यस्तो अवस्थामा अरू विकल्पमा छलफल हुन सक्छ ।'

एमालेको नेतृत्वमा बहुमत नपुग्ने सम्भावना रहेको भन्दै कांग्रेसले नेकपासँग संवाद सुरु गरेको छ । कांग्रेस सांसद कञ्चनचन्द्र बादेले एमालेको नेतृत्वमा सरकार बन्ने सम्भावना क्षीण भएको बताए । 'त्यसैले कांग्रेसको नेतृत्वमा सरकार बनाउन नेकपासँग छलफल भइरहेको छ,' उनले भने ।

कांग्रेसका मुख्यमन्त्री इन्द्र बानियाँले ३ भदौमा विश्वासको मत लिने तय भएको छ । एमालेले समर्थन फिर्ता लिएपछि उनले विश्वासको मत लिन लागेका हुन् ।

१ सय ४ सदस्य रहेको बागमती प्रदेशसभामा सरकार बनाउन ५३ सांसद चाहिन्छ । नेकपा र एमालेसँग ५१ सांसद छन् । कांग्रेसका ३६ सांसद छन् । एमालेकी अप्सरा चापागाईं उपसभामुख छन् । सभामुख पद रिक्त भएकाले कार्यवाहक सभामुख चापागाईंलाई मतदान गर्ने अधिकार छैन । एमाले-नेकपा गठबन्धनले राप्रपा र २ सिट भएको हाम्रो नेपाली पार्टीको समर्थन जुटाउने कसरत गरेको थियो । राप्रपाको साथ लिन नसके उपसभामुख चापागाईंलाई राजीनामा गराएर हाम्रो नेपाली पार्टीसहित बहुमत पुऱ्याउने रणनीति पनि उनीहरूको छ । तर मुख्यमन्त्री बानियाँले हाम्रो नेपाल पार्टीका शैलेन्द्रमान बज्राचार्यलाई भौतिक पूर्वाधारमन्त्रीमा नियुक्त गरी आफूतिर तानेका छन् ।

साउन ९ मा एमाले अध्यक्ष ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहालले प्रदेशहरूमा सत्ता गठबन्धन गर्ने सहमति गरेका थिए । एमालेले लुम्बिनी, बागमती, कोशी र नेकपाले सुदूरपश्चिम र कर्णालीमा मुख्यमन्त्री लिने सहमति छ । कर्णालीमा नेकपाका मंगलबहादुर शाही मुख्यमन्त्री नियुक्त भइसकेका छन् । शाहीले डेढ साता बितिसक्दासमेत मन्त्रिपरिषद् विस्तार गर्न सकेका छैनन् । अन्य प्रदेशमा सरकार पुनर्गठन बाँकी छ ।

सुदूरपश्चिममा नेकपाले खगराज भट्टलाई मुख्यमन्त्री बनाउने तयारी गरेको छ । कांग्रेसका मुख्यमन्त्री कमलबहादुर शाहले राजीनामा दिएपछि सरकार गठनको प्रक्रिया थाल्ने भट्टको भनाइ छ । लुम्बिनी र कोशीमा हालकै मुख्यमन्त्री क्रमशः चेतनारायण आचार्य र हिक्मतकुमार कार्की निरन्तर हुने भएका छन् ।

# सर्वोच्चमा कानुन...

कार्की नेतृत्वको समितिको प्रतिवेदनले न्यायाधीश संविधानबमोजिमको योग्यता पुगेको व्यक्ति हुनुपर्नेमा न्यूनतम योग्यता नपुगेका र अनुभवशून्य व्यक्ति पनि सिफारिसमा पर्ने गरेको औंल्याएको थियो ।

प्रतिवेदनमा कतिपय अवस्थामा नातावाद, कृपावाद, संरक्षणवाद र राजनीतिक भागबन्डाका आधारमा न्यायाधीश सिफारिस गर्ने परिपाटी रहेको पनि उल्लेख थियो । वरिष्ठता, अनुभव, विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमानदारी, निष्पक्षता, पेसागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा आर्जन गरेको ख्याति तथा न्याय र कानुनको क्षेत्रमा गरेको योगदानसमेतका दृष्टिकोणबाट उपयुक्त देखिए मात्र न्यायाधीश पदमा नियुक्त गर्न प्रतिवेदनले सुझाव दिएको थियो ।

संविधानको धारा १२९ उपधारा (५) मा योग्यतासम्बन्धी व्यवस्था छ । 'कानुनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष निरन्तर वकालत गरेको' हुनुपर्ने उल्लेख छ । कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्का रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेको नेपाली नागरिक पनि सर्वोच्चको न्यायाधीश पदमा नियुक्तिका लागि योग्य मानिने भनिएको छ ।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीशबाहेक बढीमा २० न्यायाधीश रहने संवैधानिक व्यवस्था छ । हाल १७ जनाले नियमित न्यायसम्पादन गरिरहेका छन् । न्यायाधीश तिलप्रसाद श्रेष्ठ क्यान्सरको उपचारका लागि लामो समयदेखि भारतमा छन् । नियमित अवकाशका लागि उनलाई पत्र गइसकेकाले अब सर्वोच्च अदालत फर्केर न्यायसम्पादन गर्ने छैनन् । सर्वोच्चमा करिब २५ हजार मुद्दा विचाराधीन छन् । यस हिसाबले एक न्यायाधीशको जिम्मामा करिब १ हजार ५ सय मुद्दा पर्छन् ।

न्याय परिषद्ले यसअघि २७ जेठ २०८२ मा सर्वोच्च अदालतको न्यायाधीशमा मेघराज पोखरेललाई सिफारिस गरेको थियो । त्यतिबेला एक पद रिक्त राखिएको थियो । त्यसयता प्रकाशमानसिंह राउत र कुमार चुडालले अवकाश पाएका छन् । चुडाल ९ कात्तिक २०८२ र राउत १८ चैत २०८२ मा अवकाशमा गएका हुन् ।

प्रधानन्यायाधीशमा सिफारिस भएपछि गत ५ जेठमा भएको संसदीय सुनुवाइका क्रममा शर्माले अदालतमा पद रिक्त हुनुअघि नै न्यायाधीश नियुक्ति गर्ने पद्धति बसाल्ने वाचा गरेका थिए । त्यही दिन संसदीय सुनुवाइबाट अनुमोदन भएर उनले प्रधानन्यायाधीशमा नियुक्ति पाएको डेढ महिना भइसकेको छ । तर न्यायाधीश नियुक्ति प्रक्रिया सुरु भएको छैन ।

न्याय परिषद् ऐन, २०७३ को दफा ४ को उपदफा (१) मा 'न्याय परिषद्ले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि नियुक्तिका लागि सिफारिस गर्नेछ' भनिएको छ ।

उपदफा (२) मा 'उमेरको हदबाट अवकाश भएकोमा बाहेक अन्य कारणबाट सर्वोच्च अदालतको न्यायाधीश पद रिक्त हुन आए न्याय परिषद्ले त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र नियुक्तिका लागि सिफारिस गर्ने' उल्लेख छ । तर कानुनी व्यवस्थाअनुसार बेलैमा न्यायाधीश नियुक्ति गर्ने अभ्यास बसेको छैन । कानुनबमोजिम बेलैमा न्यायाधीश सिफारिस हुन नसकेको विषय आफूहरूले उठाइरहेको न्याय परिषद्का एक सदस्यले बताए ।

प्रधानन्यायाधीश एवं परिषद्का अध्यक्ष शर्माले केही दिनभित्रै सबै तहका अदालतमा न्यायाधीश सिफारिसको तयारी भइरहेको बताए । 'न्यायाधीश सिफारिस छिट्टै हुन्छ । परिषद् र मैले तयारी गरिरहेका छौं,' उनले भने, 'सर्वोच्चबाटै नियुक्ति सुरु हुन्छ ।'

शर्मा प्रधानन्यायाधीश भएपछि परिषद्को बैठक भने बसिरहेको छ । बैठकले न्यायाधीशहरूको सरुवा र उजुरी फछ्र्योट गरिरहेको न्याय परिषद्का निमित्त सचिव रामप्रसाद भट्टराईले जानकारी दिए । गत शुक्रबार बसेको परिषद् बैठकले चार न्यायाधीशको काज सरुवा गरेको थियो भने २० उजुरी फछ्र्योटको निर्णय गरेको थियो ।

परिषद्का एक सदस्यले सर्वोच्चको न्यायाधीश सिफारिसको एजेन्डासहित केही दिनमै बैठक बस्ने तयारी रहेको बताए । 'परिषद्ले सर्वोच्चदेखि उच्च अदालतसम्म न्यायाधीश सिफारिस गर्न संविधानले तोकेको योग्यता पुगेकाहरूको रोस्टर तयार पारिरहेको छ,' उनले भने ।

## सर्वोच्चको न्यायाधीशमा जो चर्चामा छन्

सर्वोच्चमा रिक्त चार न्यायाधीशका लागि नौ जनाको नाम चर्चामा छ । जसमा उच्च अदालतका मुख्य न्यायाधीशबाट राजनप्रसाद भट्टराई, लालबहादुर कुँवर, रत्नबहादुर वागचन्द, हरिप्रसाद भण्डारी र राजेश्वर तिवारी छन् । त्यस्तै उच्च अदालतका न्यायाधीशहरूबाट दिनेशप्रसाद यादव, कृष्णलाल भट्टराई, यमुना भट्टराई, टेकनारायण कुँवर र चन्द्रबहादुर सारु चर्चामा छन् । उनीहरूमध्ये यादव दिपायल र कुँवर उच्च अदालत जनकपुरमा कायममुकायम मुख्य न्यायाधीश छन् । कृष्णलाल भट्टराई धनकुटा उच्च अदालतमा कार्यरत छन् । यमुना भट्टराई उच्च अदालत बागलुङ इजलास र सारु उच्च अदालत पाटनमा कार्यरत छन् ।

हाल उच्च अदालतमा पनि दुई मुख्य न्यायाधीश तथा पाँच न्यायाधीशको पद रिक्त छ । 'करिअर जज' बाट सर्वोच्च अदालत हुँदै न्यायाधीश नियुक्ति गर्दा उच्च अदालतमा थप पद रिक्त हुनेछ । उच्च अदालतको मुख्य न्यायाधीश पदमा पनि अन्तिम पटक २७ जेठ २०८२ मै सिफारिस गरिएको थियो । त्यतिबेला न्याय परिषद्ले श्रीकान्त पौडेल (जनकपुर) र शान्तिसिंह थापा (दिपायल) लाई सिफारिस गरेको थियो । उनीहरू दुवै सर्वोच्च अदालतको न्यायाधीश भइसकेका छन् ।

संविधानको धारा १४० मा 'कानुनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानुनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताका रूपमा कम्तीमा १० वर्ष निरन्तर वकालत गरेको' व्यक्ति उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश हुन सक्ने उल्लेख छ । कम्तीमा दस वर्ष कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्यायसम्बन्धी कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको नेपाली नागरिक पनि उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिने भनिएको छ ।

जिल्ला न्यायाधीशको हकमा उपधारा (३) मा अलग्गै व्यवस्था छ । 'निजले वार्षिक रूपमा फैसला गरेको मुद्दाको अनुपात र माथिल्लो अदालतमा अन्तिम निर्णय हुँदा मुद्दा सदर, बदर वा उल्टी भएको मूल्यांकनका आधारमा, न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको व्यक्तिको हकमा ज्येष्ठता, योग्यता र कार्यसम्पादनको स्तरको मूल्यांकनका आधारमा,' उक्त उपधारामा भनिएको छ, 'र अन्यको हकमा वरिष्ठता, व्यावसायिक निरन्तरता, इमानदारी, पेसागत आचरण र न्याय र कानुनको क्षेत्रमा गरेको योगदानको मूल्यांकन गरी नियुक्ति गरिनेछ ।'

उच्च अदालतमा मुख्य न्यायाधीश र न्यायाधीश पद रिक्त भएको तीन महिनाभित्र नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था न्याय परिषद् ऐनमा छ । तर यो व्यवस्था पनि पालना हुने गरेको छैन ।

उच्च अदालतको न्यायाधीशमा नेपाल बार एसोसिएसनलाई पनि केही कोटा दिने गरिएको छ । न्याय सेवा, कानुन र सरकारी वकिलका कर्मचारी, जिल्ला न्यायाधीश र नेपाल बारको सिफारिसमा पर्नेहरूबाट उच्चमा न्यायाधीश नियुक्ति गर्ने अभ्यास छ ।

उच्च अदालतमा सिफारिसका लागि सर्वोच्चका मुख्य रजिस्ट्रार विमल पौडेल, रजिस्ट्रार भद्रकाली पोखरेल, गजेन्द्रबहादुर सिंह, ठगेन्द्र कटेल र बाबुराम दाहालको नाम चर्चामा छ । सरकारी वकिल समूहबाट नायब महान्यायाधिवक्ताहरू लोकराज पराजुली, उद्धवप्रसाद पुडासैनी र ध्रुव चौहानको चर्चा छ । सहन्यायाधिवक्ताबाट अच्युतमणि ढकाल, सन्देश श्रेष्ठ, ईश्वरी ढकाल र दिनेश घिमिरेको पनि सम्भावना छ ।

कानुन समूहबाट कानुन सचिव पाराश्वर ढुंगाना, प्रधानमन्त्री कार्यालयका कानुन सचिव पुष्कर सापकोटा, सत्य निरूपण तथा मेलमिलाप आयोगकी सचिव निर्मला अधिकारी भट्टराई र कानुन आयोगकी सचिव इन्दिरा दाहाल भट्टराईको नाम पनि चर्चामा छ । जिल्ला न्यायाधीशबाट भुवनसिंह थापा, वासुदेव पौडेल, उपेन्द्रप्रसाद गौतम, रामप्रसाद शर्मा, शुभाषबाबु पुरी, नवराज दाहाल, हिमलाल बेलबासे, श्रीप्रसाद उप्रेती र मातृका आचार्य चर्चामा छन् ।

# एक महिनामै जापानिज...

जेई संक्रमणको उच्च जोखिमको मौसम अझै सुरु हुन बाँकी रहेकाले आगामी दिनमा मृत्यु हुनेको संख्या बढ्न सक्ने सरकारी अधिकारीहरू बताउँछन् । 'पानी परिरहेकाले आउने दिनमा जेई संक्रमण अझ बढ्न सक्छ किन भने वर्षाको समयमा जेई संक्रमण बढ्ने गर्दछ,' स्वास्थ्य सेवा विभागअन्तर्गतको परिवार कल्याण महाशाखाको खोप शाखाका प्रमुख डा. अभियान गौतमले भने, 'यो संक्रमणबाट बच्न सबैले सावधानी अपनाउनुपर्छ । घरवरिपरि सफा राख्नुपर्छ । लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू अपनाउनुपर्छ ।'

गत वर्ष पनि जेई संक्रमणबाट कम्तीमा ४१ जनाको मृत्यु भएको थियो भने १४१ जना संक्रमित भएका थिए । संक्रमण ४५ भन्दा बढी जिल्लाका ११७ भन्दा बढी स्थानीय तहमा फैलिएको थियो । संक्रमणबाट हुने मृत्युदर करिब २३ प्रतिशत थियो । त्यस्तै २०८१ मा काठमाडौं उपत्यकाका एक जनासहित २३ जनाको जेई संक्रमणबाट मृत्यु भएको थियो भने कम्तीमा ८० जना संक्रमित भएका थिए । अधिकारीहरूका अनुसार यो वर्ष पनि संक्रमितमध्ये करिब २० प्रतिशतको मृत्यु भएको छ ।

नेपालमा करिब १ करोड २५ लाख जना जेई संक्रमणको उच्च जोखिममा रहेको मानिन्छ । गत वर्षको तथ्यांकअनुसार जेईबाट मृत्यु भएका ७६ प्रतिशत व्यक्ति ४० वर्षभन्दा माथिका थिए । त्यस्तै, संक्रमितमध्ये करिब ७० प्रतिशत १५ वर्षभन्दा माथिका थिए । यसले पनि खोप नलगाएको जनसंख्या संक्रमणको उच्च जोखिममा रहेको पुष्टि गर्छ ।

संक्रमणबाट पश्चिम नवलपरासीमा पनि एक जनाको मृत्यु भएको छ । पश्चिम नवलपरासीमा केही महिना अघि मात्र जापानी इन्सेफ्लाइटिसविरुद्ध खोप अभियान सञ्चालन गरिएको थियो । स्वस्थ्य अधिकारीहरूका अनुसार अभियानका क्रममा ७७ प्रतिशत नागरिकले मात्र खोप लगाएका थिए र मृत्यु हुने व्यक्तिले खोप लगाएका थिएनन् । विज्ञहरूका अनुसार खोप नलगाएकाहरू जेई संक्रमणबाट गम्भीर बिरामी हुने तथा मृत्यु हुने उच्च जोखिममा रहन्छन् । जेईले मस्तिष्क र स्नायु प्रणालीमा दीर्घकालीन रूपमा गम्भीर क्षति पुऱ्याउन सक्छ । संक्रमणको कुनै विशेष उपचार नभएकाले चिकित्सकहरू लक्षणअनुसारको उपचार गर्ने गर्छन् ।

> **गत वर्ष जेईबाट मृत्यु भएका ७६ प्रतिशत व्यक्ति ४० वर्षभन्दा माथिका थिए, संक्रमितमध्ये करिब ७० प्रतिशत १५ वर्षभन्दा माथिका थिए**

खोप विज्ञहरू तथा राष्ट्रिय खोप सल्लाहकार समितिका सदस्यहरूले खोप नलगाएका सबैलाई जेई खोपको एक मात्रा लगाउन सिफारिस गरेका छन् । उनीहरूका अनुसार खोप नलगाएका व्यक्तिहरू संक्रमित हुने, गम्भीर बिरामी पर्ने र मृत्युको उच्च जोखिममा रहन्छन् । विज्ञहरूका अनुसार गत वर्षको तथ्यांकले पनि जेई संक्रमणबाट मृत्यु भएका वा गम्भीर असर भोगेका अधिकांश व्यक्ति खोप नलगाएको समूहका छन् ।

गत वर्ष ४१ जनाको मृत्यु भएपछि पनि सरकारका तर्फबाट जेई संक्रमण नियन्त्रण र रोकथामका कुनै पनि उपाय अवलम्बन गरिएन । संक्रमण र मृत्यु रोक्न खोप नै एक मात्र प्रभावकारी उपाय मानिन्छ । सरकारी अधिकारीहरू जोखिममा रहेका सबैलाई खोप लगाउन सरकारसँग पर्याप्त बजेट नभएको बताउँछन् ।

'जेई संक्रमणबाट हुने मृत्यु, दीर्घकालीन अपांगता र संक्रमण रोक्न खोप सुरक्षित र प्रमाणित उपाय हो भन्ने हामीलाई थाहा छ,' गौतम भन्छन्, 'एक मात्रा खोपबाटै हाम्रो जनसंख्यालाई जोगाउन सकिन्छ भन्ने पनि हामीलाई थाहा छ । तर स्रोतको अभावका कारण एकैपटक सम्पूर्ण जनसंख्यालाई खोप लगाउन सक्ने अवस्था छैन । संक्रमण दर अत्यधिक भएका नवलपरासी पूर्व र चितवनका केही वडामा मात्र खोप अभियान सञ्चालन गर्न सक्यौं ।'

सरकारले जेईको उच्च जोखिम रहेका ११ जिल्लामा खोप अभियान सञ्चालन गर्न यो वर्ष ४६ करोड रुपैयाँ विनियोजन गरेको छ । जेई खोप अभियानका लागि चितवन, कैलाली, तनहुँ, दाङ, झापा, कपिलवस्तु, मोरङ, रूपन्देही, सुनसरी, रौतहट र सर्लाही छनोट गरिएका छन् । यी जिल्लामा जेईका कारण बिरामी हुने र मृत्यु हुने दर सबैभन्दा बढी देखिएको छ । तर खोप खरिद र आपूर्ति प्रक्रियामा समय लाग्ने भएकाले खोप अभियान आगामी वैशाखअघि सुरु नहुने अधिकारीहरूले बताएका छन् । जेई खोप औषधि पसलबाट खरिद गर्न सकिने भए पनि यो महँगो पर्छ । जसका कारण जोखिममा रहेका धेरैले आफ्नै खर्चमा खोप खरिद गर्न सक्ने अवस्था नरहेको विज्ञहरू बताउँछन् ।

नेपालमा जेई संक्रमण नयाँ होइन । केही दशकअघि नै यो भाइरसले सयौंको ज्यान लिएको थियो । सन् २००५ मा मात्रै नेपालमा जेई संक्रमणबाट करिब दुई हजार जनाको मृत्यु भएको थियो । तीमध्ये अधिकांश तराईका जिल्लाका बालबालिका थिए । संक्रमण र उच्च मृत्यु दरका कारण विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले खोपलाई औपचारिक रूपमा 'प्रिक्वालिफिकेसन' प्रमाणपत्र दिनुभन्दा आठ वर्षअघि नै नेपालले सन् २००६ देखि नै जेई खोप लगाउन सुरु गरेको थियो । पछि दाता तथा विश्वव्यापी स्वास्थ्य साझेदारहरूको सहयोगमा खोप कार्यक्रम विस्तार गरिएको थियो । नेपालले जेईविरुद्धको खोपलाई नियमित खोप कार्यक्रममा समावेश गरेको छ । र, सरकारी स्वास्थ्य संस्थामार्फत बालबालिकालाई निःशुल्क लगाइने गरिएको छ ।

विज्ञहरूका अनुसार जेईबाट हुने बिरामी र मृत्यु रोक्न प्रभावकारी रहेको खोपको कम्तीमा एक मात्रा सबैले लगाउनुपर्छ । 'जेई संक्रमणका कारण मृत्यु र अपांगताको दर उच्च रहेकाले सम्बन्धित निकायले खोप नलगाएको जनसंख्याका लागि खोपको व्यवस्था गर्नुपर्छ,' स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक डा. श्यामराज उप्रेतीले भने, 'खोप नलगाएका जनसंख्यालाई छुटेका अवसरका रूपमा लिएर खोप अभियान सञ्चालन गर्नुपर्छ ।'

खोप विज्ञसमेत रहेका उप्रेतीले संक्रमणबाट भइरहेको मृत्यु र अपांगता रोक्ने प्रभावकारी उपाय खोप नै रहेको बताए । संक्रमण विस्तार हुन नदिन र समयमै नियन्त्रण गर्न सरसफाइ तथा व्यवहार परिवर्तनका लागि सचेतना अभियान पनि सञ्चालन गर्नुपर्ने उप्रेतीको भनाइ छ ।

सरकारी अधिकारीहरूका अनुसार सचेतना अभियान सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्छ । तर, संघ, प्रदेश र स्थानीय तहबीच उचित समन्वय नहुँदा रोकथामका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् । धेरै स्थानीय तहले त आफूहरूलाई भाइरसको प्रकोपबारे समेत जानकारी नहुने गुनासो गर्ने गरेका छन् ।


**NMIC** **Nepal Micro Insurance Company Ltd.**
Head Office: Maharjan Complex, Bharatpur-1, Chitwan
Province Office: Mahamati Bhawan, Gairidhara, Naxal-1, Kathmandu
Email: Info@nepalmicro.com, Website: www.nepalmicro.com

**Vacancy Announcement**

**Nepal Micro Insurance Company Ltd. (NMIC),** Nepal's First Non Life Micro Insurance Company, invites applications from highly qualified, dynamic, energetic and result oriented Nepali citizens for the following positions:

**Open Positions :**
- Chief Marketing Officer (CMO) - 1 Position
- Chief Financial Officer (CFO) - 1 Position
- Province Head - Marketing - 5 Positions
- Marketing Staff (Assistant to Officer Level) - Few
- Assistant IT Department - 1 Position

**Key Requirements :**
- Relevant academic qualifications
- Experience in insurance, banking, or financial institutions preferred
- Strong communication skill in Nepali and English
- Leadership, and teamwork skills
- Fresh graduates may apply for Marketing Staff positions
- Compute knowledge - MS Office

**Duty Location:** Kathmandu & Provincial Offices
**Apply Now:** Interested candidates are requested to submit their CV, cover letter, recent photograph, and supporting documents to:
**Email:** hr@nepalmicro.com
**Deadline:** Within 15 days from the date of publication.
Please visit our website for detailed eligibility and vacancy details.
**Note:** Only shortlisted candidates will be called for the further selection process. The company reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.

**Human Resource Department**

# बार्सिलोना आएपछि मेसी कोठामा एक्लै रुन्थे, उता बुबा पनि उसैगरी रुन्थे

रोसारियो (एपी)- विश्वकप २०२६ मा लियोनल मेसीको अर्जेन्टिना उपविजेता रह्यो । लिग चरणमा अल्जेरियाविरुद्धको खेलपछि उनी असाध्यै भावनात्मक देखिएका थिए । उनले त्यस खेलमा तीन गोल पनि गरेका थिए । पछि उनले आफू रुनु पछाडिको कारण पनि खुलाउँदै भनेका थिए, यो खेलसँग सम्बन्धित भने होइन ।

उनी भन्थे, 'पछिल्ला केही दिन मेरा लागि असाध्यै कठिन रहेको छ । मलाई केही नहोस् भनेर कामना गरिरहेका सबैलाई धन्यवाद छ ।' अब त्यसको वास्तविक कारण खुलेको छ, मेसीका बुबा होर्हे मेसी शनिबार रहेनन्, ६८ वर्षको उमेरमा । उनको अर्जेन्टिनी सहर रोसारियोको एक स्थानीय अस्पतालमा निधन भएको थियो ।

सबैले बुबा मेसीको निधनमा श्रद्धाञ्जली दिइरहेका छन् र स्वयं छोरा मेसी आफ्नो बुबाको अन्त्येष्टिमा भाग लिन अमेरिकाको मायामीबाट आफ्नो घर पुगिसकेका छन् । रोसारियोकै एथलेटिको नेवेल्स ओल्ड ब्वाइजले औपचारिक रूपमा बुबा मेसीको निधनको पुष्टि गरेको थियो ।

सामाजिक सञ्जालमा क्लबले लेखेको छ, पछिल्लो समय उनको उपचार चलिरहेको थियो तर रोग के थियो, त्यो खुलाएको छैन । क्लबले मेसी परिवारमा उनी खम्बाका रूपमा रहेको पनि बताएको छ । उनकै कारण छोरा मेसीको खेल जीवनले अहिलेको रूप लिएको पनि भनेको छ । दक्षिण अमेरिकी फुटबल महासंघ कोनमेबोलले पनि बुबा मेसीको निधनमा गहिरो शोक प्रकट गरेको छ । पछि मेसीको परिवारले पनि होर्हेको निधन स्वास्थ्य कारणले भएको जनाएको थियो ।

परिवारले भनेको छ, 'कसैको पनि स्वास्थ्य र मानसिक स्थितिबारे अनुमान गर्न ठीक हुन्न । यसमा मिडियाले पनि धेरै अनावश्यक ध्यान दिन हुन्न । यो नितान्त निजी र पारिवारिक कुरा मात्रै हो ।' होर्हे रासायनिक प्राविधिक थिए र एक स्टिल कारखानामा काम गर्थे । युवा उमेरमा उनी पनि फुटबल खेल्थे र मिडफिल्डरको भूमिकामा हुन्थे । उनले नेवेल्स ओल्ड ब्वाइजको युवा टिमसम्म खेले तर पछि अर्जेन्टिनाको अनिवार्य सैन्य सेवाका लागि फुटबल छाड्नुपरेको थियो । अहिले उनको धेरै चर्चा चल्नु र मिडियामा पनि ठूलो महत्त्वपूर्ण स्थान पाउनुको कारण रहेको छ, छोरा मेसीले खेल जीवनमा खेलेको निर्णायक भूमिका । उनले आफ्नो छोराको एजेन्ट मात्र भएर काम गरेनन्, उनको खेल जीवनका सबै व्यावसायिक पाटो पनि हेरे । सन् २००० को सुरुतिर मेसीले अर्जेन्टिना छाडेर बार्सिलोना लाग्दा बुबा पनि सँगै गएका थिए । मेसीले बार्सिलोनामा 'ट्रायल' दिँदा उनी पनि सँगै थिए ।

त्यसमा सफल भएपछि मात्र मेसी बार्सिलोनाको एकेडेमी ला मासियामा जोडिएका थिए । २००५ मा मेसीले बार्सिलोनाका लागि व्यावसायिक डेब्यु गरे र पछि आठपल्ट बेलन डे'अर अवार्ड जिते । मेसीकै नेतृत्वमा अर्जेन्टिनाले सन् २०२२ को विश्वकप जितेको थियो । सन् २००७ मा रेडिया डेल प्लाटालाई दिएको अन्तर्वार्तामा मेसीले भनेका थिए, 'बुबा सधैं मसँग हुने गर्नुहुन्छ । बार्सिलोना आएयता म एक्लै कोठामा रुने गर्थें ।'

उनले भन्थे, 'बुबा पनि मबिना यस्तै कोठामा एक्लै रुनुहुन्थ्यो । तर दुवैले एकअर्कालाई भेट्दा आफू ठीक भएको नक्कल गर्थ्यौं । उहाँले गाह्रो समयमा मलाई के गर्ने हो भनेर पनि सोध्नुभएको थियो । उहाँले आफू घर फर्किने अथवा बार्सिलोनामै रहने हो भनेर पनि सोध्नुभयो । पछि उहाँ स्पेनमै बस्नुभयो ।'








**रोसारियोको इल पार्डोमा प्रशंसकले राखेको लियोनल मेसीको जर्सी र 'स्टे स्ट्रङ' लेखिएका ब्यानरहरू । आइतबार यहीं मेसीको बुबाको अन्त्येष्टि गरिएको थियो । बुबाको अन्त्येष्टिका लागि अर्जेन्टिना पुगेपछि हवाईजहाजबाट बाहिर निस्किँदै । र, उनका बुबा होर्हे मेसी ।** **तस्बिर** : एएफपी

बार्सिलोनासँग जति पनि अनुबन्ध भए र नवीकरण भए, ती सबै बुबा मेसीले नै गरेका थिए ।

पछि मेसीको पेरिस सेन्ट जर्मेन (पीएसजी) र इन्टर मियामीको स्थानान्तरमा पनि बुबाको ठूलो भूमिका रह्यो । मेसीको रियल स्टेट, होटल र रेस्टुरेन्टमा ठूलो मात्रामा लगानी छ र यस पछाडि पनि बुबाकै हात रहेको छ । २०१३ मा मेसी बुबा-छोरामाथि स्पेनमा कर छलेको आरोप पनि लागेको थियो । यसै क्रममा उनीहरूले ६६ लाख डलर जरिवाना पनि तिरेका थिए । रोसारियोमा उनीहरूको महँगो रेस्टुरेन्ट पनि रहेको छ ।

त्यो भने शनिबार एक दिनका लागि बन्द रह्यो । अर्जेन्टिनी राष्ट्रपति क्लाडियो टापिएले पनि बुबा मेसीको निधनमा श्रद्धाञ्जली व्यक्त गर्दै भनेका छन्, उनले त्यस्ता खेलाडीलाई हुर्काएका छन्, जसलाई विश्व फुटबलकै महान् खेलाडी मात्र मानिन्न, उनी उत्तिकै भलाद्मी, सम्मान दिन जान्ने र अरूलाई उत्तिकै सहयोग गर्ने खालका छन् । अर्जेन्टिनी फुटबल संघकै अनुरोधमा शनिबार जति पनि खेल भएका छन्, ती सबैमा एक मिनेट मौन धारण गरिएको थियो । यस्तै सबै खेलाडी, प्रशिक्षक र रेफ्रीले कालोपट्टी हातमा बाँधेका थिए ।

# तेक्वान्दोमा चार स्वर्ण




**कान्तिपुर संवाददाता** (काठमाडौं)

चीनको नानजिङमा भएको तेक्वान्दो ग्रान्डस्लाम युथ लिग फाइनल्समा नेपाली खेलाडीले विभिन्न स्पर्धामा ४ स्वर्ण, ५ रजत र ६ कांस्य गरी १५ पदक जितेका छन् । उनिका पौडेल, आदिश विष्ट, प्रिशा ज्ञवाली र अफेस खत्रीले स्वर्ण जितेको काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीले जनाए ।

लोचनी भट्टराई, सिबेन सुब्बा, शाश्वत निरौला, अभिषेक दल्लाकोटी र आवश्यक विष्टले रजत हात पारे । सर्वम महतरा, सव्यम महतरा, प्रिशा ज्ञवाली, आराध्य खरेल, गौतम श्रेष्ठ र अनिश अधिकारीले कांस्य प्राप्त गरे । टोली प्रशिक्षकमा पुजन खड्का रहेका छन् ।

# एन्जल्स हार्टको विजयी सुरुआत

काठमाडौं (कास)- एन्जल्स हार्ट नेसनल स्कुलले जुनियर क्रिकेट लिग (जेसीएल) सिजन २ मा विजयी सुरुआत गरेको छ । एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा नेपाल प्रिमियर लिग (एनपीएल) टोली काठमान्डु गोर्खाजको सहयोगमा भएको प्रतियोगिताको उद्घाटन खेलमा एन्जल्स हार्टले आइतबार त्रिलोक विद्यालयलाई ४१ रनले पराजित गर्‍यो ।



मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा भइरहेको टी-१० इन्डोर क्रिकेटको अन्य खेलमा एन्जल्स हार्ट माविले पारामाउन्ट एकेडेमीलाई ४५ रन, डिएभी (रातो) ले नवोदित विद्या कुञ्जलाई ६६ रन, द सेलिब्रेसन को-एडले भ्याली पब्लिकलाई १७ रन र चेल्सी वर्ल्ड स्कुलले मानसिंह धर्मलाई ५ विकेटले हराए ।

त्यस्तै नेरिक एकेडेमीले एसिया प्यासिफिकलाई ३७, डीएभी 'नीलो' ले श्री गम्भीर समुन्द्र सेतु माविलाई ५१ र सत्य साई शिक्षा सदनले हिमालयन ह्वाइटहाउसलाई ११ रनले पाखा लगाए । प्रतियोगिताको बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री शैलेन्द्रमान वज्राचार्यले उद्घाटन गरे । सो अवसरमा एन्जल्स हार्ट फाउन्डेसनका अध्यक्ष लिलबहादुर पुन, एन्जल्स हार्ट नेसनल स्कुलका प्रिन्सिपल टकबहादुर थापा, काठमान्डु गोर्खाजका क्रिकेट निर्देशक शरद भेषावकर, एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरका अध्यक्ष खिम थापालगायतको उपस्थिति रहेको थियो ।

# ग्रिनफिल्डर र न्यु जेनिथलाई सफलता

काठमाडौं (कास)- आयोजक ग्रिनफिल्ड र न्यु जेनिथले १३ औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा आइतबार जित हात पारेका छन् । बाफलस्थित घरेलु कोर्टमा ग्रिनफिल्डले अद्बित्यलाई १४-६ तथा न्यु जेनिथले जेसिसलाई ९-७ ले पराजित गरे । ग्रिनफिल्डकी रेजिना गुरुङले ६ तथा न्यु जेनिथकी लोसाङ थिङले ३ अंक स्कोर गरे ।

सिनियर गर्ल्समै भ्याली पब्लिकले अरुणीलाई २७-२ र काठमाडौं भ्याली, स्युचाटारलाई ३१-२ तथा इडेन ब्रिज एकेडेमी (ईबीए) ले आर्यालाई २६-१० ले हराए । भ्याली पब्लिककी सेलिना गुरुङले अरुणीविरुद्ध १० तथा काठमाडौं भ्यालीविरुद्ध १२ स्कोर गरिन् । ईबीएकी मेनुका मगरले ९ अंक बटुलिन् ।

# जैब सुदूरपश्चिम फर्किए



काठमाडौं (कास)- सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल) २०२६ का लागि इंग्ल्यान्डका अलराउन्डर सेफ अली जैबलाई आफ्नो पहिलो विदेशी खेलाडीका रूपमा अनुबन्ध गरेको छ । यसका साथै जैब तेस्रो संस्करणमा पुनः सदूरपश्चिम फर्किने भएका छन् ।

जैबले दुई वर्षअघि पहिलो सिजन सुदूरपश्चिमबाटै खेल्दै टोलीलाई फाइनलमा पुर्‍याएका थिए । सो क्रममा उनी एनपीएलको पहिलो संस्करणमा समेत प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भएका थिए । उनले ९ खेलमा २ अर्धशतकसहित २ सय ७५ रन बनाउनुका साथै १२ विकेट लिएका थिए ।

तर गत वर्ष उनी चितवन राइनोज गएका थिए । उनले व्यक्तिगत रूपमा राम्रो प्रदर्शन देखाउन सकेका थिएनन् । तेस्रो सिजनका लागि जैब पुनः सुदूरपश्चिम फर्किएका छन् । गत सिजन पनि सुदूरपश्चिम फाइनल पुगेको थियो । जैबले इंग्ल्यान्डको घरेलु क्रिकेटमा निरन्तर प्रभावशाली प्रदर्शन गर्दै आएका छन् । बायाँहाते ब्याटर जैबले टी-२० क्रिकेटमा १ सय १२ खेलबाट १ हजार ७ सय ९२ बनाएका छन्, जसमा उनको स्ट्राइक रेट १४० भन्दा माथि छ ।

भाइटालिटी ब्लास्टमा मात्रै उनले १ हजार ६ सयभन्दा बढी रन बनाइसकेका छन् । देब्रेहाते बलरका रूपमा समेत प्रभावशाली रहेका जैबले टी-२० क्रिकेटमा २३ विकेट लिएका छन् । जैबले हालै भाइटालिटी ब्लास्ट र द हन्ड्रेडमा समेत सहभागिता जनाएका छन् र उत्कृष्ट लयमा रहेका छन् ।

'म फेरि आफ्नो घरमा फर्कन पाउँदा निकै खुसी छु र नेपालमा आएर फेरि खेल्न निकै उत्साहित छु,' जैबले सुदूरपश्चिमको विज्ञप्तिमा भनेका छन् । सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले जैबको पुनरागमनले टोलीलाई थप बलियो बनाउने विश्वास व्यक्त गरेका छन् ।

'जैबलाई फेरि टोलीमा स्वागत गर्न पाउँदा हामी निकै खुसी र उत्साहित छौं, नेपाली कन्डिसनमा म्याच विनरका रूपमा आफूलाई प्रमाणित गरिसकेका जैबबाट यस पटक पनि पहिलो संस्करणकै जस्तै योगदानको अपेक्षा गरेका छौं । पहिलो उपाधि जित्ने हाम्रो लक्ष्यमा उनको भूमिका महत्त्वपूर्ण हुनेछ भन्ने विश्वास लिएका छौं,' खड्काले भने ।

सुदूरपश्चिमले कप्तान दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, आरिफ शेख, इशान पाण्डे, अविनाश बोहरा, हेमन्त धामी र हिक्मत महरालाई रिटेन गरेको थियो भने अक्सनबाट दीपक बोहरा, मिलन बोहरा, टेक रावत, अनिल खरेल, सचिन भट्ट र आयुव चन्दलाई टोलीमा भित्र्याएको छ ।

# फेरि एकपल्ट बार्सिलोना र रियलकै भिडन्त

म्याड्रिड (एपी)- विश्वकप २०२६ को चर्चा सेलाउन पाएकै छैन, स्पेनमा ला लिगाको नयाँ सिजन सुरु हुने समय आइसकेको छ । शनिबारदेखि लिग सुरु हुनेछ र फेरि एकपल्ट उपाधि कसले जित्ने छ भन्ने होडमा केन्द्रित हुनेछन्, तिनै बार्सिलोना र रियल म्याड्रिड ।

जहाँ बार्सिलोना लगातार तेस्रो सिजन लिग जित्ने अभियानमा हुनेछ, त्यही रियलका कारण उसलाई रोक्ने हुनेछ । पछिल्लो सिजन बार्सिलोनाले प्रशिक्षक हान्सी फ्लिकको नेतृत्वमा तीन चरणको खेल बाँकी छँदै हात पारेको थियो । एल क्लासिकोमा रियललाई २-० ले हराएपछि बार्सिलोनाले नै लिग उपाधि चुम्ने निश्चित भएको थियो । यो लगातार दोस्रो सिजन लिग उपाधि जितेको अवसर मात्र थिएन, २९ औं पल्ट लिग च्याम्पियन भएको घटना पनि थियो ।

बार्सिलोनाको सफल लिग यात्रामा नायक रहे, १८ वर्षीय विन्गर लामिन यामल । उनले १६ गोल मात्र गरेनन्, ११ अन्य गोलमा सहयोगी भूमिका पनि निभाए । उनी नै लिगका उत्कृष्ट खेलाडी पनि चुनिए । चोटका कारण पूरा सिजन खेल्न नसके पनि उनले लगातार दोस्रो सिजन यो व्यक्तिगत अवार्ड जितेका हुन् ।

फ्लिकले यसपछि बार्सिलोनामा थप दुई वर्ष रहनका लागि नयाँ अनुबन्ध पनि गरेका छन् । यामलको प्रदर्शन अझ परिस्कृत हुने क्रममा रहेको हुनाले बार्सिलोना फेरि एकपल्ट लिग उपाधिका लागि बलियो प्रत्याशी बनेका छन् । बार्सिलोनाले लगातार तेस्रोपल्ट लिग जित्न सक्छ भने त्यो पेप ग्वार्डिओलाको नेतृत्वमा सन् २००८ देखि २०११ को स्वर्णिम समयका पुनरावृत्ति हुनेछ ।



**रियल म्याड्रिडका प्रशिक्षक जोसे मोउरिन्हो ।**
**तस्बिर** : एएफपी

बार्सिलोनाको यो सबै अभियानलाई रोक्नका लागि रियलको जिम्मेवारी सुम्पिएको छ, जोसे मोउरिन्होलाई । उनी १३ वर्षपछि फेरि रियलमा फर्केका छन् । बर्नाबाउले पछिल्ला दुई सिजन कुनै पनि उपाधि जित्न सकेको छैन, त्यसैले फेरि उपाधि जित्ने क्रमलाई अगाडि बढाउन पनि मोउरिन्होलाई फिर्ता ल्याइएको हो ।

मोउरिन्हो आउने निश्चित भइसकेपछि रियल पछिल्लो समय खेलाडी स्थानान्तरमा केही व्यस्त पनि रह्यो । रियलले नयाँ खेलाडीका रूपमा मार्क कुकुरेला, बर्नान्डो सिल्भा, डेन्जेल डुमफ्राइज र इब्राहिम कोनाटेलाई भित्र्याएको छ नै, भिनिसिय जुनियरसँग पनि नयाँ अनुबन्ध गरेको छ । अब यी ब्राजिली खेलाडी सन् २०३२ सम्म रियलमै रहने छन् ।

यति भन्दाभन्दै पनि रियलका अध्यक्ष फ्लोरेन्टिनो पेरेजका लागि आफ्नो 'गालाकटिकोज' टिममा अनुशासन कायम राख्ने चुनौती हुनेछ । उनका लागि प्रशिक्षक मोउरिन्हो र भिनिसियसबीचको सम्बन्धलाई लिएर पनि चिन्ता रहनेछ । गत सिजन मोउरिन्हो बेनफिकाका प्रशिक्षक हुँदा भिनिसियससँगको सम्बन्ध चिस्सिएको थियो ।

मोउरिन्होको रियलमा अन्तिम सिजनमा क्लबले उपाधि जितेपछि उनकै उपाधि जित्न सक्ने क्षमतालाई लिएर पनि प्रश्न रहनेछ । उनी आधुनिक फुटबलका नयाँ रणनीति अगाडि पुराना सावित भइसकेका छन् र उनको प्रशिक्षक खेल जीवन ओरालो लागेको छ । यस्तोमा बार्सिलोनाका लागि मोउरिन्हालाई फेरि एकपल्ट असफल सावित गरेर लिग जित्नुको मज्जा बेग्लै हुनेछ ।






**म्यानचेस्टर सिटीका ओमार मारमोस आइतबार दक्षिण कोरियाको सोलमा एट्लेटिको म्याड्रिडविरुद्धको मैत्रीपूर्ण खेलमा गोल गरेपछि रिको लुइससँगै । मारमोसले दुई गोल गरेपछि सिटीले सो खेल ३-१ ले जितेको थियो ।** **तस्बिर** : एएफपी

**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रधानसम्पादक : **गोकर्ण अवस्थी**